"जहाँ समस्या, त्यहि मधेशी आयोग"
"वहुआयामिक समृद्धि र सुशासनको अभियान,
लोक चेतना, रूपान्तरण, सशक्तीकरण र पहुँचको सुप्रस्थान"

पूर्ण प्रविधिमैत्री "मधेशी आयोग"मा सम्पर्क तथा उजुरी गर्न सकिने तरिकाहरू

टेलिफोन नम्बर : ०१-५२६११८५
फ्याक्स नम्बर : ०१-५२६११८५
टोल फ्रि नम्बर : १६६०-०१-१६१८५
हेल्पलाइन नम्बर : ११५२

फेसबुक पेज : मधेशी आयोग-Madheshi Commission
ट्वीटर पेज : मधेशी आयोग

मोबाइल एप : मधेशी आयोग/Madheshi Commission
इमेल : madheshicommission@gmail.com
वेबसाइट : www.madheshicommission.gov.np

आयोगको ठेगाना
मधेशी आयोग
ज्वागल, ललितपुर,
नेपाल

मधेशी आयोगको
तेस्रो वार्षिक प्रतिवेदन
(आ.व. २०७७/७८)

मधेशी आयोग
ललितपुर, नेपाल
२०७८

मधेशी आयोगको

तेस्रो वार्षिक प्रतिवेदन

(आ.व. २०७७/७८)

मधेशी आयोग

ललितपुर, नेपाल

२०७८

मधेशी आयोगको तेस्रो वार्षिक प्रतिवेदन

प्रकाशक - मधेशी आयोग, ज्वागल, ललितपुर, नेपाल

फोन नं.+९७७-०१-५२६११८५ फ्याक्स नं. +९७७-०१-५२६११८५

हेल्पलाईन : ११५२

टोल फ्रि : १६६००११६१८५

अङ्क - तेस्रो

Website :www.madheshicommission.gov.np

Email: madheshicommission@gmail.com

सर्वाधिकार©मधेशी आयोग

कम्प्युटर-मुद्रण — दीपकिरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स, विजुलीबजार, काठमाडौं

नेपाल

संघीय नेपालको प्रादेशिक सिमाङ्कन



नेपालको राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति भाषा धर्म संस्कति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

आयोगका पदाधिकारी

डा. विजय कुमार दत्त
अध्यक्ष

जीवछ साह
सदस्य

रेणु देवी साह
सदस्य

विजय कुमार गुप्ता
सदस्य

आभा कुमारी सिंह
सदस्य

लोकनाथ पौड्याल
सचिव

मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्या: २०७८/७९
चलानी नं. : ३३

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

मिति : २०७८ आश्विन १३

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, काठमाण्डौं ।

विषय- तेस्रो वार्षिक प्रतिवेदन सम्बन्धमा ।

नेपालको संविधानको धारा २९४ एवम् मधेशी आयोग ऐन, २०७४ को दफा २२ बमोजिम मधेशी आयोगले आर्थिक वर्ष २०७७/७८ मा सम्पादन गरेका कामसँग सम्बन्धित तेस्रो वार्षिक प्रतिवेदन यसै पत्रसाथ पेश गरेको छु ।

भवदिय

डा. विजय कुमार दत्त
अध्यक्ष

ईमेल: madheshicommission@gmail.com

"स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन"
आयोगको हेल्पलाईन नं. ११५२

मन्तव्य

मानव अधिकारको सम्मान, संरक्षण र परिपालन संस्कृतिको विकासको लागि नेपालको संविधानले विभिन्न राष्ट्रिय रुपमा संवैधानिक आयोगहरुको अवस्था अनुसार व्यवस्था गरेको छ । त्यस मध्ये मधेशी आयोग संविधानको धारा २६२ अनुसार स्थापित भई यसले सक्षमतापूर्वक सम्पादन गर्दै आई रहेको छ । मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण, सम्बर्धन तथा सशक्तीकरणको लागि स्थापित आयोग हो | यसको मूल उद्देश्यको माध्यमबाट पछाडी परेका र पारिएका मधेशी समुदायलाई राज्यको मूलधारमा ल्याउने संवैधानिक र कानूनी दायित्व हो | उद्देश्य अनुसारको कार्य सम्पादन गरी "मानव अधिकार संस्कृतिको दृष्टि र सृष्टिलाई अझ व्यवस्थित गर्ने कार्य भई रहेको छ र अझ गर्न सकिन्छ | आयोगद्वारा अध्ययन गरिएका अति विपन्न र विपन्न वर्गका नागरिकलाई जन-चेतना, रुपान्तरण, सशक्तीकरण र पहुँचका माध्यमबाट लक्षित र परिभाषित वर्गलाई मूलधारमा ल्याउन र पुऱ्याउन सकिन्छ | मूलधारबाट वञ्चित समुदाय-मधेशी समुदायलाई संविधानमा शब्दांकित भावना अनुसारका कार्यहरुलाई व्यबहारमै उतार्न वातावरण निर्माण गर्न सकिएमा आयोगको उद्देश्यलाई पूर्ति र परिपूर्ति गर्न धेरै समय नलाग्ने देखिन्छ | त्यसको लागि नीति र नियतमा एकरुपता हुनु आवश्यक रहेको देखिन्छ | यी संबैधानिक, कानूनी दायित्वका साथै प्राप्त हैसियतलाई आयोगले विगत दुई वर्षदेखि नै आफ्नो भूमिका अक्षरशः निर्वाह गर्दै आएको छ र भविष्यमा पनि अझै प्रभावकारी रुपमा निर्वाह गर्नेछ |

आयोगले कानुनी दायित्व अनुसार पञ्चवर्षिय रणनितिक योजना निर्माण गरी नेपाल सरकारमा पेश गरी सकेको छ। त्यसमा एक वर्ष भित्र गरिने कार्यहरु र वहुवर्षीय योजनाहरु प्रस्तुत गरिएको छ । बीस वटा कार्यदलहरु निर्माण गरी लक्षित समुदायको अपेक्षा अनुसार नेपाल सरकारमा पेश गरी सकेको छ ।प्रत्येक समुदायलाई राज्यले अंगीकार गरेका विधि र विधान, कानुन अनुसार कार्य गरी मूलधारबाट वञ्चित समुदाय मधेशी समुदायलाई परिभाषित स्थान अनुसारको व्यवस्था गर्नु/गराउनु सामाजिक न्याय र लोकतान्त्रिक प्रणालीको प्रथम अव्ययकारी कार्य नै हुन्छ । आयोगले आफ्नो स्थापनाको दुई वर्षमै प्रविधिको माध्यमबाट सहज पहुँच लक्षित वर्गसम्म पुऱ्याउन सफल भएको छ । जसको कारण करीव ४०० वटा उजुरीहरु आयोगमा दर्ता भएको छ, भने आ.व. २०७७/७८ मा मात्र १९० वटा उजुरीहरु दर्ता भएका छन र सो माथि दायित्व अनुसारको कार्य अग्रसारित गरिएको छ । आयोगको ऐन २०७४ को दफा ७ को उपदफा (ड) अनुसार थर सूचीकरणको प्रारम्भिक प्रतिवेदन आयोगले प्राप्त गरेको छ। यसबाट मधेशी को को हुन स्पष्ट हुन जान्छ र लक्षित वर्गलाई राज्यद्वारा प्रदान गरिने आरक्षित सेवा र सुविधाहरुको लागि तथ्यगत तथ्यांकको पहिलो आवश्यकता हुने भएकाले " मधेश प्रोफाईल " को प्रारम्भिक प्रतिवेदन आयोगले पाएको छ । उक्त प्रतिवेदनहरुमा सिफारिस गरिएका कार्यहरु यस आर्थिक वर्ष २०७८/७९ मा सु-सम्पादन हुने आयोगले लक्ष्य अनुसार कार्य अग्रसरित गरेको छ ।

तराई-मधेशका सम्भावित चुनौतीहरु, अन्धविश्वास, कुरितीहरु मात्र हैन सवल पक्षहरुका सम्बन्धमा वृतचित्र निर्माण गरेको छ भने संचार माध्यमहरुबाट विभिन्न सचेतनामूलक कार्यक्रमहरु प्रसारण

गरेको छ । महिला सशक्तीकरण, युवा सशक्तीकरण, दलित, बालबालिका, फरक क्षमता भएका, जेष्ठ नागरिकहरुका सम्बन्धमा समेत नेपाल सरकारलाई सिफारिस गरेको छ र कार्यान्वयनको लागि कानुनी दायित्व अनुसार कार्य गरेको छ । फलस्वरुप आयोगका सिफारिसहरु संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरुले आ-आफ्नो नीति तथा कार्यक्रमहरुमा ल्याई बजेटमा समावेश गरी कार्यान्वयन समेत गरेको छ । आयोगमा रिक्त रहेका चार जना माननीय सदस्यहरुको पदपूर्तिका सम्बन्धमा संसदीय समितिहरुमा र विभिन्न प्रतिवेदनहरुमा लगातार सिफरिश गरिए अनुसार आयोगको स्थापनाको झण्डै ३ वर्ष र संविधान निर्माणको झण्डै ६ वर्ष मा नियुक्ति भएको छ । गरिएका नियुक्तिहरुबाट आयोगका कार्यहरु अझ प्रभावकारी रुपमा सम्पादन हुने नै छ ।

मधेशी समुदायमा व्याप्त रहेको अशिक्षा, गरिबी, पछौटेपन, बेरोजगारी, धार्मिक रुढीबादी र परम्परागत सोचहरुबाट माथी उठाउन परमावश्यक कार्य रहेको छ । यसका अतिरिक्त, प्राकृतिक आपद-विपद, बाढीको प्रकोप, आगजनी, शीतलहर, डुबान, फडान, भरान, पटान, कटानका साथै चुरेको संरक्षणलाई समेत प्रभावकारी रुपमा कार्य अग्रसरित गर्नुपर्ने आवश्यकता टड्कारो रुपमा रहेको छ । मधेशी संस्कृति नै " जल संस्कृति " रहेकाले चुरे संरक्षण अत्यावश्यक रहेको देखिन्छ, सो को लागि नेपाल सरकारलाई सिफारिस गरिएको छ । सीमा क्षेत्रमा बनाईएका बाँधहरुको कारण प्रत्येक वर्ष डुवान हुने गरेको छ । पानीको प्राकृतिक प्रवाह सहज रुपमा नभएकाले उचित व्यवस्थापनको लागि सहज वातावरण बनाउन आयोगले पटक-पटक सरकारलाई सिफारिस गरेको छ । रैथाने मधेशीहरु आफ्नै मुलुकमा अनागरिक भएर बस्नुपर्ने बाध्यता रहेकाले उचित र कानुनी रुपमा सहज तवरले अनागरिकलाई राज्यको नागरिक बनाउन सिफारिस गरेको छ । रैथाने मधेशीको रोदन सुन्नै पर्नेराज्यको दायित्व हो। मधेशी समुदायको सशक्तीकरणका लागि स्रष्टाहरुद्धारा गरिएका कार्यहरुको प्रोत्साहन स्वरुप आयोगले स्रष्टाहरुलाई पुरस्कृत र सम्मानित गर्ने उद्देश्य अनुसार कार्यविधि बनाई सो अनुसार कार्य गर्न सिफारिस मात्र हैन कार्यन्वयनको लागि कदम अगाडी बढाएको छ।

मधेशी समुदाय अझै ८०% भन्दा बढी कृषिमा आधारित रहेकाले जीवन निर्वाहमुखी कृषकलाई आधुनिकीकरण, व्यवसायीकरण, बजारीकरण सहज र गुणस्तरीय बिउ, मल, साना-किसानहरुलाई आर्थिक र सहुलियत पूर्ण ऋण, सुलभ सिंचाई कृषिमा आधारित उद्योगको स्थापना आदिको व्यवस्था गर्न सिफारिस गरिएको छ । राज्यले उचित जनसंख्या नीति बनाई तत्काल लागु गर्नुपर्ने आवश्यकता देखिन्छ । बसाई-सराईको व्यापक आन्तरिक समस्या मात्र हैन, बाहिरी बसाई-सराईले मुलुकमा झन विकट समस्या उत्पन्न गर्ने सम्भावना निकट भविष्यमै आउने देखिन्छ । तसर्थ, जनसंख्याको चाप नियन्त्रण गर्नका लागि र नेपालमा कति जनसंख्या हुनुपर्ने हो? विज्ञहरुको टोलीबाट अध्ययन गराई सोहि अनुसार लागु गर्नुपर्ने देखिन्छ । धर्म परिवर्तनको समस्या गम्भिर हुँदै गएको देखिन्छ ।सबै बालबालिकालाई बिद्यालयमा पहुँच नभएको देखिन्छ,

बाल विबाहले विकराल रुप ग्रहण गर्दैछ र रोकथाम अप्रभावी बनेको छ । विभिन्न प्रकारका हिंसा झन बढेको छ ।हत्या र आत्महत्याको अवस्था झन विकारल हुँदैछ । गरीब झन गरीबीको रेखामुनी जाँदैछ । लक्षित वर्गको पहुँच सिंहदरबारसम्म" कोरा कल्पना " मै सिमित रहेको छ । यी यावत समस्याहरुको समाधानका लागि आयोगले सिफारिस गरेको छ । उखु किसान सहितका किसानहरुको अरण्यरोदन तिनै तहका सरकारहरुले सुन्नै पर्छ ।

कोभिड महामारीबाट मुलुक मात्र हैन विश्व नै आक्रान्त भई सकेको अवस्थामा मधेशी समुदायमा यसले झन समस्या उत्पन्न गरेको छ । जीवन " जीवनमुखी " हुन नसकिरहेकै बेलामा झन गरिबी, अशिक्षा, बेरोजगारी सृजना गरेको छ । यस गम्भिर अवस्थालाई सहजीकरण गर्न अनुगमन र सल्लाह-सुझाव तथा सिफारिसका लागि " उच्च स्तरीय अनुगमन समिति " र सोको कार्यविधि बनाई सोहि अनुसार सबै सुरक्षा निकाय र नागरिक समाज सहित सँग प्राप्त भएका सुझावहरुलाई नेपाल सरकारमा सिफारिस गरिएका छन । सो अनुसारको कार्यहरु " जहाँ समस्या, त्यही मधेशी आयोग " को मुलमन्त्रलाई अंगीकार गरी समाधानार्थ आयोगले पहल गरेको छ र सफलता समेत प्राप्त गरेको छ ।

यसका अतिरिक्त सुचनामुलक क्यालेण्डर प्रकाशन, चौमासिक बुलेटिन, अध्ययन अनुगमन गर्ने/ गराउने, युवाहरुको सशक्तीकरणका कार्यक्रमहरु सहितका परिमार्जित एवम विनियोजित रकम अनुसारका कार्यहरु आयोगले सु-सम्पादन गरेको छ । संवैधानिक आयोगहरुको संविधानद्धारा परिभाषित कार्य आफुद्धारा सम्पादित कामकारबाहीलाई आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र संविधानको धारा २९४ (१) अनुसार सम्मानीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको छ र उपधारा (२) अनुसार सातवटै प्रदेशका माननीय प्रदेश प्रमुखहरुमा समेत पेश गरिएको छ ।

चुनौतिहरुका चाङ्ग रहेको छ, तर ती चुनौतिहरुलाई अवसरमा परिवर्तित गरी आयोग अगाडी बढेको छ । आयोगमा कर्मचारीको दरबन्दी थप गर्नुपर्ने अवस्था रहेकोमा झन भएका दरबन्दी पनि काटिएको छ । जसमा स्थायी कर्मचारी ८ जना मात्र रहेका छन् । निजामती कर्मचारीको मनस्थितिलाई हेर्दा यो आयोग अन्तिम रोजाईमा पर्दछ । यसैको परिमाण होला पुर्णिमादेखि पुर्णिमासम्म पनि कर्मचारीहरुको आयोगमा बसाई नभएको यथार्थता रहेको छन् । स्थिति, परिस्थिति र मनस्थितिमा सकारात्मक परिवर्तन हुन आवश्यक देखिन्छ । विशिष्ट श्रेणीको सचिव बाट प्रथम श्रेणीको कर्मचारीलाई सचिव बनाईएको छ। सरकारको अष्टाबक्र दृष्टी कै कारणले होला अति न्यून बजेट विनियोजित गरिएको छ । कुनै विशेषज्ञको दरबन्दी नरहेको यथार्थता छ । कानुनविद, समाजशास्त्री, तथ्यांकशास्त्री, आदिको विशेषज्ञता आवश्यक छ । तर, न त दरबन्दी रहेको छ, न त बजेट विनियोजित हुन्छ । आयोगमा सदस्यज्यूहरु थपिएका छन, तर भौतिक पूर्वाधार, जनशक्ति र धनशक्तिको अवस्था विजोग नै छ । भाडाको घरमा आयोगको कार्यालय रहेको छ । हेल्पलाईन नंम्बर ११५२ रहेको जुन २४ सै घण्टा

पिडीतलाई सेवा प्रदानको लागि राखिएको छ तर अहिले सम्म एउटा पनि कर्मचारीको दरबन्दी थपिएको छैन । आयोगको अगाडी " राष्ट्रिय " शब्द थपी राष्ट्रिय मधेशी आयोग बनाउनुपर्ने भनि लगातार जनअपेक्षा अनुसार सिफारिस गरिएको छ । तर कुनै कतै सुनुवाई भएको छैन। " अनुसन्धान " बिना उजुरी माथि कार्बाही गर्न अति नै अप्ठेरो परेको छ तर अझै अनुसन्धानको अधिकारबाट आयोग वञ्चित रहेको छ । यसरी आयोगको सामु अनगिन्ती चुनौतिहरु रहेका छन् जसलाई सम्बोधन गर्नु नेपाल सरकारलाई अत्यावश्यक देखिन्छ । आयोग मैत्री वातावरण निर्माण गरी /गराई सहज बनाईदिनुहुन नेपाल सरकारको प्रथम दायित्व रहेको छ ।

आयोगको सशक्तीकरणबाट राष्ट्र नै सशक्त हुनेछ भन्ने अभिप्रायले नै होला - यो मधेशी आयोग संविधानमा अक्षरांकित भएको छ । तर संविधान र जनताको भावना अनुसार कार्यान्वयन नभएको दुई वर्षमा प्रत्यक्ष अनुभुतिहरु भएको छ । मुलुकको संर्वाङ्गीण र समान विकासको लागि पछाडी पारिएका समुदाय - मधेशी समुदायलाई मुलधारमा ल्याउन राज्यले " भगीरथ " प्रयास गर्नुपर्ने देखिन्छ । सम्पर्क मन्त्रालय तत्काल नै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बनाई आयोगलाई प्राप्त दायित्व अनुसार कार्यगर्ने वातावरण निर्माण गरिदिनु आवश्यक रहेको छ । सर्वाङ्गिण विकासका लागि व्यक्ति, परिवार, संस्कार, विचार, व्यवहार, प्रसार पेशा-व्यापारमा सकारात्मक परिवर्तन आवश्यक हुन्छ । र, त्यस पछि नै सपनाले मूर्तरुप पाउँछन । नैतिक शिक्षाको माध्यमबाट सम्पूर्ण मा वात्सल्य र माधुर्य भाव प्राप्त हुनेछ ।त्यसै कारणले नैतिक शिक्षाको उन्यननमा आयोगले कार्यलाई अगाडी बढाइएको छ ।

अन्त्यमा, आयोगको तेस्रो वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यूमा प्रस्तुत गर्दा अत्यन्त गौरवान्वित भएको अनुभव गरेको छु । प्राप्त जिम्मेवारिलाई आयोगले नेपाली माटोको सुगन्ध अनुसार अझ सुगन्धित गरेको छ र गर्दै जानेछ । आयोगको यस पुनित कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने राष्ट्रपति कार्यालय, उपराष्ट्रपति कार्यालय, संसद, नेपाल सरकार, राजनितिक दल, विज्ञ/विशेषज्ञ, अधिकारकर्मी, नागरिक समाज, संघ-संस्थाहरु सहितको विभिन्न पेशा व्यवसायीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै, भविष्यमा अझ बढी प्रभावकारी सहयोगको अपेक्षा गर्दछु । यसका साथै, आयोगका माननीय सदस्यहरु र कर्मचारीहरु प्रति विशेष कृतज्ञता रहेको छ ।

डा. विजय कुमार दत्त
अध्यक्ष

प्राक्कथन

मधेशी समुदायको हक हित प्रबर्द्धन गर्ने हेतु मुलुकभरी रहेका उक्त समुदायका जनतालाई राष्ट्रिय मूलप्रवाहमा ल्याई त्यहाँ भित्र रहेका कुरीति, विकृति र विसँगतिको अन्त्य गर्दै भाषा, लिपी र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न सरकारलाई सहयोग पुऱ्याउने उद्देश्यले नेपालको संविधान बमोजिम गठन भएको यस आयोगले देशभर विभिन्न स्थानमा कार्यक्रमहरु सञ्चालन गरी सरकारलाई सुझाव समेत दिएको छ । आगामी आर्थिक वर्षमा पनि अझ प्रभावकारी ढंगले उक्त कार्यक्रमहरु सञ्चालन गरी आयोगको भूमिका प्रभावकारी बनाउन प्रशासनिक र व्यवस्थापकीय ढंगले आफ्नो पूर्ण प्रतिवद्धता रहने कुरा व्यक्त गर्दछु ।

लोकनाथ पौड्याल
सचिव

कार्यकारी सारांश

मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र मधेशी समुदायको सशक्तीकरण गर्नको लागि स्थापित यस संवैधानिक आयोगले मधेशी आयोग ऐन, २०७४ बमोजिमका कार्यहरु सम्पादन गर्दै आइरहेको छ ।

१. हक हितको संरक्षण

(क) उजुरी

आयोगको ऐनको दफा ७ (ठ) अनुसार मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने जिम्मेवारी अनुसार प्रतिवेदन अवधिमा कुल १९० वटा उजुरीहरु आयोग समक्ष प्राप्त भएका छन् । ती उजुरीको आवश्यक छानबिन तथा तहकिकात गरी पिडितलाई न्याय दिलाउन आयोगले सम्बन्धित निकायमा सिफारिस गरी पठाइएको छ ।
(परिच्छेद २ सँग सम्बन्धित)

(ख) अनुगमन

आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धनका लागि आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले विभिन्न जिल्लाको अनुगमन भएको थियो । अनुगमनका सिलसिलामा बाढी पहिरोले पुर्याएको क्षतिको अनुगमन, मधेशी समुदायमा देखिएको जातीय, धार्मिक तथा साम्प्रदायिक विवादको विवरण बुझ्न, नेपाल-भारत सीमामा उत्पन्न तनावले मधेशी समुदायमा पारेको प्रभाव अध्ययन गर्न, कोभिड-१९ महामारी र लकडाउनले मधेशी समुदायको जनजीवनमा पारेको प्रभावको अनुगमन गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि चाल्नुपर्ने कदमको सन्दर्भमा सुझाव लिनका लागि तत् तत् क्षेत्रमा अनुगमन गरी सुझाव लिई प्रतिवेदन तयार गरिएको थियो । सो को आधारमा आयोगबाट आवश्यक छानबिन गरी कारबाही गर्नुपर्ने विषयमा सम्बन्धित निकायमा सिफारिस गरी पठाइएको थियो ।
(परिच्छेद २ सँग सम्बन्धित)

२.सम्बर्द्धन

(क) थर सूचीकरण

आयोगको ऐनको दफा ७ (ड) अनुसार मधेशी समुदायको पहिचानका सम्बन्धमा अध्ययन गरी थर सूचीकरण गरिएको छ ।विज्ञद्वारा तयार पारिएको विद्यमान द्वितीय तथ्याङ्कको आधारमा प्रतिवेदन प्राप्त भएको छ । यसका लागि हालसम्म गरेका कार्यहरुको विवरण सम्बन्धित निकायहरुबाट माग गरिएको छ ।थर सूचीकरणलाई अद्यावधिक बनाउन आयोगबाट विश्वविद्यालयका पदाधिकारी, केन्द्रीय तथ्यांक विभागका पदाधिकारी, संस्कृतिविद, समाजशास्त्री लगायतका विज्ञ, मानवशास्त्री, बुद्धिजीवी लगायतसँग अन्तरक्रिया गरिएको छ । अन्तरक्रियाबाट अमूल्य सुझावहरु प्राप्त भई थर सूचीकरणका लागि सहजता भएको सन्दर्भमा आगामी आ.व. मा आयोगबाट थर

सूचीकरणको अन्तिम खाका तयार गरी नेपाल सरकारमा पठाउने अठोट गरिएको छ । यसका लागि प्रस्तावित बजेट शून्य भएका कारण थप बजेट व्यवस्था गर्नका लागि आयोगबाट अर्थ मन्त्रालयमा अनुरोध गरिने छ ।

थर सूचीकरणको अवस्था बुझ्ने सिलसिलामा आयोगबाट यस आ.व. मा विभिन्न आयोगहरु, जातिय संघसंस्थाका विज्ञहरु, प्रदेश १, २, लुम्बिनी र सुदुरपश्चिमका गरी ४ वटा प्रदेशका जिल्लाहरु मध्ये १९ वटा जिल्ला अन्तर्गतका विभिन्न स्थानीय तहसँग मधेशी समुदायको थर संकलन गरी पठाईदिन पत्राचार समेत गरिएको थियो ।

(ख) प्रोफाइल निर्माण

मधेशी आयोग ऐन, २०७४ अनुसार एकीकृत तथ्याङ्कीय तालिका र आवश्यक टेम्प्लेट तयार पार्ने उद्देश्य सहित तराई मधेशका २१ जिल्ला समेटेर मधेश प्रोफाइल तयार पारिएको छ । प्रोफाइलमा समेटिएका विषयहरु विश्लेषण गर्न र कार्यक्रम बनाई कार्यान्वयन गर्न आवश्यक गृहकार्यका लागि प्रस्तावित बजेट प्राप्त हुन सकेन ।

(ग) अन्तरक्रिया कार्यक्रम

आयोगको ऐनको दफा ७ (ज) अनुसार इतिहास, भाषा, कला, संस्कृति सम्बन्धी काम गर्दै आइरहेका बुद्धिजीवीहरु, नागरिक समाज, जिल्लास्तरीय कार्यालयका प्रमुखहरु एवम् आवश्यक पर्ने अन्य सरोकारवाला संस्था र व्यक्तिसँग आयोगले अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण लिदै आएको छ । प्रतिवेदन अवधिमा स्थानीय नागरिक समाजद्वारा आयोजित सानाठूला गरी ९ वटा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएका छन् । यस्ता कार्यक्रमबाट मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन तथा सशक्तीकरणका लागि आयोगको भूमिका महत्वपूर्ण रहेको कुरा ती समुदायहरुमा सम्प्रेषण गर्न आयोग सफल भएको छ ।

(घ) समीक्षा

आयोगको ऐनको दफा ७ (ङ) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघसंस्थाहरुले ती समुदायहरुमा सञ्चालन गर्ने कार्यक्रमको उपादेयताको विषयमा अनुगमन, मूल्यांकन तथा समीक्षा गर्ने कार्यक्रमलाई मध्यनजर राख्दै आयोगबाट लुम्बिनी प्रदेशको नेपालगञ्जमा २०७८/०३/२१ गते सार्वजनिक सुनुवाई र वृहत्त समीक्षा कार्यक्रम गरिएको थियो । उक्त समीक्षा कार्यक्रममा स्थानीय तहले वर्तमान समयमा गरिरहेका मधेशी समुदाय लक्षित कार्यक्रमको सम्बन्धमा छलफल गरी आगामी दिनमा सुधार गर्दै लैजान र विपन्न र अति विपन्न वर्गको उत्थानका लागि स्थानीय तहले विशेष प्राथमिकता दिई कार्यक्रम राख्नका लागि आयोगले महत्वपूर्ण सुझाव दिएको थियो । अन्य प्रदेशमा पनि यस्तै कार्यक्रम राख्ने र स्थानीय तह र स्थानीय प्रशासन समेतलाई सहभागी गराई आयोगको कार्यक्रम सम्प्रेषण गर्ने उद्देश्य रहेको छ ।(परिच्छेद २ सँग सम्बन्धित)

(ङ) सशक्तीकरण

आयोगको ऐनको दफा ७ (ख) अनुसार मधेशी समुदायलाई सशक्तीकरण गरी विकासको मूल धारमा ल्याउने उद्देश्यले मधेशी युवालाई सरकारी सेवामा प्रवेश गराउन वाञ्छनीय हुन्छ । उक्त कार्यक्रम सञ्चालन पछि सहभागीहरु उत्प्रेरित भएको देखिन्छ । आयोगबाट यस्ता कार्यक्रम अभियानको रुपमा सात प्रदेश स्तरमा समेत लैजाने प्रतिबद्धता भएता पनि सरकारबाट प्रदान गरिएको सिमित बजेटको कारण गर्न नसकिएको हुँदा आगामी आ.व. मा यस्ता कार्यक्रम गर्नका लागि आयोगको माग बमोजिमको पर्याप्त स्रोत र साधनको व्यवस्थापन जरुरी देखिन्छ।

मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई यस आयोगको काम, कर्तव्य र अधिकारको रुपमा लिइएको छ । मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको सशक्तीकरण गर्ने ध्येयले प्रदेश १ मा विराटनगर, प्रदेश २ मा सिराहाको मिर्चैया, सप्तरीको कन्चनपुर र राजविराज तथा लुम्बिनी प्रदेशमा लुम्बिनीमा अभिमुखीकरण कक्षा संचालन गर्ने कार्य भएको थियो ।
मधेशी आयोग ऐन, २०७४ को दफा ७ (ञ) अनुसार मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्ववास तथा सवै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने उद्देश्यले सिराहा जिल्ला कमला मरेवाघाट र कर्जन्हा बजारमा तथा कमलाको उत्तराहिणीघाट, धनुषा जिल्लाको पोर्ताहा घाट र जानकी मन्दिर प्राङ्गणमा अन्धविश्वास तथा कुरीति न्युनिकरणको लागि सडक नाटक प्रर्दशन गरिएको थियो ।
(परिच्छेद २ सँग सम्बन्धित)

(च) पञ्चबर्षीय योजना:

मधेशी समूदायको हक हित संरक्षण, सम्बर्द्धन गर्न र उनीहरुलाई राष्ट्रको मूल धारमा समाहित गर्न राज्यको अहम् दायित्व हुन्छ । यसका लागि मधेशी समूदायहरु विविध विषयहरुबाट पछाडी परेका हुँदा यस अवस्थामा त्यस्ता समूदायहरुको हितका खातिर यस आयोगले राज्यलाई संविधान बमोजिमका सुझाव र सहयोग दिन यस आर्थिक वर्षदेखि लागू हुने गरी विभिन्न विषयका पञ्चवर्षीय रणनीतिक योजना तयार गरी लागु गर्ने अठोट लिएको छ । प्रस्तुत भएका रणनीतिक योजनाहरुबाट मधेशी समुदायमा रहेका असमानता, कुरीति, अशिक्षा सबै प्रकारका शोषण विभेद अन्त्य गर्दै धर्म संस्कृति भाषा लिपिको संरक्षण र कृषिको व्यवसायिकरण, बजारीकरण तथा विविधिकरण जस्ता क्रियाकलापहरुलाई सहायक हुने गरी राज्यले अपेक्षा गरेको "समृद्ध नेपाल सुखि नेपाली" बनाउने विश्वास गरिएको छ । प्रस्तुत हुने रणनीतिक योजनाबाट आयोगका कार्यक्रमहरुलाई योजनाबद्ध तरिकाले अगाडी बढाई आ.ब. २०८२।८३ गर्ने लक्ष्य राखिएको छ ।

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि आयोग, सम्बद्ध विशेषज्ञ, मधेशी समुदायसँग सहकार्य गर्ने सबै निकायहरुलाई परिचालन गरिनेछ । रणनीतिक योजनाबाट नेपाल सरकार, अन्य संवैधानिक निकाय, प्रादेशिक सरकार तथा स्थानीय तहसँग समन्वय हुने हुँदा समग्रतामा यो कार्यक्रम अत्यन्तै प्रभावकारी हुने देखिएको छ । रणनीतिक योजनाको कार्यबाट सरोकारवाला व्यक्तिहरुको व्यापक सहभागिता हुने हुँदा उनीहरुको माध्यमबाट समस्या पहिचान भई नेपाल सरकारलाई ठोस सुझाव दिन सहयोग सिद्ध हुने उद्देश्यले आयोगले तयार गरी योजना लागु गर्नका निमित राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयमा बजेट निकासाका लागि पत्राचार समेत गरिएको छ ।

३. सिफारिस

(क) विभिन्न निकायमा गरिएको सिफारिस

आयोगको ऐन अनुसार तराई मधेशमा बाढीले पुर्‍याएको क्षति न्यूनीकरण गर्न र प्रभावित व्यक्तिहरुको खाना, नाना र छानाको व्यवस्थापनका लागि चाल्नुपर्ने कदम, नेपाल-भारत सीमामा देखिएको समस्यालाई द्विपक्षीय वार्ता मार्फत समाधान गर्न सरकारलाई सुझाव दिईएको थियो । कोरोना महामारीबाट आक्रान्त मधेशी समुदायलाई परेको विभिन्न समस्या समाधान गर्न चाल्नु पर्ने उपाय सहितका सुझावहरुका साथै अन्य विषयहरुमा समेत समय समयमा सम्बद्ध निकायहरु र नेपाल सरकारलाई सुझाव तथा सिफारिस गरिएको थियो । शिक्षाबाट वञ्चित लक्षित वर्गलाई शिक्षामा सहज पहुँच, कुरीति, अन्धविश्वास, दाईजो प्रथा र छुवाछुत न्यूनिकरण सम्बन्धमा समेत सिफारिस गरिएको थियो ।
(परिच्छेद ३ सँग सम्बन्धित)

(ख) आयोगबाट गरिएका सिफारिस

आयोगका मा. अध्यक्षको संयोजकत्वमा कोरोना महामारी, बाढी पहिरो तथा अन्य समसामयिक विषयमा आयोगमा गहन छलफल गरी प्राप्त सुझावका आधारमा नेपाल सरकारलाई १५ बुँदे सुझाव सिफारिस गरिएको छ ।
(परिच्छेद ३ सँग सम्बन्धित)

विषय–सूची

विषय	पेज नं.
कार्यकारी सारांश	i
परिच्छेद– १	
प्रारम्भिक	१
१.१ पृष्ठभूमी	१
१.२ आयोगको उद्देश्य	१
१.३ आयोगको काम, कर्तव्य र अधिकार	१
१.४ संगठन	३
परिच्छेद–२	
आयोगबाट सञ्चालित कार्यक्रम र गतिविधि	४
२.१ हक हितको संरक्षण	४
२.१.१ उजुरी	४
२.१.२ अनुगमनका कार्यक्रमहरु	४
२.१.३ उच्चस्तरीय अनुगमन सम्बन्धी कार्यक्रम	४
२.२ अधिकारको प्रबर्द्धन तथा सशक्तीकरण	५
२.२.१ प्रतिवेदन प्रकाशन	५
२.२.२ लोकसेवा तयारी कक्षा सम्बन्धी अभिमुखिकरण कार्यक्रम	५
२.२.३ भूतमेला	६
२.२.४ लुम्बिनी प्रदेशको नेपालगंजमा भएको गुनासो व्यवस्थापन तथा सार्वजनिक सुनुवाई कार्यक्रम	७
२.२.५ मधेश प्रोफाइल	८
२.२.६ मधेशी समुदायको थर सूचीकरण	८
२.२.७ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल	९
२.३ आयोगका गतिविधी	९
२.३.१ आयोगको बैठकका निर्णयहरु	९
२.३.२ आयोगको प्रेस विज्ञप्ति	९

परिच्छेद –३	
सुझाव तथा सिफारिस	१०
३.१ अनुगमनबाट प्राप्त सुझाव तथा सिफारिस	१०
३.२ थप सुझाव तथा सिफारिस	१२
परिच्छेद– ४	
४.१ भौतिक स्रोत साधन र उपयोगको अवस्था	१४
परिच्छेद –५	
उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु	१५
५.१ उपलब्धीहरु	१५
५.२ चुनौतिहरु	१५
५.३ आयोगको अपेक्षा तथा भावी कदमहरु	१६
परिच्छेद–६	
कार्यक्रम र लागत	१८
६.१ वार्षिक कार्यक्रम र खर्च	१८
अनुसूचिहरू	
अनुसूची- १ मधेशी आयोगको संगठन संरचना	१९
अनुसूची- २ आयोगमा कार्यरत कर्मचारीहरुको विवरण	२०
अनुसूची- ३ आयोगमा परेका उजुरीहरुको विवरण	२२
अनुसूची- ४ आयोगका पदाधिकारीहरुबाट गरिएका अनुगमन	४३
अनुसूची- ५ आयोगको बैठकका निर्णयहरु	४४
अनुसूची- ६ आयोगको प्रेस विज्ञप्ति	५८
अनुसूची- ७ आयोगको भौतिक सम्पत्ति	६५
अनुसूची–८ आयोगको आर्थिक विवरण	६८
अनुसूची–९ विविध क्रियाकलापहरुको फोटो ग्यालरी	७१

परिच्छेद - १
प्रारम्भिक

१.१ पृष्ठभूमिः

मधेशी समुदायको हित प्रबर्द्धन गर्दै उनीहरुलाई राष्ट्रिय मूलप्रवाहमा प्रवाहीकरण गर्न नेपालको संविधानको धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ । मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नका लागि नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले मधेशी आयोग ऐन, २०७४ बनाई मिति २०७४।०६।२७ गते सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरण भइ विधिवत रुपमा मधेशी आयोगको गठन भएको हो। नेपाल सरकारको मिति २०७५।०७।२७ गतेको निर्णयबाट मधेशी आयोगको कार्यालय स्थापना भएको हो । यस आयोगका प्रथम अध्यक्षको रुपमा माननीय डा. विजयकुमार दत्त नियुक्त हुनु भई मिति २०७५।१२।०७ मा सम्माननीय राष्ट्रपतिज्यू समक्ष शपथ ग्रहण पश्चात सोही दिन पदबहाली तथा कार्यप्रारम्भ गर्नु भई मधेशी आयोगको नेतृत्व गर्दै आउनुभएको छ। त्यसैगरी मिति २०७७।१०।२१ मा सदस्यको रुपमा माननीय सदस्य जीवछ साह, माननीय सदस्य रेणु देवी साह र माननीय सदस्य विजय कुमार गुप्ता र मिति २०७८।३।१० मा माननीय आभा कुमारी सिंह नियुक्त भई सपथ ग्रहण गरी कार्य प्रारम्भ गरे सँगै यस आयोगले पूर्णता पाएको छ ।

१.२ आयोगको उद्देश्यः

नेपालको संविधानको धारा २६२ तथा मधेशी आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नु यस आयोगको मुख्य उद्देश्य रहेको छ ।

१.३ आयोगको काम, कर्तव्य र अधिकारः

मधेशी आयोग ऐन, २०७४ (संशोधन सहित) को परिच्छेद ३ को दफा ७ मा मधेशी आयोगको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम तोकिएका छन् ।

क. मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने, ।

ख. मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

ग. मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

घ. मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

ङ. मधेशी समुदायसँग सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

च. आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

छ. मधेशी समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

ज. मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

झ. मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

ञ. मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

ट. मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने।

ठ. मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ड. मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

ढ. मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल

सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

ण. आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

त. आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

यस बाहेक मधेशी आयोग ऐन, २०७४ को दफा ८,९,१० र ११ मा देहायका थप अधिकारहरु समेत रहेको छनः

१. आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग समन्वय गर्न तथा परामर्श गर्न वा राय लिन सक्ने,

२. आयोगले मधेशी आयोग ऐन, २०७४ र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्ने,

३. आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले कार्यावधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्ने,

४. आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्ने ।

१.४ संगठनः

आयोगको कार्यसञ्चालनको लागि काठमाडौं उपत्यकामा आयोगको कार्यालय रहने कानूनी व्यवस्था रहेकोले ललितपुर जिल्लास्थित ज्वागलमा आयोगको कार्यालय स्थापना भएको छ ।

नेपालको संविधान, २०७२ को धारा २६२ को उपधारा (१) मा व्यवस्था भए बमोजिम आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्यहरु कार्यरत रहनुभएको छ ।

आयोगको काम कारबाही सूचारु गर्नको लागि नेपाल सरकारबाट संशोधित एवम् स्वीकृत संगठन संरचना बमोजिम रा.प. प्रथम श्रेणी (नेपाल प्रशासन सेवा) को सचिव लगायत २६ जना कर्मचारी रहने गरी दरवन्दी स्वीकृत भएको छ । संगठन संरचना अनुसूची-१ र आयोगमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची-२ मा दिइएको छ ।

परिच्छेद – २

आयोगबाट सञ्चालित कार्यक्रम र गतिविधि

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा आयोगबाट तपसिल बमोजिमका गतिविधिहरु सञ्चालन गरियो ।

२.१ हक हितको संरक्षण

२.१.१ उजुरी

मधेशी आयोग ऐन, २०७४ को दफा ७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । सो दफाको उपदफा (ठ) मा मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था रहेको छ । पत्र, व्यक्ति, टेलिफोन, संस्थाहरु, सामाजिक सञ्जाल, मौखिक, छापा, विद्युतीय माध्यमबाट आर्थिक वर्ष २०७७/७८ मा कुल १९० वटा उजुरीहरु प्राप्त भएका छन । आयोगमा प्राप्त हुन आएका उजुरी विभिन्न माध्यमबाट संकलन गर्ने, आयोग समक्ष पेश गर्ने र कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाउने कार्य सम्पन्न भएको छ । यस सम्बन्धी विस्तृत विवरण यस प्रतिवेदनको अनुसूची ३ मा उल्लेख गरिएको छ ।

२.१.२ अनुगमनका कार्यक्रमहरु

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने सम्बन्धमा आयोगबाट विभिन्न प्रदेश, जिल्ला, क्षेत्र र समुदायमा अनुगमनको कार्य भएको थियो। आयोगबाट भएको अनुगमन सम्बन्धमा विस्तृत विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ ।

२.१.३ उच्चस्तरीय अनुगमन सम्बन्धी कार्यक्रम

Covid-१९ ले विश्व नै आक्रान्त भएको सन्दर्भमा यसको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७८।०१।१६ देखि लकडाउन गरेको थियो । यसले नेपाली जनजीवन खास गरी मधेशी समुदायमा पारेको असरको अनुगमन गरी नेपाल सरकारलाई सुझाव प्रस्तुत गर्न यस मधेशी आयोग ऐनको दफा ११ अनुसार आयोगका अध्यक्षको संयोजकत्वमा आयोगका

सचिवका साथै नेपाल नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल एवं राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिहरुसँग २ वटा प्रत्यक्ष बैठक बसी सरकारलाई पत्र तथा विज्ञप्ति मार्फत विभिन्न सुझावहरु प्रस्तुत गरिएको थियो ।

२.२ अधिकार प्रर्वद्धन तथा सशक्तीकरण

२.२.१ प्रतिवेदन प्रकाशन

मिति २०७५।०७।२५ मा यस आयोगको स्थापना भए पश्चात पहिलो र दोस्रो वार्षिक प्रतिवेदन आयोगद्वारा संचालित विभिन्न कार्यहरुको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको थियो ।

संविधानको धारा २९४ (२) अनुसार, प्रदेश १, प्रदेश २, बागमति प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख समक्ष पनि प्रतिवेदन पेश गरिएको थियो ।

२.२.२ लोक सेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई यस आयोगको काम, कर्तव्य र अधिकार बमोजिम मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको सशक्तीकरण गर्ने ध्येयले प्रदेश १ मा विराटनगर, प्रदेश २ मा सिराहाको मिर्चैया, सप्तरीको कन्चनपुर र राजविराज तथा लुम्बिनी प्रदेशमा लुम्बिनी सांस्कृतिक नगरपालिकामा अभिमूखीकरण कार्यक्रम संचालन गर्ने कार्य सम्पन्न भयो । यो कार्यक्रम संचालनको क्रममा सहभागीहरुबाट प्राप्त हुन आएका सुझावहरुलाई निम्नानुसार लिपिबद्ध गरिएको छ ।

प्राप्त सुझावहरु:-

१. लोक सेवा तयारी कक्षा संचालन प्रदेशगत तथा जिल्लागत रुपमा गर्दा राम्रो हुन्थ्यो,

२. आवेदक सबैले तयारी कक्षामा सहभागी हुन पाउँदा राम्रो हुन्थ्यो,

३. आउदो वर्षमा सबैपदको छुट्टाछुट्टै कक्षा संचालन गर्दा अझ प्रभावकारी हुन्थ्यो,

४. सिमित बजेटबाट तयारी कक्षा संचालन गर्नु पर्ने अवस्थामा आर्थिक रुपले विपन्न मधेशी समुदायका विद्यार्थीलाई समावेश गर्नु उपयुक्त हुन्छ,

५. तयारी कक्षा अत्यन्त फलदायी भएको र निरन्तरता प्रदान गर्नुपर्ने,

६. स्थानीय तहहरुमा कार्यक्रम हुनुको साथै पदहरु तोकेर कार्यक्रम हुनुपर्ने,

७. संलग्न सहभागीहरु लोकसेवा आयोगका परीक्षाको तयारीको निम्ति अति नै उत्साहित भएका थिए ।

२.२.३ भूतमेला

मिति २०७७।८।१४ गते सिराहा जिल्ला कमला, मरेवाघाट र कर्जन्हा बजारमा तथा मिति २०७७।०८।१४ गते कमलाको उत्तराहिणी घाट, धनुषा जिल्लाको पोर्ताहा घाट र जानकी मन्दिर प्राङ्णमा अन्धविश्वास तथा कुरिति न्युनिकरण सम्बन्धी कार्यक्रमहरु गरिएको र तत् स्थानहरुमा रंग दर्पण नामक संस्थाका कलाकार साथीहरु मिलेर सडक नाटक प्रदर्शन गरिएको। यस अतिरिक्त टाइम्स स्कूल, सिराहामा मिति २०७७।०८।१४ र श्री जनसेवा उच्च माध्यमिक विद्यालय, कर्जन्हा सिराहामा मिति २०७७।०८।१६ गते कक्षा १२ का विद्यार्थीहरु बीच अन्धविश्वास तथा कुरिती न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरेका छौ । कक्षा १२ का विद्यार्थीहरुमा धेरैजसो बालिका देखिएको र अधिकांसको सिउदोमा सिन्दुर देखिनुले सो समाजमा बालविवाह व्यापक रहेको बुझिन्छ । बीस बर्ष भन्दा अगावै र मंजुरी विना विवाह गर्नु गराउनु मुलुकी अपराध संहिता, २०७४ बमोजिम दण्डनीय हुने जानकारी गराउदा २० बर्षसम्म विवाह गर्न नपाउने तर सो अगावै मागेर विवाह गरेमा सोको जिम्मेवारी राज्यले लिन्छ त भनी जनसमुदायबाट आवाज आएको ।

प्रत्येक बर्ष कार्तिक शुक्ल पक्षको पूर्णिमा तिथिका दिन सिराहा र धनुषा जिल्लाको सीमानामा पर्ने पवित्र नदी कमलामा श्रद्धाका साथै विभिन्न जिल्लाका श्रद्धालुहरु स्नान गर्ने प्रचलन रहेको छ । सोही दिन धामीझाक्रीहरु कमला स्नान गरेर कमला घाटमा पाठी, बोका, परेवा आदिको बली चढाएमा सिद्धि प्राप्त हुने र श्रद्धालुहरु भूत, पिशाच, बोक्सा, बोक्सी लगायत सम्पूर्ण घरेलु तथा पारिवारिक र स्वास्थ्य सम्बन्धी समस्याहरुबाट मुक्त हुने जनसमुदायको विश्वासलाई अन्धविश्वासको पराकाष्टको रुपमा चित्रण गर्न सकिन्छ । यस दिन कमला नदी किनारमा हजारौ मानिसहरुले मेला भर्छन जसलाई भूतमेलाको नामले समेत चिनिन्छ ।

धामी झाँक्रीहरुले आफु कहाँ समस्या लिएर आउने श्रद्धालुहरुलाई उल्लेखित सम्पूर्ण समस्याको जड सम्बन्धित गाउँ/नगरको कुनै एक नारी बोक्सी भएको कारण भएको बताउछन । यसरी बोक्सी भनी आरोपित हुने महिला कथित समाजको विधवा, असहाय, गरिब, दलित र निमुखा वर्गको मात्र हुने गरेको देखिन्छ । समाजका सभ्रान्त वर्गले शिक्षाको दिपबाट वञ्चित यस्ता वर्गमाथि बोक्सीको नाममा शोषण गर्ने गरेका छन । धामीझाँक्रीको आरोपानुसार पिडित भनिएका मानिस गाउँसमाज र धामीझाँक्री मिलेर बोक्सी भनी आरोपित महिलालाई गाली

बेइज्जती गर्ने, आरोपित व्यक्तिको परिवारलाई अपमानजनक व्यवहार गर्ने, सामाजिक बहिस्कार गर्ने, कुटपिट गर्ने, डाम्ने, पोल्ने, मलमुत्र खुवाउने सम्मका अमानवीय अपराधहरु गर्ने गरेका छन । वोक्सीका नाममा यस्ता नारीहरु महिलाहिंसाको शिकार हुने गरेका छन् ।

उपस्थित जनसमुदाय बीच कसैलाई बोक्सीको आरोप लगाएर माथि उल्लेखित कार्यहरु मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १० अन्तर्गत भेदभाव तथा अन्य अपमानजनक व्यवहार सम्बन्धी कसूर को दफा १६८ र बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ बमोजिम दण्डनीय हुने र कसूर अनुसार ६ महिनादेखि ८ बर्षसम्म कैद तथा रु पाँच हजार देखि रु एक लाख सम्म जरिवाना हुने जानकारी गराउँदा समाजमा कतिको छोरा, पतिलाई मारिसकेको बोक्सीलाई बढावा दिने, बचाउने कानून बनाउनुपर्ने भन्ने जस्ता गुनासो जनसमुदायबाट आएको छ ।

२.२.४ लुम्बिनी प्रदेशको नेपालगञ्जमा गुनासो व्यवस्थापन तथा सार्वजनिक सुनुवाई कार्यक्रम

मधेशी आयोगको मिति २०७८ असार महिनामा लुम्बिनी प्रदेशको बाँके जिल्लाको नेपालगञ्जमा कार्यक्रम गरिएको थियो ।उक्त कार्यक्रममा विभिन्न समुदाय तथा सरोकारवालाहरुबाट प्राप्त भएका गुनासो तथा रायसुझावहरुः

१. वालिकाहरुलाई पढाउन समस्या रहेको,

२. महिला स्कुल तथा कलेजको व्यवस्था नभएको,

३. अनुदान दिनुभन्दा सीप सिकाउनेमा जोड दिनुपर्ने,

४. आयोगले के कति काम गरेका छन सो विषयमा स्पष्ट जानकारी दिनुपर्ने,

५. मधेशी समुदायको आर्थिक अवस्थाको विश्लेषण गर्न जरुरी छ,

६. जनताको चेतना अभिवृद्धि गर्नुपर्ने,

७. राज्यको सवै अंगमा मधेशीको पहुँच हुनु आवश्यक छ,

८. नीति निर्माणमा प्रत्यक्ष सरोकार राख्ने कार्य भए नभएको तथा नीति कार्यान्वयन भए नभएको विषयमा विशेष कार्य गर्न जरुरी छ,

९. नेपालगञ्जमा छुट्टै विश्वविद्यालय हुनुपर्ने,

१०. नागरिकताको समस्या समाधान हुनुपर्ने,

११. कृषिमा आधुनिकिकरण तथा कृषिक्रान्ति हुनुपर्ने,

१२. स्थास्थ्य सेवालाई गुणस्तरीय तथा भरपर्दो बनाउनुपर्ने,

१३. मधेशी आयोगले गरेका गतिविधिमा तारिफ तथा प्रसंशा गर्ने गरी अझै प्रभावकारी कार्य गर्नु पर्ने,

१४. गैर मधेशीमा मधेशी समुदायप्रति सद्भाव र सकारात्मक सोचको आवश्यकता छ,

१५. कृषि कार्यक्रम अवधि तथा थारु भाषामा प्रसारण हुनुपर्ने,

१६. आयोगले पारदर्शीता सम्बन्धी तथा सूचना संप्रेषणका लागि सबै सूचना वेवसाइटमा राख्नुपर्ने,

१७. लोकसेवा तथा अन्य परीक्षामा स्थानीय भाषामा प्रतिष्पर्धा हुनुपर्ने ।

अन्तमा, आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तले उपस्थित प्रमुख अतिथि लगायत मधेशी आयोगका मा. सदस्य तथा लुम्बिनी प्रदेश हेर्ने संयोजक विजय कुमार गुप्ताले सबै सहभागीहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै सिमित स्रोत साधन र कर्मचारीको कमि भएतापनि आयोगले देशका सबै प्रदेशमा पुगी मधेशी समुदायको हक हित र अधिकारको संरक्षण र सम्वर्द्धनका लागि क्रियाशिल भई कार्य गर्दै गरेको तथा प्रदेश सरकार लगायत स्थानीय तहहरुले समेत मधेशी समुदाय लक्षित विशेष कार्यक्रम ल्याउनुपर्ने कुरा सबै समक्ष ब्यक्त गर्नुभयो ।

२.२.५ मधेश प्रोफाइल–

एकीकृत तथ्याङ्कीय तालिका र आवश्यक टेम्प्लेट तयार पार्ने उद्देश्य सहित तराई मधेशका २१ जिल्ला समेटेर मधेश प्रोफाइल तयार पारिएको छ । विद्यमान द्वितीय स्रोतको आधारमा उपलब्ध तथ्याङ्क संकलन गरी तयार पारिएको मधेश प्रोफाइल भित्र परिचय, तराई मधेशको प्रशासनिक संरचना, धरातलिय स्वरुप र जमिनको प्रकार, सामाजिक विकास (शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाई), कृषि, वन, वातावरण तथा प्राकृतिक स्रोत साधन, उर्जा, सिचाई, नदी नाला, पोखरी र तालहरु, यातायात, सडक र बाटोको विवरण, उद्योग, व्यापार, खानी तथा खनिज, रोजगारी सम्बन्धी, विवरण, सहकारी वैंक, फाइनान्स तथा निचोड र सुझावहरु जस्ता विषयहरु समावेश गरिएका छन् ।

२.२.६ मधेशी समुदायको थर सूचीकरण

मधेशी आयोग ऐन,२०७४ को दफा ७(ड) मा आयोगलाई मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस

गर्ने कार्य तोकिएकोमा विद्यमान द्वितीय तथ्याङ्कमा आधारित भएर अध्ययन अनुसन्धान गरी थर सूचीकरण सम्बन्धी प्रारम्भिक प्रतिवेदन तयार पारिएको छ । यस प्रतिवेदनमा जम्मा १५३ वटा जात र सो जातजाति भित्र विभिन्न थरहरु समावेश भएका छन् ।यो प्रतिवेदन आन्तरिक प्रयोजनको लागि उपयोग गर्दै आगामी दिनमा विस्तृत रुपमा अनुसन्धान गर्न फलदायी हुने देखिन्छ।

२.२.७ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल

आयोगले विभिन्न विषयमा सरोकारवालाहरुसँग छलफल गर्ने र सम्बन्धित क्षेत्रमा गई विभिन्न विषयमा अन्तरक्रिया गर्ने गरेको छ । यस्ता बैठक तथा अन्तरक्रियाको उद्देश्य आयोगको बारेमा आम सर्वसाधारणलाई जानकारी गराउनु तथा जनस्तरका समस्याहरु पहिचान गर्नु हो । सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा बैठकबाट आएका समस्या तथा सुझावलाई आयोगले आवश्यक अध्ययन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने गरेको छ ।

२.३ आयोगका गतिविधीहरु

२.३.१ आयोगको बैठकका निर्णयहरु

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगको बैठक बसी विविध विषयमा निर्णय गरिएको छ । आयोगको बैठकको निर्णयहरु सम्बन्धमा अनुसूची-५ मा उल्लेख गरिएको छ ।

२.३.२ आयोगको प्रेस विज्ञप्ति

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आयोगका काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगमा बैठक बसी विविध विषयमा प्रेस विज्ञप्ति जारी गरेको छ । उक्त प्रेस विज्ञप्ति सम्बन्धमा अनुसूची-६ मा उल्लेख गरिएको छ ।

परिच्छेद –३

३.१ सुझाव तथा सिफारिस

३.१.१ आयोगको तर्फबाट प्रस्तुत गरिएको सुझाव तथा सिफारिसहरु :-

कोरोना महामारीको दोस्रो लहरले तराई तथा मधेशी समुदायको जनजीवनमा पारिरहेको असरलाई मध्यनजर गरी मधेशी आयोग ऐन,२०७४ को दफा ७ को (झ) र (ञ) लाई विशेष सम्बोधन गर्दै कोभिड-१९ बाट बच्न तथा सुरक्षा अपनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई देहाय बमोजिमका सुझावहरु पेश गरिएको थियो।

१. मधेशको भित्री भागमा चेतनाको स्तरमा कमिको कारणले भिडभाड हुने र शिक्षा तथा स्वास्थ्यको अवस्था कमजोर हुने भएकोले जनचेतनाको अभावलाई समाधान गर्न तिनै तहका सरकारबाट कार्यक्रम बनाई चेतनाको स्तरवृद्धि हुने गरि जनचेतनामूलक कार्यक्रम कार्यान्यन गर्न सिफारिस गर्ने,

२. तराई मधेशमा सामाजिक संस्कार मनाउने जन्म, मृत्यु, विवाह उपनयन र भोजभतेर जस्ता कार्यमा निर्धारित मापदण्ड भन्दा अधिक संख्यामा मानिसहरु नबोलाउने र त्यसको अवस्थामा वोलाउनै पर्ने भएका नेपाल सरकारले तोकेको मापदण्डमा नबढाई सामाजिक दुरी कायम गरी, स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई सामाजिक संस्कार सम्पादन गर्न सिफारिस गर्ने,

३. तराई मधेशमा दैनिक जस्तो लाग्ने हाट बजारहरुमा स्वास्थ्य सुरक्षा अनुसार मास्क र सेनिटाईजरको प्रयोगको अवस्था असाध्यै कमजोर भएकोले देहायका विकल्पहरु लागु गर्ने,
   (क) हाट बजारलाई निरुत्साहित गर्ने कार्यक्रम बनाउने र कार्यान्यन गर्ने,
   (ख) हाट बजारको विकल्प नभएको ठाउँमा हाटबजार जाँदा अनिवार्य मास्क लगाई जान जनचेतना फैलाउने कार्यक्रम बनाउने,
   (ग) हाट बजारको सट्टा निश्चित स्थानमा पसलबाट सामान विक्रि वितरण गर्ने, व्यवस्था मिलाउन सिफारिस गर्ने,

४. पशुपंक्षी हाट बजारमा अनिवार्य मास्क लगाएर कारोबार गर्ने व्यवस्थाको सम्बन्धमा कार्यक्रम बनाई कार्यान्वयन गर्न सिफारिस गर्ने,

५. सार्वजनिक यातायातमा सिट भन्दा बढी यात्रुहरु नराख्ने र सबै यात्रुहरुलाई मास्क अनिर्वाय लगाएर मात्रै यात्रा गर्ने व्यवस्था मिलाउन सिफारिस गर्ने,

६. कलकारखाना र खेतमा काम गर्ने, मजदुरलाई सरकारले तोकेको मापदण्ड भन्दा बढी एकै ठाँउमा नराख्ने राख्ने पर्ने भएमा सामाजिक दुरी सहितको स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गराउने सिफारिस गर्ने,

७. मधेशमा आयोजना हुने, मेला, जात्रा जस्ता कार्यक्रमहरु धेरै भिडभाड हुने कार्यक्रमहरु सकेसम्म आयोजना नगर्ने, परम्परा धान्नै पर्ने भएमा नेपाल सरकारले तोकेको मापदण्ड भित्र मात्र उपस्थित भई स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई सामाजिक दुरी कायम गरी कार्यान्यन गर्न गराउन सिफारिस गर्ने,

८. नदी, कुण्ड र तलाउमा सामुहिक स्नान गर्ने गराउने परम्परा धान्नै पर्ने भएमा स्वास्थ्य सुरक्षा अपनाई त्यस्तो कार्य गर्ने व्यवस्था मिलाउन सिफारिस गर्ने,

९. कोभिड नियन्त्रणका लागि स्थानीय तहले स्थानीय भाषामा सूचना सम्प्रेषण गर्न गराउन सिफारिस गर्ने,

१०. समुहमा उपस्थित भई मनाउने पर्व वा प्रार्थना जस्ता कार्यहरु गर्दा अनिवार्य रुपमा सामाजिक दुरी कायम गरि गर्न गराउने सिफारिस गर्ने,

११. वैकल्पिक उपायद्धारा विद्युतिय माध्यमबाट आवश्यक दैनिक उपभोग्य वस्तुहरु आपुर्ति गर्ने कार्यलाई प्रोत्साहित गर्न सिफारिस गर्ने,

१२. तराई मधेशमा जनघनत्व अत्याधिक धेरै हुने र अधिकांश वालबालिकाहरुको समुदाय विद्यालयहरुमा पठन पाठन हुने भएकाले उनीहरुलाई वैकल्पिक सिकाईबाट नियमित विद्यालय शिक्षा आर्जन गर्न नेपाल सरकारले उपलब्ध गराएको सिमकार्डको अधिकतम उपयोग गर्न ब्यापक प्रचार प्रसार गर्न सिफारिस गर्ने,

१३. सम्मानित सर्वोच्च अदालतबाट भएको अन्तर्राष्ट्रिय सीमा नियमन गरी व्यवस्थापन गर्ने कार्यमा तराई मधेशका सीमावर्ती क्षेत्रका आम सर्वसाधरणलाई सहयोग गर्न र कोभिड व्यवस्थापनमा योगदान गर्न प्रोत्साहित हुने गरी कार्यक्रम बनाई कार्यान्वयन गर्न सिफारिस गर्ने,

१४. यी कार्यहरु सफलतापूर्वक सम्पादन गर्न मधेशी आयोगले नेपाल सरकारलाई आवश्यक सवै प्रकारका सहयोग गर्ने र प्राप्त उपलब्धीहरुको अनुगमन गरी कार्यान्वयनका लागि गर्नुपर्ने विषयहरु देखिए नेपाल सरकारलाई सहयोग पुर्याउने,

१५. मधेशी आयोग ऐन, २०७४ को दफा ११ अन्तर्गत रही कोभिड-१९ महामारी नियन्त्रण लागि नेपाल सरकारले तोकेको कुनै निकाय वा सार्वजनिक संस्था आवश्यक समन्वय र सहकार्य गर्न मधेशी आयोग तत्पर रहेको व्यहोरा समेत नेपाल सरकारलाई अनुरोध गर्ने।

३.२ थप सुझाव तथा सिफारिसहरु

१. **वालवालिका सम्बन्धमा:** तराई मधेशका जिल्लाहरुमा वालबालिकाहरुको शिक्षामा पहुँच पुर्‍याई बालशोषण, बालश्रमिक र बालहिंसाको अन्त्य गरी सामुदायिक निजी सवै विद्यालयका वालवालिकालाई वैकल्पिक शिक्षामा पहुँच बढाउनुपर्ने ।

२. **महिला सम्बन्धमा:** महिलाहरुलाई राजनैतिक, आर्थिक शैक्षिक रुपले सशक्तीकरण गरी महिला माथि हुने सवै प्रकारका हिंसा, विभेद शोषणको अन्त्यका लागि कार्यक्रम संचालन गर्नुपर्ने ।

३. **अपाङ्गता सम्बन्धमा:** फरक क्षमता भएका व्यक्तिलाई समान व्यवहार गरी सहज जीवनयापनका लागि विशेष संरक्षणात्मक कार्यक्रमहरु गर्नुपर्ने ।

४. **शिक्षा सम्बन्धमा:** गुणात्मक शिक्षाको अभिवृद्धि गर्दै मातृभाषामा प्राथमिक तहको कक्षा संचालन गर्नु पर्ने र महिलाको लागि प्रौढशिक्षा संचालन गर्नुपर्ने ।

५. **स्वास्थ्य सम्बन्धमा:** गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाई महिला र वालवालिकामा स्वास्थ्य, जनचेतना फैलाउनका लागि कार्यक्रम संचालन हुनुपर्ने । स्थानीय भाषामा आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु खटाउन आवश्यक व्यवस्था गर्नुपर्ने ।

६. **कृषि सम्बन्धमा:** कृषिमा आधुनिकिकरण तथा बैज्ञानिकिकरणका लागि आवश्यक व्यवस्था हुनुपर्ने । कृषि बजारका लागि सरकारी मण्डीहाउसको व्यवस्था हुनुपर्ने । कृषकहरुका लागि न्युनतम मुल्य तोकिनुपर्ने।समयमै पर्याप्त विउ, मलको व्यवस्थाका लागि तराई मधेशमा उद्योग र भण्डारण केन्द्र हुनुपर्ने । उखु किसानहरुको गत विगतको वक्यौता रकम पाउनुपर्ने र उखु विक्री गरेको वेला तत्काल नगद भुक्तानी हुनुको साथै विविध समस्याहरु समाधान हुनुपर्ने ।

७. **उद्योग सम्बन्धमा:** औद्योगिक विकासको लागि तराई मधेशले अत्याधिक सम्भावना बोकेको हुनाले त्यसका लागि औद्योगिक वातावरण सिर्जना गर्नका लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने । बन्द भएका उद्योगहरुलाई पुन संचालनमा ल्याउनुपर्ने ।

८. **व्यापार सम्बन्धमा:** व्यवसायिक सुरक्षा, व्यापारका लागि उपयुक्त वातावरण र बजार अनुगमन मूल्याङ्कन निरन्तर हुनुपर्ने । तराई मधेशमा स्थानीय उत्पादन हुने वस्तुहरु निर्यातयोग्य बनाउन सरकारले प्रबर्द्धनात्मक कार्यहरु गर्नुपर्ने ।

९. **बैदेशिक रोजगारी सम्बन्धमा:** बैदेशिक रोजगारीलाई व्यवस्थित, भरपर्दो र मर्यादित बनाउनको लागि रोजगारीमा जानलाई श्रम सम्बन्धी शिक्षा, सीप, तालिम र स्वास्थ्य वीमाको व्यवस्था

लाई प्रभावकारी बनाउनुपर्ने र विदेशमा सिकेको ज्ञान सीप र कमाईलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्नुपर्ने ।महिलाको बैदेशिक रोजगारी संवेदनशिल भएको हुँदा विशेष व्यवस्था गर्नुपर्ने । बैदेशिक रोजगारीमा जाने क्रममा विभिन्न चरणहरुमा हुने गरेका ठगीहरुलाई निरोधात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक विधिबाट सम्बोधन गर्न भएका कानूनलाई कडाईका साथ कार्यान्वयन गर्ने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

१०. **युवा सम्बन्धमा:** युवा स्वरोजगार कार्यक्रमलाई प्रभावकारी बनाई उद्यमशिलता अभिवृद्धि गर्नुपर्ने र युवा जमातमा बढदै गएको कुलत, दुर्व्यशनलाई रोक्नका लागि कानूनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।

११. **नैतिक शिक्षा सम्बन्धमा :** परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने ।

१२. **खुला दिसामुक्त सम्बन्धमा:** खुला दिसामुक्त घोषित भइसकेका सबै वडा, पालिका र जिल्लास्तरमा सक्रिय अनुगमन गरी कार्यान्वयन प्रभावकारी बनाउन प्रबर्द्धनात्मक उपचारात्मक उपायहरु अबलम्बन गर्ने ।

१३. **साक्षरता अभियान सम्बन्धमा:** साक्षरता अभियान संचालन भएतापनि प्रदेश २ का ८ वटै जिल्लामा सकारात्मक प्रभाव पर्ने गरी Each one Teach one को उपाय अपनाएर भए पनि निरक्षरता उन्मुलन गर्नुपर्ने ।

१४. **कुरीति तथा अन्धविश्वास सम्बन्धमा:** बोक्सी आरोप, दहेज प्रथा, जातिय छुवाछुत, धामी झाँक्री जस्ता कुप्रथा सम्बन्धी नीति नियम बने पनि न्यायिक कार्यान्वयन प्रभावकारी नभएकोले स्थानीय, प्रादेशिक र संघीय सरकारद्वारा निरन्तर अनुगमन कारवाही र पुरस्कारको व्यवस्था गर्नुपर्ने ।

१५. **उच्च शिक्षा सम्बन्धमा:** उच्च शिक्षालाई विस्तार गर्दै तराई मधेशमा बोलिने राष्ट्रिय भाषामा विद्यावारिधीको व्यवस्था हुनुपर्ने ।

१६. **चाडपर्व र संस्कृति सम्बन्धमा:** तराई मधेशमा मनाइने महत्वपूर्ण चाडपर्वहरुमा प्रदेश सरकारले विदाको व्यवस्था मिलाउनुपर्ने ।

१७. **सिंचाई सम्बन्धमा:** अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्यन भए नभएको सम्बन्धमा तराई मधेशबाट प्रवाह हुने नदीहरुबाट हुनुपर्ने सिचाइको क्षेत्रहरुमा आवश्यक मात्रामा पानीको व्यवस्था गर्न सरकारले पहल गर्नुपर्ने ।

१८. **जनगुनासो सम्बन्धमा:** तराई मधेशमा स्थानीय पालिकास्तरमा, जिल्लास्तरमा र प्रदेशस्तरमा जनस्तरबाट गरिने गुनासोहरु स्थानीय राष्ट्रिय भाषामा समेत लिने र सम्बोधन गर्ने व्यवस्था हुनुपर्ने ।

१९. **सीमा क्षेत्रमा बाँध सम्बन्धमा :** नेपाल भारत सीमा क्षेत्रमा भारतद्वारा ठाउँठाउँमा अग्लो अग्लो बाँध बाधिएकोले सीमा क्षेत्रमा हुने डुबान र नेपाली किसानहरुले रोपाई गरेतापनि जलमग्न भई ठूलो मात्रामा धानवाली नष्ट हुन गएको देखिएकोले सो सम्बन्धमा उच्च स्तरीय टोली गठन गरी दुई देशबीच आपसी छलफल तथा समन्वय गरी किसानहरु मर्कामा नपर्ने गरी समस्या समाधान गर्ने तर्फ पहल गर्नु पर्ने ।

परिच्छेद –४

४.१ भौतिक स्रोत साधन र उपयोगको अवस्था

आयोगको आफ्नो घर-जग्गा छैन र ललितपुरको ज्वागलमा कार्यालयको लागि घर भाडामा लिई कामकाज गर्दै आइरहेको छ । भाडामा लिइएको घर सानो र साँघुरो भएको हुँदा आयोगका माननीय सदस्यहरु चार जनाको नियुक्ति भइसकेको अवस्थामा उहाँहरुको निजी सहायकहरुको लागि कार्यकक्ष व्यवस्थापनमा अभाव भएको छ ।

आयोगमा हाल भएको सवारी साधन, मेसिनरी औजार, फर्निचर लगायतका भौतिक स्रोत साधनको विस्तृत विवरण अनुसूची -७ मा उल्लेख गरिएको छ ।

परिच्छेद-५

उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु

५.१ उपलब्धीहरु

मधेशी आयोग ऐन २०७४ को दफा ८, ९, १०, र ११ माथि उल्लेखित कार्यहरुको आधारमा आयोगले आफ्नो कामकारवाहीको सम्बन्धमा बिभिन्न सरोकारवालाहरु, बिज्ञहरुसँग सल्लाह सुझाब लिई कार्य गरेको छ । विभिन्न संबैधानिक आयोगहरुसँग बैठक बसी आगामी दिनमा कसरी जान सकिन्छ भन्ने बारेमा छलफल गरिएका छन् । त्यसैगरी नागरिक समाजको अगुवासँग बैठक गरिएको छ।

१. मधेशी समुदायमा रहेको अन्धबिश्वास, बालविवाह,दाइजो प्रथा, छुवाछुत, धामीझाँक्री र सामाजिक कुरीती, चेतना प्रदान गर्ने कार्यक्रम प्रदेश नं. २ मा गरियो ।

२. मधेशी समुदायलाई सशक्तीकरण गर्न सरकारी सेवामा सहज पहुँचको तयारी कक्षा संचालन सम्बन्धी अभिमुखिकरण कार्यक्रम प्रदेश २, लुम्बिनी प्रदेश र प्रदेश १ मा गरियो।

३. उजुरीहरु संकलन गरी सो उपर छानबिन तथा तहकिकात गरी पिडितलाई न्याय दिलाउन र दोषीलाई कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस साथ लेखी पठाएको ।

४. आयोगको बारेमा जानकारी दिने उद्देश्यले नेपाली, मैथिली, भोजपुरी, अबधि भाषामा जिंगल निर्माण गरी स्थानीय एफएममा प्रशारण गरिएको ।

५. मधेशी समुदायको पहिचान गर्न विद्यमान द्वितीय तथ्यांकलाई आधार मानी थर सूचीकरण कार्य सम्पन्न गरी प्रारम्भिक प्रतिबेदन तयार भएको ।

६. आयोगको पञ्चबर्षीय रणनीतिक योजना तयार गरिएको ।

७. आयोगको बारेमा बिस्तृत जानकारी दिन रेडियो नेपालबाट पाक्षिक कार्यक्रम निर्माण गरी प्रसारण गरिएको

८. मधेशी आयोगको परिचय र तराइ मधेशको पर्यटकिय तथा धार्मीक क्षेत्रलाई समावेश गरेर २ वटा डकुमेन्ट्री तयार गरि नेपाल टेलिभिजनबाट प्रशारण गरियो ।

९. विद्यमान द्वितीय तथ्याङ्कको आधारमा मधेश प्रोफाइल निर्माण गरिएको ।

५.२ चुनौतीहरु

आयोगले दक्ष मानव स्रोत र जनशक्तिमा पूर्णता नपाउनु, आयोगको दायित्व पुरा गर्नका लागि स्रोत साधन सिमित हुनु, संवैधानिक र कानुनी जिम्मेवारी पुरा गर्न वित्तीय साधन अभाव रहनु मुख्य चुनौतीको रुपमा रहेको छ । आयोगका अन्य चुनौतीहरु यसप्रकार रहेका छन् ।

१. आयोगको आफ्नो जग्गा र भवन नहुँदा कार्यालय सहजतापूर्वक सञ्चालन गर्न नसक्नु।

२. आयोगको काम बढि जसो अध्ययन, अनुसन्धान र विश्लेषणमूलक भएकोले क्षमतावान कर्मचारी र विशेषज्ञको उपलब्धता कम हुनु तथा विज्ञ र विशेषज्ञको दरवन्दी नहुनु ।

३. मधेशी समुदायसँग सम्बन्धित एकिकृत तथ्यांकको विश्लेषणका लागि पर्याप्त बजेट नहुनु ।

४. मधेशी समुदायको अपेक्षित विश्वास जित्न नसक्नु ।

५. सिमित जनशक्ति, अपर्याप्त बजेट र स्रोतसाधनका बाबजुत मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्न सरकारलाई विश्लेषणात्मक र अनुसन्धानमूलक सूझाव दिन नसक्नु ।

६. कोरोना महामारीको प्रभाव र प्राकृतिक प्रकोपको गहनता तराई मधेशमा बढी देखिदा तोकिएको कार्यक्रम समयमै सम्पन्न गर्न नसकिएको र खोप कार्यक्रमले सबै क्षेत्र वर्ग समेटन नसकेको ।

७. मधेशी समुदायमा रहेको कुरीति, अन्धविश्वास, कुप्रथा र दाईजोप्रथा उन्मूलन गर्न नेपाल सरकारले आयोगलाई प्रभावकारी समन्वय गर्न सक्ने गरी क्षमता विकास गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।

८. आयोगको अधिकारक्षेत्र र समुदायको व्यापक आकांक्षा बीच तालमेल मिलाउनु ।

५.३ आयोगको अपेक्षा तथा भावी कदमहरु:-

१. मधेशी समुदायको गौरवपुर्ण भाषा संस्कृति परम्पराको संरक्षण र प्रबर्द्धनका रचनात्मक कार्यक्रमहरु तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्न आवश्यक मानवीय वित्तीय र भौतिक स्रोत साधन नेपाल सरकारबाट प्राप्त गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने ।

२. मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेका कार्यहरु सम्पन्न गर्नका लागि निर्माण गरिएको पञ्चवर्षिय योजना-अनुसार विविध क्षेत्रका विज्ञहरुको राय सुझाव अनुसार क्रमश कार्यान्वयन गर्दै लैजाने ।

३. आयोगलाई सुचना प्रविधीमैत्री गराउदै काम कारवाहीमा सूचना प्रविधिको प्रयोग बढाउँदै लैजाने।

४. मधेशी समुदाय भित्रका लक्षित वर्गको उत्थान तथा सशक्तीकरणको लागि प्रभावकारी रुपमा विविध कार्यक्रम संचालन गरिने ।

५. मधेशी समुदायको हक हित संरक्षण गर्दै अधिकार उलंघन गर्ने व्यक्ति वा संस्था विरुद्धको उजुरी संकलन, सिफारिस तथा अनुगमनलाई स्वस्फूर्त रुपमा संचालन गर्दै लगिने छ । कानुनी सल्लाहको लागि एकजना कानून विशेषज्ञको सेवा आयोगले नेपाल सरकारबाट अपेक्षा गरेको छ ।

६. मधेशी समुदाय सम्बन्धमा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि सिफारिस गरिनेछ वा सुझाव दिईनेछ ।

७. आयोगको संस्थागत विकास अन्तर्गत पर्ने भवन तथा भौतिक संरचना निर्माण वा प्राप्तिको लागि आवश्यक पहल गरिनेछ ।

८. सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय, सहकार्य गरी आयोगका क्रियाकलापहरुमा गुणात्मक सहभागिता वृद्धि गर्ने।

९. संवैधानिक मर्म अनुसार आयोगको कार्य क्षेत्र भित्रका विषयहरुमा निरन्तर रुपमा अनुगमन, मूल्याङ्कन र समिक्षा गर्दै लैजाने ।

१०. सम्बन्धित क्षेत्रका ख्याति प्राप्त विज्ञहरुको राय सुझाव साथै संलग्नतामा संविधानले तोकेका आयोगको काम, कर्तव्य साथै अधिकारका विषयहरुमा आयोगको कार्यसम्पादनलाई थप प्रभावकारी पार्दै लैजाने ।

११. मधेशी समुदायसँग सम्बन्धित एकीकृत तथ्यांकलाई सरल, एकिकृत र व्यवस्थित रुपमा राखी वहुउपयोगी बनाउँदै लैजाने ।

१२. प्राप्त थर सूचीकरणको प्रतिवेदनलाई अन्तिम स्वरुप प्रदान गर्न कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकारमा सिफारिस गर्ने ।

१३. मधेश प्रोफाइललाई विश्लेषणात्मक तरिकाबाट सुक्ष्म अध्ययन गरी गराई नेपाल सरकारमा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गरी सुझाव सहित पठाउने ।

१४. नैतिक शिक्षाको माध्यमबाट समाजलाई सहि बाटोमा लैजानको लागि विद्यालयहरुमार्फत कार्यक्रम कार्यान्वयन गर्न स्थानीय र प्रदेश सरकारलाई सिफारिस गर्ने ।

१५. नेपालको भूगोल र इतिहासको सर्वसुलभ जानकारी गराउन विद्यालयहरुमा "नेपाल परिचय" विषय अध्यापन गराउन उत्प्रेरणा जागरण कार्यक्रमलाई प्रभावकारी बनाउने गरी पाठ्यक्रम बनाउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

परिच्छेद-६

६.१ वार्षिक कार्यक्रम र खर्च

यस आयोगको लागि आ.व. २०७७/७८ को निमित्त विनियोजन भएको बजेट र खर्चको आर्थिक विवरण अनुसूची ८ मा समावेश गरिएको छ ।

अनुसूची १: (परिच्छेद १ सँग सम्बन्धित)
मधेशी आयोगको संगठन संरचना



करार सेवा

- निजी सहायक-५
- ह.स.चा.-५
- का.स.-२

अनुसूची २
आयोगमा कार्यरत कर्मचारीहरुको विवरण

क्र.सं.	पद	श्रेणी	सेवा	कार्यरत कर्मचारीहरुको नाम	कैफियत
१.	सचिव	रा.प. प्रथम	प्रशासन	लोकनाथ पौडयाल	
२.	उपसचिव	रा.प द्धितीय	प्रशासन	भुबन बहादर कार्की	
३.	उपसचिव	रा.प. द्धितीय	प्रशासन	सविता डंगोल	
४.	शाखा अधिकृत	रा.प. तृतीय	प्रशासन	रमेश कुमार दास	
५.	शाखा अधिकृत	रा.प. तृतीय	प्रशासन	विन्दु देवी शर्मा	
६.	नायव सुब्बा	रा.प. अनं. प्रथम	प्रशासन	मदन नारायण मल्लिक	
७.	लेखापाल	रा.प. अनं. प्रथम	प्रशासन	रमेश पाण्डे	
८.	कम्प्युटर अपरेटर	रा.प. अनं. प्रथम	विविध	अमित कुमार साह	
९.	नायव सुब्बा	रा.प. अनं. प्रथम	प्रशासन	ललित कुमार साह	
१०	नायव सुब्बा	रा.प. अनं. प्रथम	प्रशासन	सुन्दर प्रसाद निरौला	
११	मा. अध्यक्षज्यूको निजी सहायक	रा.प. अनं. प्रथम सरह		दिपेन्द्र कुमार यादव	करार
१२	मा. सदस्यज्यूको निजी सहायक	रा.प. अनं. प्रथम सरह		नरेन्द्र कुमार साह	करार
१३	मा. सदस्यज्यूको निजी सहायक	रा.प. अनं. प्रथम सरह		अभिषेक साह	करार

१४	मा. सदस्यज्यूको निजी सहायक	रा.प. अनं. प्रथम सरह		विज्ञान कुमार यादव	करार
१५	मा. सदस्यज्यूको निजी सहायक	रा.प. अनं. प्रथम सरह		राजहंश सहि	करार
१६	हलुका सवारी चालक	श्रेणीविहीन	प्रशासन	इश्वर प्रसाद गुनी	करार
१७	हलुका सवारी चालक	श्रेणीविहीन	प्रशासन	भुबल भण्डारी	करार
१८	हलुका सवारी चालक	श्रेणीविहीन	प्रशासन	रुपेश कुमार ठाकुर	करार
१९	हलुका सवारी चालक	श्रेणीविहीन	प्रशासन	कृष्ण गोपाल श्रेष्ठ	करार
२०	हलुका सवारी चालक	श्रेणीविहीन	प्रशासन	तिलक बहादुर तामाङ्ग	करार
२१	हलुका सवारी चालक	श्रेणीविहीन	प्रशासन	डम्बर बहादुर विश्वकर्मा	करार
२२	कार्यालय सहयोगी	श्रेणीविहीन	प्रशासन	सिता थापा	करार
२३	कार्यालय सहयोगी	श्रेणीविहीन	प्रशासन	गिरीजेश कोइरी	करार
२४	कार्यालय सहयोगी	श्रेणीविहीन	प्रशासन	शारदा अधिकारी	करार
२५	कार्यालय सहयोगी	श्रेणीविहीन	प्रशासन	सूर्य बहादुर खत्री	करार
२६	कार्यालय सहयोगी	श्रेणीविहीन	प्रशासन	कमल नारायण लाभ कर्ण	करार
२७	कार्यालय सहयोगी	श्रेणीविहीन	प्रशासन	माया पोडे पुजारी	करार

अनुसुची -३ आयोगमा परेका उजुरीहरुको विवरण

दर्ता नं.	मिति	उजुरीकर्ताको नाम	माध्यम	विवरण
१	२०७७।०४।०४	दिनेश पुर्वे	प्रत्यक्ष	श्री राम जानकी खेलकुद विकास संस्था विवाह प्रतिमा निर्माण मन्त्रिपरिषद्बाट स्वीकृत एवं सिलान्यास सम्बन्धमा ।
२	२०७७।०४।१३	शिवम साह	प्रत्यक्ष	विन्दाबासिनी गा.पा. मा विकासको रकम खर्च नगरेको र भ्रष्टाचार गरेको
३	२०७७।०४।१४	मिडिया	मिडिया	विश्व विद्यालयको परीक्षा प्रणाली र अध्ययन अध्यापन लगभग शून्य अवस्थामा रहेको
४	२०७७।०४।१६	मिडिया	मिडिया	राजश्री जनक विश्वविद्यालयमा व्यापक शैक्षिक अनियमितता
५	२०७७।०४।१६	मिडिया	मिडिया	प्रदेश २ का सामुदायिक विद्यालयहरुमा व्यापक शैक्षिक अनियमितता
६	२०७७।०४।१८	इरफान सेफ (नेपालगंज)	फोन/ म्यासेन्जर	मलको व्यापक अभाव, बाँके, बर्दिया सहितका जिल्लाहरु
७	२०७७।०४।१८	मा. तेजुलाल चौधरी	मेसेन्जर	बाढी पहिरो तथा नदी नियन्त्रण सम्बन्धमा
८	२०७७।०४।२३	मिडिया, स्वास्थ्यकर्मी	मिडिया	प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको स्वास्थ्यकर्मीको क्वारेन्टाइन यातनागृह जस्तो बनेको
९	२०७७।०४।२३	Office of mad-heshi human right	प्रत्यक्ष	Demand for justice for Shambhu sada and Raju sada
१०	२०७७।०४।२३	मिडिया	मिडिया	महोत्तरी निवासी गंगादेवि साहलाई गलत ब्लड ग्रुप चढाउदा रामजानकी अस्पताल जनकपुरधाममा मृत्य भएको

११	२०७७।०४।२५	मिडिया	मिडिया	विरगंजमा २० बर्षिय युवती सहित ३ जनालाई अस्पतालहरुमा भर्ना नगरीएकोले मृत्यु भएको
१२	२०७७।०४।२५	श्री राजकुमार महतो	फोन/ म्यासेन्जर	बागमति प्रदेशको सामाजिक विकास मन्त्रालयका उपसचिवले WHO का कर्मचारी राजकुमार महतोलाई हेटौडामै दुर्व्यवहार गरेको र पछि जागिरबाट समेत निकालिएको सम्बन्धमा ।
१३	२०७७।०४।२६	रिता महतो	म्यासेन्जर	५० बर्षिय रामकान्त चौधरीले मानसीक स्थिति ठिक नभएकी १३ बर्षिय अस्मिता चौधरीलाई बलात्कार गरिएको सम्बन्धमा ।
१४	२०७७।०४।२८	विजय साह	प्रत्यक्ष	सामान ल्याएर उक्त सामानको भुक्तानी नदिएको सम्बन्धमा ।
१५	२०७७।०५।०२	निकिता कर्ण, धनुषा	फोन	४/५ जना मिलेर घनश्याम कर्णलाई निर्घात कुटपिट गरेको सम्बन्धमा ।
१६	२०७७।०५।०१	राजकुमार यादव	फोन/ म्यासेन्जर	कोभिड अस्पताल जनकपुरमा खाना, पानी, औषधि अक्सिजन केही नदिएर र धेरै हेलचक्राई गरेकोले दिल मोहम्मद अन्सारीको मृत्यु भएको सम्बन्धमा ।
१७	२०७७।०५।०४	मिडिया/पुजारीहरु	मिडिया	रौतहट माधवनारायण न.पा. २ का पुजारी राम साहको हत्या
१८	२०७७।०५।०५	दिनेश चन्द्र गुप्ता	प्रत्यक्ष	हेलिकप्टरलाई उडान अनुमति नदिएको धनुषा जनकपुरधाम
१९	२०७७।०५।०७	अर्जुन केशरी	इमेल	हेटौडा न.पा. मा वडा सचिव र सेनाको कारणले PCR Test को हेरफेर गरी लास लगिएको सम्बन्धमा

२०	२०७७।०५।१४	प्रमानन्द झा	फोनबाट	बलान विहुल वडा ४ सप्तरी सहितका क्षेत्रहरुमा सीमा खुल्ला रहेको र प्रशासन मुकदर्शक बनेको
२१	२०७७।०५।१५	नाम खुलाउन नचाहेको	फोनबाट	महोतरीमा प्रहरी नायब उपरीक्षले मधेशी समुदायका प्रहरी कर्मचारीप्रति नकारात्मक सोच र धारणा राखेको सम्बन्धमा
२२	२०७७।०५।१५	मिडया र दलित महासंघ	मिडिया	रौतहतमा प्रहरी हिरासतमा विजय रामको मृत्यु भएको सम्बन्धमा
२३	२०७७।०५।१६	अनिल कुमार मिश्र कान्तिपुर टिभि	मिडिया	ऐतिहासिक स्थल तथा पोखरीहरुको अतिक्रमण हुदै गएको र सरोकारवालाहरु मुकदर्शक बनेको
२४	२०७७।०५।१६	उमेश कुमार यादव	फोन/ म्यासेन्जर	प्रदेश २ मा केही दिन अघिदेखी दलितको हत्या भइरहेको सम्बन्धमा
२५	२०७७।०५।१८	महादेव ठाकुर	प्रत्यक्ष	सामाजिक संजालबाट भिडियो हटाइ कारवाही गर्ने सम्बन्धमा
२६	२०७७।५।१८	राजकुमार महतो	फोन/ म्यासेन्जर	नेपालको संविधानको परिकल्पना र धारा २४ विपरित जातिय विभेद गरी षडयन्त्रमुलक तरिकाले म माथी गरिएको अन्याय विरुद्ध न्यायको लागि आग्रह
२७	२०७७।०५।१९	पत्र पत्रिकाबाट	अप्रत्यक्ष	अवैध क्लिनिकमा शल्यक्रिया गराउदा सुत्केरीको मृत्यु
२८	२०७७।०५।२१	निरन्जन दास	प्रत्यक्ष	कथबनीया जातिलाई अल्पसंख्यक जातिमा समावेश गर्नुपर्ने सम्बन्धमा ।
२९	२०७७।०५।२१	इन्दु देवी	प्रत्यक्ष	स्वास्थ्यकर्मीलाई जोखिम भत्ता प्राप्त नभएको सम्बन्धमा

३०	२०७७।०५।२८	आभास कुमार	अप्रत्यक्ष	प्रदेश २ को सरकारले PCR, ICU र भेन्टीलेटरको उचित व्यवस्थापन नगरेको सम्बन्धमा
३१	२०७७।०५।२८	मिडिया	अप्रत्यक्ष	किर्तिपुरमा घरभाडामा बस्ने मानिसलाई घरवेटीले हत्या गरेको सम्बन्धमा ।
३२	२०७७।०५।२९	नाम खुलाउन नचाहेको	अप्रत्यक्ष	धनुषा नगराईन न.पा.वडा नं.७ मा रहेको शिव मन्दिरमा फोहर फालेको विवादमा परि २ दर्जन भन्दा बढि मानिस घाइते भएको सम्बन्धमा
३३	२०७७।०५।२९	नाम खुलाउन नचाहेको	अप्रत्यक्ष	धनुषाको विदेह न.पा. हंसपुर न.पा. जनकपुरधाम उप महानगरपालिका सहितका तराई मधेशका जिल्लामा निर्वाचित प्रतिनिधिहरुको विचमा नै विवादका कारण विकासका कामहरु रोकिएको
३४	२०७७।०५।३०	विविध	प्रत्यक्ष	जनजिज्ञासाहरुको आधारमा मा.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूलाई पेश गरेको विषयवस्तु
३५	२०७७।०५।३०	परमेश्वर कापडि	प्रत्यक्ष	तलब भत्ता, पेन्सन आदि नदिए आत्मदाह गर्न पाउ बारे
३६	२०७७।०६।०१	देवेश झा	अप्रत्यक्ष	न्याय नपाएपछि बतात्कृत किशोरीले गरिन आत्महत्या
३७	२०७७।०६।०२	अजय सिंह	अप्रत्यक्ष	कुलमान घिसिङ्ग पुन नियुक्तीको लागि शान्तिपुर्ण प्रदर्शन गरिरहेको बब्लु गुप्तालाई प्रहरीबाट निर्घात कुटपिट गरेको सम्बन्धमा ।
३८	२०७७।०६।०२	मिडिया	अप्रत्यक्ष	स्वास्थ्यकर्मीहरुको लापरवाहीको कारण विरामीको मृत्यु भएको सम्बन्धमा

३९	२०७७।०६।०५	मिडिया (नयाँ पत्रिका)	अप्रत्यक्ष	बोक्सी बकाउन मध्यरातमा मन्दिरमा पञ्चायती, कुटपिट गरी मलमुत्र खुवाइएकी महिला अस्पतालमा
४०	२०७७।०६।०५	मिडिया (नयाँ पत्रिका)	अप्रत्यक्ष	आठ महिनामा मात्रै मधेशमा १० महिलालाईबोक्सीको आरोपमा दुर्व्यवहार
४१	२०७७।०६।०६	मिडिया (कान्तिपुर राष्ट्रिय दैनिक)	प्रत्यक्ष	बलात्कारीलाई जोगाउन वडाध्यक्षकै पंचायती
४२	२०७७।०६।०६	ध्रुब नारायण लाल दास(कर्ण)	प्रत्यक्ष	राजिनामा जोतहा अस्थायी निस्सा ३ नं. अनुसुचित फारम, सात नम्बर फारम फाँटवारी रसीद प्रदिप नारायण लाल दासको नाममा रहेको जग्गा खोज तलास गरी निजको छोराको नाममा दर्ता गरी पाउँ भन्ने सम्बन्ध।
४३	२०७७।०६।०६	पुनम जयसवाल, शिवनन्दन जयसवाल	प्रत्यक्ष	रुपन्देही भैरहवा निवासि ६३ बर्षिय राम लखन जयसवालको विर अस्पतालमा मृत्यू भएको सम्बन्धमा
४४	२०७७।०६।०७	प्रब्बल सिंह	प्रत्यक्ष	क्षतिपुर्ति सुविधा र न्याय दिलाई पाउँ भन्ने सम्बन्धमा
४५	२०७७।०६।०८	नेपाल कुशवाहा कल्याण समाज	प्रत्यक्ष	ध्यानाकर्षण गराउने सम्बन्धमा
४६	२०७७।०६।०८	जन जिज्ञासाहरु	प्रत्यक्ष	मा. युवा तथा खेलकुद मन्त्रिज्युसँगका जनताका जनजिज्ञासाहरु
४७	२०७७।०६।०८	जन जिज्ञासाहरु	प्रत्यक्ष	मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीसँगका जनताका जन जिज्ञासाहरु
४८	२०७७।०६।०८	संतोष यादव	पत्र / मेसेन्जर	चासो राखदिने सम्बन्धमा

४९	२०७७।०६।१८	नाम खुलाउन नचाहेको	मिडिया	रौतहटको वृन्दावन न.पा. मा एक १६ बर्षिय बालिकालाई बलात्कार पछि हत्या गरेको सम्बन्धमा ।
५०	२०७७।०६।१८	मिडिया	पत्रपत्रिका कान्तीपुर दैनिक	महिला हिंसा रोक्ने सम्बन्धमा ।
५१	२०७७।०६।१९	मिडिया	पत्रपत्रिका कान्तीपुर दैनिक	मधेशमा सरकारी राहतः कोकले गरिबको ज्यान जाँदा पनि १४ करोडको राहत स्टोरमा कुहिएको सम्बन्धमा
५२	२०७७।०६।२१	पत्रपत्रिका	नयाँ पत्रिका अप्रत्यक्ष	बोक्सीको आरोपमा यातना दिएको सम्बन्धमा
५३	२०७७।०६।२६	विरेन्द्र कुमार	अप्रत्यक्ष	सिराहा अस्पतालले फोहोरमा रहेको प्लाष्टिकलाई जलाउने गरेको त्यसबाट प्रदुषण फैलने गरेकाले समाधान गर्नुपर्ने सम्बन्धमा ।
५४	२०७७।०६।२६	श्रवण भण्डारी	अप्रत्यक्ष	भंगाहा न.पा.-४, राम नगर विर्तामा मल्हु सदा र विन्दु सदालाई मालिकले चोरीको आरोप लगाई कुटपिट गरेको र प्रहरीले पनि विशेष चासो नदिएको सम्बन्धमा
५५	२०७७।०७।१७	विन्दी यादव, सप्तरी	प्रत्यक्ष	बलान नदी द्वारा एक सय विघा उब्जाउ जग्गा कटान हुदासम्म प्रदेश सरकार मौन रहेको सम्बन्धमा ।
५६	२०७७।०७।१७	कैलाश यादव, सप्तरी बलान विहुल गा.पा. ४	प्रत्यक्ष	हेल्थपोष्टको न्युनतम सेवा सुविधाहरु पनि उपलब्ध नभएको सम्बन्धमा ।
५७	२०७७।०७।१७	श्रविन मिश्र	प्रत्यक्ष	कर्णाली झै विकट बलान विहुलमा एम्बुलेन्सको समेत सेवा सुविधा नभएको सम्बन्धमा ।

५८	२०७७।०७।१७	हंसु मिया	प्रत्यक्ष	सिंचाईको अवस्था अति न्युनतम अवस्थामा रहेको सम्बन्धमा
५९	२०७७।०७।१७	हंसु मिया	प्रत्यक्ष	कृषिका कर्मचारीहरु सम्बन्धित स्थानमा देखा पनि नपर्ने भएको सम्बन्धमा
६०	२०७७।०७।१७	श्रविन मिश्र	प्रत्यक्ष	माध्यमिक शिक्षाको लागि १० किलोमिटरको असजिलो यात्रा गर्नुपर्ने बाध्यता रहेको
६१	२०७७।०७।१७	शिवनाथ गामी, सप्तरी	प्रत्यक्ष	सीपमूलक तालिम र आयआर्जनको अवस्था दयनीय रहेको
६२	२०७७।०७।१७	शिवनाथ गामी, सप्तरी	प्रत्यक्ष	समावेशीकरणमा ठुलो समस्या देखिएको सम्बन्धमा
६३	२०७७।०७।१७	रामलखन गुप्ता	प्रत्यक्ष	महिला सशक्तीकरण र विपन्नवर्गको सशक्तीकरण सम्बन्धमा ।
६४	२०७७।०७।१७	उमेश यादव	प्रत्यक्ष	उचित खर्च हुनुपर्ने स्थानमा खर्च नभई माटो र बाटोमै खर्च हुने गरेकोले यस आयोगबाट सम्बन्धित निकायमा पहल गरिपाउँ ।
६५	२०७७।०७।१७	उमेश यादव	प्रत्यक्ष	कोशी नदीको पानी सिचाईमा उपयोग नभएको सम्बन्धमा
६६	२०७७।०७।१७	प्रकाश यादव	प्रत्यक्ष	प्राविधिक विद्यालय र युवा सशक्तीकरण सम्बन्धमा सीमावर्ति पालिकाहरुमा कुनै कार्यक्रम संचालन भएको सम्बन्धमा ।
६७	२०७७।०७।१७	दयानन्द गोइत	प्रत्यक्ष	खुला सीमाले गर्दा विभिन्न विकृति र अपराध जन्माएकोले आगामी दिनहरुमा विकृतिहरु नआउनको लागि पहल गरिदिने सम्बन्धमा ।
६८	२०७७।०७।१७	बैधनाथ झा	प्रत्यक्ष	कोशी सिंचाईको लागि पम्प नहरलाई प्रभावकारी प्रयोग नभएको

६९	२०७७।०७।१७	बैधनाथ झा	प्रत्यक्ष	पुरुष हिंसा, महिला हिंसा, बलात्कार, धामीझाक्री दाइजो प्रथा जस्ता कुरितीहरुको सम्बन्धमा ।
७०	२०७७।०७।१७	माला कर्ण	प्रत्यक्ष	विजुली अनियमित हुदै गएकोले यस आयोगबाट सम्बन्धित निकायमा पहल गरिदिन ।
७१	२०७७।०७।१७	ध्रुब कुमार दत्त	प्रत्यक्ष	निजामती कितावखाना र खानेपानी मन्त्रालयबाट गलत पत्रचार गरिएको सम्बन्धमा ।
७२	२०७७।०७।१७	मानव अधिकार रक्षक संजाल, धनुषा	प्रत्यक्ष	लकडाउनको समयमा बालबालिका, आत्महत्या, घरेलु हिंसा, बलात्कार, युवाहरुमा अनुशासनहीनता, दाइजो प्रथा, झुट्टा मुद्दाहरु, कुटपिट, घरायशी, झै झगडाहरु बढदै गएकोमा राष्ट्रिय मानव अधिकार आयोगको प्रादेशिक कार्यालयले जवाफदेही कार्य गर्न नसकेको सम्बन्धमा ।
७३	२०७७।०७।१७	बराही कुटी र सुरी कुटीका महन्थ	प्रत्यक्ष	पुरातात्विकको दृष्टीले एक सय बर्ष पुरा भई सकेका जनकपुरधामका सुरीकुटी र बरहीकुटी अझै पुरातत्व विभागमा सुचिकृत नभएको सम्बन्धमा ।
७४	२०७७।०७।१७	स्थानीय बासिन्दा	प्रत्यक्ष	ऐतिहासिक ५२ विघा क्षेत्र प्रभावकारी उत्खनन र संरक्षण हुन नसकेको सम्बन्धमा ।
७५	२०७७।०७।१७	स्थानीय बासिन्दा	प्रत्यक्ष	जनकपुरधाम सहितका क्षेत्रहरुमा राष्ट्रिय जनावर गाईको उचित संरक्षण हुन नसकेको सम्बन्धमा ।

७६	२०७७।०७।१७	नयीम अंसारी र रोशन यादव	प्रत्यक्ष	प्रदेश २ का माननीय मन्त्री जितेन्द्र सोनालले बलान खोला तत्काल नियन्त्रण गर्ने, युवालाई स्वरोजगार उन्मुख कार्यक्रममा लगाइने कृषिलाई प्राथमिककरण गर्ने भनेतापनि केही पनि हुन नसकेकोले तत्काल ध्यानाकर्षण गराउनुपर्ने सम्बन्धमा ।
७७	२०७७।०७।१७	रामलखन साह	प्रत्यक्ष	कृषि प्राविधिक, जेटिए सहित प्राविधिक सिमावर्ती पालिकाहरुतिर जादै नजाने गरेको सम्बन्धमा ।
७८	२०७७।०७।१७	जितेन्द्र चौधरी, महोत्तरी	प्रत्यक्ष	सिचाईको सुविधा, स्वास्थ्यको सुविधा, कृषिको प्राविधिकहरु सिमावर्ती गाउहरुमा शुन्य अवस्थामा रहेको सम्बन्धमा ।
७९	२०७७।०७।१७	प्रदिप कँडेल	प्रत्यक्ष	अन्धविश्वास र वोक्सी प्रथा रोक्नको लागि धामी झाक्रीहरुसँगको प्रभावकारी कार्य हुन नसकेको सम्बन्धमा।
८०	२०७७।०७।१७	मन्जु यादव	प्रत्यक्ष	सरकारी रकम भगता भवन (धामीझाक्री) निर्माण कार्यमा खर्च हुने गरेको सम्बन्धमा ।
८१	२०७७।०७।१७	मन्जु यादव	प्रत्यक्ष	कमला मेला महिला हिंसाको केन्द्र बनेको तत्काल नियमन तथा नियन्त्रण गर्ने सम्बन्धमा ।
८२	२०७७।०७।१७	नाम खुलाउन नचाहेको	प्रत्यक्ष	पर्सा विन्ध्याबासिनी गा.पा.मा मुकेश चौरसियाको हत्या (२०७७।०७।०६) मा भएकोले यस आयोगले सम्बन्धित निकायलाई पहल गरी दोषीलाई कडा भन्दा कडा कारवाही गरियोस भन्ने सम्बन्धमा

८३	२०७७।०७।१७	प्रदिप कँडेल	प्रत्यक्ष	पण्डित र पुरोहित बाट नै विवाह गर्ने गराइएकोले सो को लागि तत्काल कदम चाल्नुपर्ने भएको सम्बन्धमा
८४	२०७७।०७।१७	नाम खुलाउन नचाहेको	अप्रत्यक्ष	बारा जिल्ला सर्वण गा.पा. ४ मा १४ बर्षिय बच्चा प्रहरीको गोली द्वारा मृत्यु भएकोले सो सम्बन्धि छानविन गरी दोषी माथी कारवाही गरिपाउँ भन्ने सम्बन्धमा
८५	२०७७।०७।१७	पत्रपत्रिका	अप्रत्यक्ष	सिमकार्डमा तस्करीको जाल सम्बन्धमा
८६	२०७७।०७।१७	पत्रपत्रिका	अप्रत्यक्ष	मधेशको पहिलो क बर्गको राष्ट्रिय दैनिकमा जनकपुर टुडे पत्रिका कसरी परेको ?
८७	२०७७।०७।१७	नाम खुलाउन नचाहेको	अप्रत्यक्ष	सप्तरी जिल्ला सहितका जिल्लाहरुमा खेलकुदको अवस्था शुन्य बन्दै गएको र युवाहरु गैर कानूनी कार्य संलग्न हुनै गएको (ड्रग युजर बढ्दैगएको सम्बन्धमा)
८८	२०७७।०७।१७	अप्रत्यक्ष	अप्रत्यक्ष	प्रदेश ५ को तराई मधेशको सीमावर्ति जिल्लाहरुमा बालविवाहको बिक्रान्त बढ्दै गएको सम्बन्धमा
८९	२०७७।०७।१९	पदमलाल श्रेष्ठ	प्रत्यक्ष	ठोरी गा.पा. मा प्रदेश सरकारको लगानी शुन्य रहेको सम्बन्धमा
९०	२०७७।०७।२०	कृष्ण मोहन यादव	प्रत्यक्ष	पर्सा न.पा. जगनाथपुरमा खुला दिसामुक्त क्षेत्र भनेतापनि कागजमा मात्र सिमित रहेको सम्बन्धमा
९१	२०७७।०७।२०	महेश यादव	प्रत्यक्ष	पर्सा न.पा. जगनाथपुरका विद्यालयहरुमा ३० प्रतिशत मात्र बालबालिकाको पहुँच भएको

९२	२०७७।०७।२०	सुरेश मश्रि	प्रत्यक्ष	बालबिवाह उच्च विन्दुमा रहेको सम्बन्धमा
९३	२०७७।०७।२०	कृष्ण मोहन यादव	प्रत्यक्ष	विकासको रकम ब्यापक दुरुपयोग भएको सम्बन्धमा
९४	२०७७।०७।२०	रोशनी साह	प्रत्यक्ष	जनप्रतिनिधिहरु संवेदनहिन हुदैगएकोले जवाफदेही बनाउनुपर्ने सम्बन्धमा
९५	२०७७।०७।२१	रामरोशन दास	प्रत्यक्ष	गुरु शिष्य परम्परालाई गुठीले मिच्ने गरेको
९६	२०७७।०७।२१	सुमन यादव, रौतहट	प्रत्यक्ष	योजनावद्ध तरिकाले नेपाल भारत सिमाना बन्द गरेको सम्बन्धमा
९७	२०७७।०७।२२	नागरिक समाज, रौतहट	प्रत्यक्ष	गलत उजुरी र नागरिकता लिनेहरुकै बोलवाला हुने गरेको सम्बन्धमा
९८	२०७७।०७।२२	शिक्षकहरु	प्रत्यक्ष	आइसोलेशन सेन्टर शैक्षिक संस्थामा रहेकोले कक्षा र परीक्षा कसरी संचालन गर्ने भन्ने सम्बन्धमा
९९	२०७७।०७।२२	नागरिक समाज, रौतहट	प्रत्यक्ष	मदर्शाहरुमा कालोपर्दा प्रथा रहेकोले तत्काल अन्त्य गर्नुपर्ने सम्बन्धमा
१००	२०७७।०७।२३	पनिलाल राम र सोनेवाल राम रौतहट गरुडा	प्रत्यक्ष	विजयराम र निरञ्जन राम हत्याको अनुसन्धान चित बुझ्दो नभएकोले पुनः अनुसन्धान हुनुपर्ने सम्बन्धमा
१०१	२०७७।०७।२३	कृष्णमती देवी राम र बास्मतिया देवी राम	प्रत्यक्ष	दलित माथीको अन्याय हटाई न्याय गरिनुपर्ने सम्बन्धमा
१०२	२०७७।०७।२४	नरेन्द्र नारायण सहु, सप्तरी	प्रत्यक्ष	कोशी पम्प नहरमा दशकौ देखि पानी नआएको सम्बन्धमा
१०३	२०७७।०७।२४	राधे पासमान, सप्तरी	प्रत्यक्ष	किसानहरुले मल विउ र विक्रिको लागी बजार नपाएकव सम्बन्धमा

१०४	२०७७।०७।२४	कालुदास	प्रत्यक्ष	दिनाभद्रीमा ऐतिहासिक तथा पुरातात्विक अध्ययन हुनुपर्ने सम्बन्धमा
१०५	२०७७।०७।२५	नागरिक समाज	अप्रत्यक्ष	मापदण्ड विपरितनै क्रमश उद्योगधन्दाहरु संचालन भएको सम्बन्धमा
१०६	२०७७।०७।२८	युबल किशोर	प्रत्यक्ष	डा. जयबल्लभ लाल दास आधुनिक निर्मातालाई सम्मान हुनुपर्ने सम्बन्धमा।
१०७	२०७७।०७।२८	अनिल झा	प्रत्यक्ष	सीमा नाकाहरु संचालनमा आउनुपर्ने सम्बन्धमा
१०८	२०७७।०७।२८	विरेन्द्र झा	प्रत्यक्ष	कनिष्ठ कर्मचारीलाई पालिकाहरुमा प्रशासकिय प्रमुख बनाइएको सम्बन्धमा
१०९	२०७७।०८।०३	राम नारायण मण्डल, सप्तरी	प्रत्यक्ष	जातीय ध्रुबिकरण बढ्दै गएको सम्बन्धमा
११०	२०७७।०८।०४	अयुब अंसार, सुनसरी	प्रत्यक्ष	कोशी टापु आरक्षलाई निकुञ्ज बनाउनुपर्ने सम्बन्धमा
१११	२०७७।०८।०४	राजाराम साह	प्रत्यक्ष	प्रदेश सरकारको लगानी प्रभावकारी नभएको सम्बन्धमा
११२	२०७७।०८।०४	नागरिक समाज	अप्रत्यक्ष	जनकपुर-जयनगर रेल्बे संचालन नभएको तत्काल संचालन गर्नुपर्ने सम्बन्धमा
११३	२०७७।०८।१०	पत्रपत्रिका	अप्रत्यक्ष	महोत्तरी बर्दिबासमा ६ बर्षिया अबोध बालिका गुलाब साह खातुनको बलात्कार पछि हत्या भएकोले सो सम्बन्धी छानविन गरी दोषीमाथी कारवाही होस भन्ने सम्बन्धमा

११४	२०७७।०८।१०	राजिब साह	प्रत्यक्ष	प्रदेश २ का जिल्लाहरुमा सरुवामा व्यापक प्रभाव र दबाब हुने गरेको सम्बन्धमा
११५	२०७७।०८।११	अजय सिंह क्षेत्री	Whatsapp	मधेशी प्रमाणित गरी पाउ भन्ने सम्बन्धमा
११६	२०७७।०८।१२	रामबाबु यादव	प्रत्यक्ष	अनलाइन माध्यमबाट गरिने रकम ट्रान्सफर रकम काट्ने गरेको
११७	२०७७।०८।१५	सतेन्द्र यादव	प्रत्यक्ष	सरकारले घोषणा गरेको सहुलियत ऋण बैंकहरुले सहुलियत ढंगबाट उपलब्ध नगराएको सम्बन्धमा
११८	२०७७।०८।१५	राम बिनय महतो	प्रत्यक्ष	बैंकहरुले प्राप्त मुनाफाको नियमानुसार सामुदायिक क्षेत्रमा खर्च नगरेको सम्बन्धमा
११९	२०७७।०८।१९	मिडिया स्थानीय स्वास्थ्यकर्मी र शिक्षकहरु	अप्रत्यक्ष	रौतहटको राजदेवी न.पा. मा ५, ६ महिनादेखी विकासको काम अवरुद्ध भएको र स्वास्थ्यकर्मी तथा शिक्षकहरुले ५ महिनादेखि तलब नपाएको सम्बन्धमा
१२०	२०७७।०८।२३	नाम खुलाउन नचाहेको	अप्रत्यक्ष	रौतहटको राजदेवी न.पा. मा ५, ६ महिनादेखि विकासको काम अवरुद्ध भएको र स्वास्थ्यकर्मी तथा शिक्षकहरुले ५ महिनादेखि तलब नपाएको सम्बन्धमा
१२१	२०७७।०९।०२	देव कुमार महतो	प्रत्यक्ष	जानकी महिला संजालको वैंक खाता बन्द भएकोमा खुलाउन आवश्यक NGO मा बहुमत रहेकोमा समितिले मान्यता दिनुपर्यो । साथै कर्मचारीहरुले २ महिनादेखि तलब नखाएको र Donner फिर्ता जाने अवस्था आएको समुदायको हितमा काम हुनुपर्यो ।

१२२	२०७७।०८।२४	वि.पि. साह	अप्रत्यक्ष	सेखु धमाका युट्युब च्यानल बाट मधेशीको चर्चिकला नामक भिडियो बनाई सामाजिक संजालमा प्रदर्शन गरेको सम्बन्धमा
१२३	२०७७।०८।२८	बलदेब यादव	प्रत्यक्ष	विराटनगरको बिराट दरबारको आवश्यक संरक्षण नभएकोले संरक्षणको लागि सम्बन्धित निकायमा पहल गरिदिनुहुन
१२४	२०७७।०८।२८	बलदेब यादव	प्रत्यक्ष	शहरी विकास मन्त्रालय द्वारा आयोजित योजना विराटनगर म.न.पा. १४ जतुवा गाउँमा अझै कार्यान्वयनमा नआएकोले तत्काल कार्यान्वयन गरी गराई गर्नुपर्ने सम्बन्धमा
१२५	२०७७।०८।३०	देव कृष्ण यादव	प्रत्यक्ष	कोशी गा.पा.को वडा नं. ३, ४, ५ का क्षेत्रहरु कोशी बन्यजन्तु आरक्ष केन्द्रकव मध्यवर्ती क्षेत्रको घोषणामा नपरेकोले मध्यवर्ति क्षेत्र घोषणा गर्नुपर्ने सम्बन्धमा
१२६	२०७७।०९।०१	डा. विनय पंजियार र राम नारायण यादव	प्रत्यक्ष	आयोगहरुद्वारा लिएको परीक्षाहरुमा उचित आरक्षणको व्यवस्था नभएकोले नेपालको संविधानको प्रस्तावना अनुसार समानुपातिक समावेशीकरण आरक्ष पालना गर्नुपर्ने सम्बन्धमा
१२७	२०७७।०९।०१	बेचुलाल राहुत, सुनसरी	प्रत्यक्ष	किसानहरु दोहोरो मार्कमा परेको, मल, बिउ समयमा नपाएको र महगाईले चरम सिमा पुगेको सम्बन्धमा
१२८	२०७७।०९।०१	रामनारायण यादव	प्रत्यक्ष	हात्तीको आक्रमणबाट मारिएको कोशी गा.पा.का सन्तोष यादवलाई गा.पा. र सरोकारवाला मन्त्रालयले क्षतिपूर्ति नदिएकोले तत्काल क्षतिपूर्ति गराइदिनु हुन सम्बन्धमा

१२९	२०७७।०९।०६	नागेन्द्र मण्डल	प्रत्यक्ष	अपाङ्गता भएकालाई समानताको अधिकार नपाएको सम्बन्धमा
१३०	२०७७।०९।०८	मिडिया	प्रत्यक्ष/ अप्रत्यक्ष	उखु किसानको बक्यौता रकम सम्बन्धमा
१३१	२०७७।०९।०९	डा. विनय कुमार पंजियार	प्रत्यक्ष	ध्यानाकर्षण सम्बन्धमा
१३२	२०७७।०९।१४	पत्रपत्रिका मिडिया	प्रत्यक्ष	सिराहाको कर्जन्हा न.पा. ३ मा छोरा र वुहारीले बोक्सीको आरोप लगाई ८५ बर्षिय आमा/सासु आमालाई कुटपिट पछि हत्या गरिएको सम्बन्धमा
१३३	२०७७।०९।१४	रति महतो, सरिहा	अप्रत्यक्ष	गर्भवति जिवछी महतो (सिराहा जिल्ला धनगढीमाई न.पा. १०) लाई दिपावलीको दिन आगोले पोलेको तर प्राइभेट क्लिनिकमा १ महिना राखी मर्नाशन बनाएको ।
१३४	२०७७।०९।१५	सोनम महतो, महोतरी	प्रत्यक्ष	माना चामल दिलाई पाउँ भन्ने सम्बन्धमा
१३५	२०७७।०९।१९	पत्र पत्रिका	अप्रत्यक्ष	धनुषाको विदेह नगरपालिका-२ दुहबीका ५ बर्षिय अभिनन्दन रायको हत्या सम्बन्धमा
१३६	२०७७।०९।१९	पत्र पत्रिका	अप्रत्यक्ष	प्रदेश २ मा अवैध क्लिनिकहरुको विगविगी र भ्रुण परीक्षण धमाधम भइरहेको सम्बन्धमा ।
१३७	२०७७।०९।२१	रिता साह, धनकपुर धाम	प्रत्यक्ष	रामस्वरुप राम सागर क्याम्पस जनकपुरधाम एम.ए. (Master Degree) को Thesis Paper मा रकम नलिई पास नगराउने मनोवृत्ती रहेको सम्बन्धमा

१३८	२०७७।०९।२१	शशिकान्त झा, ग्रामिण धनुषा	प्रत्यक्ष	सरकारी/सामुदायिक विश्वविद्यालयहरुले परीक्षाको नाउमा रकम असुल्ने गरेको सन्दर्भमा
१३९	२०७७।०९।२१	श्रवण कसियैत	प्रत्यक्ष	विद्यालयहरुको क्षेत्रमानै रक्सी पसलहरुको विगविगी रहेको छ। प्रशासन तथा प्रदेश सरकार मौन रहेको र स्थानीयबासीहरु पनि विभाजित अवस्थामा रहेको सम्बन्धमा
१४०	२०७७।०९।२१	पंचलाल दास, दलित अधिकारकर्मी, धनुषा	प्रत्यक्ष	दलित छात्रावासको लागि जनकपुरधामको वडा नं. ४ मा गंगासागरको दक्षिणपटिको डिलमा जम्मा अधिग्रहण भएको थियो । २०५१।०५२ साल तिर २०७५।०७६ र २०७६।०७७ को आर्थिक बजेट विनियोजित भएर शिलान्यास भएतापनि अहिले सम्म कार्य प्रारम्भ हुन नसकेको सम्बन्धमा
१४१	२०७७।०९।२३	रंजित के.सी.	प्रत्यक्ष	हेटौडा उप महानगरपालिकामा छात्रवृतिमा मधेशी कोटा नभएको सम्बन्धमा
१४२	२०७७।०९।२७	राजेन्द्र दत्त	प्रत्यक्ष	लालपुर्जाको श्रेस्ता कायमबारे
१४३	२०७७।०९।२७	दलित गैर सरकारी संघ संस्था	अप्रत्यक्ष	सरकारी छात्रावृतिमा पढदै गरेका रामजी राम र पंकज रामलाई National Medical College विरगंजले चौथो बर्षको MBBS परीक्षाबाट निस्कासन गरेको सम्बन्धमा
१४४	२०७७।१०।१६	सिताराम यादव	प्रत्यक्ष	लुम्बिनी प्रदेश दाङ्ग, देउखुरी जिल्ला गदवा गा.पा. वडा नं. ५ मा शिक्षा स्वास्थ्य विउ विजन सिचाई सुविधा बजार व्यवस्थापन आदि इत्यादीको साह्रै समस्या भएको सम्बन्धमा

१४५	२०७७।१०।१६	शिवराम यादव, दाङ्ग	प्रत्यक्ष	किसानले कृषि उत्पादन मुल्य उचित नपाएको सम्बन्धमा
१४६	२०७७।१०।१६	रिता यादव	प्रत्यक्ष	रासी नदी कटानलाई नियन्त्रण सम्बन्धमा
१४७	२०७७।१०।१६	विश्वविद्यालय	अप्रत्यक्ष	लुम्बिनी बौध विश्वविद्यालय सँग सहकार्य गर्ने सम्बन्धमा
१४८	२०७७।१०।१६	ऋषीकेश यादव	प्रत्यक्ष	छात्रवृत्ति सम्बन्धमा
१४९	२०७७।१०।१९	पत्रपत्रिका	अप्रत्यक्ष	सहिद दुर्गानन्द झा को बारेमा विद्यार्थीहरुलाई गलत जानकारी गराइएको सम्बन्धमा
१५०	२०७७।१०।१९	रविन्द्र नाथ ठाकुर	प्रत्यक्ष	नटुवाहरुलाई मधेशी जनजातिमा समावेश गर्नुपर्ने सम्बन्धमा
१५१	२०७७।१०।२९	सुरेश यादव	प्रत्यक्ष	सर्लाही जिल्ला वरहथवा न.पा. वडा नं. ५ को बरहथवा बजार भित्र आगलागी भएर दुइतल्ले घर नष्ट भएको सम्बन्धमा
१५२	२०७७।१०।२०	प्रविन तिब्रेवाल	प्रत्यक्ष	राष्ट्रिय योग दिवसको अवसरमा जिल्ला प्रशासन कार्यालय रौतहटद्वारा आयोजित कार्यक्रमको विषयमा प्र. जि.अ. इन्द्रदेव यादवले सेयर गरेको प्र.जि.अ. कार्यालयको फेसबुक पेजमा स्थानीय पत्रकार प्रबिन तिब्रेवालले सामान्य अभिव्यक्तित दिदा प्र.जि.अ. ले धम्काएको सम्बन्धमा ।
१५३	२०७७।११।१८	प्रमोद कुमार झा	प्रत्यक्ष	शिक्षामा गुणस्तर हुन नसकेकोले अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई निजी विद्यालयतिर पठाउने गरेको सम्बन्धमा ।
१५४	२०७७।११।१८	तुलसी प्रसाद लुइटेल, सर्लाही	प्रत्यक्ष	प्रदेश २ मा अत्याधिक जनसंख्या रहेको तर बजेट अध्याधिक कम विनियोजीत गरेको सम्बन्धमा

१५५	२०७७।११।१८	महावरि ठाकुर	प्रत्यक्ष	इमेज इडिट संस्थाबाट ९ महिनाको पारिश्रमिक दिलाई दिनुपर्ने सम्बन्धमा
१५६	२०७७।११।१८	निता साह	प्रत्यक्ष	परीक्षामा उत्तरपुस्तिका लेखाउन् र विदेशमा रहेकोलाई समेत उपस्थिति गराई लेखाउने गरेको सम्बन्धमा
१५७	२०७७।११।१८	कलाधार झा	प्रत्यक्ष	सुचिकृत गरी पाउँ बारे
१५८	२०७७।११।१८	अवधेश सिंह, सर्लाही	प्रत्यक्ष	उखु किसानहरुलाई समयमा भुक्तानी नदिएको र बजारीकरणको समस्या रहेको सम्बन्धमा
१५९	२०७७।११।१८	नागरकि समाज	प्रत्यक्ष	गोर घोई पोखरीको अतिक्रमण तत्काल रोक्नुपर्ने सम्बन्धमा
१६०	२०७७।११।१८	नाम उल्लेख नभएको	प्रत्यक्ष	मगन्ते थर सुचिकृत गरी पाउँ बारे
१६१	२०७७।११।१९	जवाहरलाल यादव	प्रत्यक्ष	ऐतिहासिक पर्यटन केन्द्र स्थापना सम्बन्धमा
१६२	२०७७।११।२०	पत्रपत्रिका	अप्रत्यक्ष	सप्तरी जिल्लाको एक विद्यालयमा प्रधानाध्यापक नियुक्ती विवादले विद्यालय तालावन्दी गरिएको सम्बन्धमा
१६३	२०७७।११।२८	फोन	अप्रत्यक्ष	श्री चाँदनी देवी मुखिया बर्ष १६ र छोरी १६ बर्षकी आमा छोरीलाई झुक्याएर छोडपत्र गरी बर्ष २१ का श्रीमान जोगीन्दर मुखियाले झुक्यार भागेको सम्बन्धमा
१६४	२०७७।१२।०१	पत्रपत्रिका	अप्रत्यक्ष	अस्तित्व खोज्दै जनकपुरधामको सवैभन्दा पुरानो शिवमन्दिर सम्बन्धमा
१६५	२०७७।१२।०४		अप्रत्यक्ष	कञ्जनरुप न.पा. ४ मा दिउसो २:४५ बजे भिसन आगलागी हुँदा नारायण साह र जगदिश साहको घर गोठ र अन्य समेत जलेर नष्ट भएको सम्बन्धमा

१६६	२०७७।१२।०५	पत्रपत्रीका	अप्रत्यक्ष	MBBS कोटा लिन जानकी मेडिकल कलेजको छल, अनुगमन टोलीलाई झुक्याउन अन्तैका चिकित्सक र नक्कली विरामीको भिड
१६७	२०७७।१२।०८	म्यासेन्जर	अप्रत्यक्ष	सम्बन्धित निकायमा पहल गरिदिनु हुन
१६८	२०७७।१२।१९	जाहिर भानुमति	अप्रत्यक्ष	न्याय पाउँ बारे
१६९	२०७७।१२।१९	जितेन्द्र वर्मा	प्रत्यक्ष	थर सुचिकृत गरी पाउँ
१७०	२०७७।१२।२४	सुधासु झा	प्रत्यक्ष	आरक्षण सम्बन्धमा
१७१	२०७८।०१।२१	सामाजिक संजाल	अप्रत्यक्ष	उपचारको अभावमा रोगीको ज्यान गएको सम्बन्धमा
१७२	२०७८।०२।०९	फोन/म्यासेन्जर	अप्रत्यक्ष	सर्लाहीमा २२ बर्षिय युवतिमाथी बलात्कारको प्रयास
१७३	२०७८।०२।२३	अमरचन्द्र अनिल	प्रत्यक्ष	प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा स्वास्थ्य मापदण्डको पालना नभएको साथै डक्टरहरुको उपस्थिति शुन्य रहेको
१७४	२०७८।०२।२३	मृतक परिवार	प्रत्यक्ष	डा. मुकेश चौधरीलाई कोभिड नभएको कारणले गर्दा उहाँको मृत्युमा शंकास्पद रहेकोले सो माथी छानविन गरी दोषीलाई कारवाही होस सम्बन्धमा
१७५	२०७८।०२।२३	मिडिया	अप्रत्यक्ष	वारा कलैया उप.म.न.पा.७ रंगरपुरमा ९ बर्षिया प्रसवान अन्सारी र ७ बर्षिया अमित अन्सारीको घाँटी रेटी हत्या भएको सम्बन्धमा
१७६	२०७८।०२।२३	स्थानीय बासीहरु	प्रत्यक्ष	पश्चिम नवलपरासीमा विरामीहरुमा समस्या परेको अस्पतालमा बेड नभएको तथा अझैपनि PCR टेस्ट नभएको सम्बन्धमा

१७७	२०७८।०२।२३	राजेश विदेही र फेशबुकबाट	प्रत्यक्ष	ससरी बोदेबर्साइन न.पा.३ मा बाटो विवादमा दलितहरु सोनम सदा लगायत १ दर्जन भन्दा बढी मुसहरहरुलाई कुटपिट गरी घाइते बनाइएको सम्बन्धमा
१७८	२०७८।०२।२३	मिडिया	अप्रत्यक्ष	प्रदेश २ का सरकारले गुणस्तरहिन श्रेणीमा परेका कम्पनीहरुबाट स्वास्थ्य सामाग्रीहरु वितरण गरेको सम्बन्धमा
१७९	२०७८।०२।२४	स्थानीय वासी	प्रत्यक्ष	सिराहा कर्जन्हा न.पा. मुसहर समुदाय कोभिडको कारण बेरोजगार हुनुको साथै स्वास्थ्य उपचार समेत नपाएको सम्बन्धमा ।
१८०	२०७८।०२।२३	Student from 2015 Batch China	प्रत्यक्ष	Internship नेपालमा गरिपाउ बारे
१८१	२०७८।०२।२३	दिपेन्द्र ब. कुर्मी	प्रत्यक्ष	महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री चन्दा चौधरी नेपालमै जन्मिएता पनि विभिन्न मिडियाले भारतीय चेली भएको सम्बन्धमा
१८२	२०७८।०२।२४	मिडिया	अप्रत्यक्ष	नेपालगंजको भेरी अस्पतालमा चिकित्सक र नर्सिङ्ग स्टाफ माथी भएको आक्रमणको लागि तत्काल अपराधीलाई कानुन बमोजिम कारबाही होस भन्ने सम्बन्धमा
१८३	२०७८।०३।०३	मिडिया	कासिन्द्र शर्मा र तुलानारायण साहको सञ्जालबाट र मिडियाबाट	सामाजिक अभियन्ता ले नै प्रहरीमाथी प्रहरी कार्यालयमै गरे रंगभेदी हर्कत

१८४	२०७८।०३।०३	मिडिया	अप्रत्यक्ष	महोत्तरीमा पुन डाकाहरुको समुहद्वारा गोली प्रहार गरी घर परिवारका सवै सदस्यहरुलाई घाइते बनाइ लाखौको लुटपात
१८५	२०७८।०३।०७	विद्या सिन्हा	प्रत्यक्ष	वेपता पारिएको र प्रहरीले उजुरी लिन नमानेको सम्बन्धमा
१८६	२०७८।०३।१४	मिडिया	अप्रत्यक्ष	रौतहटमा ६५ बर्षिया वृद्धा माथी बोक्सीको आरोपमा सांघातिक हमला, आरोपी फरार
१८७	२०७८।०३।१५	रमेश घिमिरे	म्यासेन्जर	हत्या गरी टिपर मुनी फालिएको सम्बन्धमा
१८८	२०७८।०३।१७	गुरुद्वारा गुरु नानन	प्रत्यक्ष	प्रमाण उपलब्ध सम्बन्धमा
१८९	२०७८।०३।२९	सुनलि मेहता	प्रत्यक्ष	छानविन पाँउ भन्ने सम्बन्धमा
१९०	२०७८।०३।३१	मायावती बसखोर, कालादेव बसखोर र राम देव बसखोर	प्रत्यक्ष	नागरिकता सम्बन्धमा

अनुसुची ४

आयोगका पदाधिकारीहरुबाट गरिएका अनुगमन कार्यक्रमहरु

आ.व. २०७७/७८ मा यस आयोगबाट भएका अनुगमनको विवरण निम्न रहेको छ ।

सि.नं.	प्रदेश/जिल्ला	अनुगमनका विषय/कार्यक्रम	कैफियत
१.	प्रदेश १ र प्रदेश २ र बागमतीका विभिन्न जिल्लाहरु	सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको अनुगमन तथा छलफल	
२.	प्रदेश २ का विभिन्न जिल्लाहरु	ऐतिहासिक पुरातात्विक विषय सम्बन्धी अनुगमन	
३.	वारा, पर्सा, रौतहट, सुनसरी	अन्तरक्रियात्मक कार्यक्रम	
४.	सिराहा, सप्तरी, सुनसरी र बाँके	होली कार्यक्रम	
५.	प्रदेश २ का जिल्लाहरु (सप्तरी, धनुषा, महोत्तरी)	भाषा साहित्य, कला, संस्कृतिको अनुसन्धनात्मक अध्ययन	
६.	प्रदेश १, २ र लुम्बिनी	अभिमुखीकरण कार्यक्रम	
७.	लुम्बिनी प्रदेश	गुनासो व्यवस्थापन तथा सार्वजनिक सुनुवाई कार्यक्रम	

अनुसूची ५

आयोगको वैठकका निर्णयहरु

२०७७ साल श्रावण १

१. यस आयोगको आ.व. २०७६।०७७ को वार्षिक प्रतिवेदन तयार पार्नको लागि देहाय बमोजिमका समितिहरु गठन गर्ने निर्णय गरियो ।

वार्षिक प्रतिवेदन मस्यौदा समिति

उपसचिव श्री सविता डंगोल — संयोजक

शाखा अधिकृत श्री रमेश कुमार दास — सदस्य

ना.सु. श्री सुन्दर प्रसाद निरौला — सदस्य

ना.सु. श्री रामप्रसाद घिमिरे — सदस्य

ना.सु. श्री मदन नारायण मल्लिक — सदस्य सचिव

वार्षिक प्रतिवेदन तयारी मूल समिति

माननीय अध्यक्ष डा. विजयकुमार दत्त — संयोजक

सचिव श्री दीपेन्द्र काफ्ले — सदस्य

उपसचिव श्री भुवन बहादुर कार्की — सदस्य

विज्ञ १ जना — सदस्य

शाखा अधिकृत श्रीसुरेश प्रसाद जैसी — सदस्य सचिव

उपरोक्त अनुसारको वार्षिक प्रतिवेदन मस्यौदा समितिले २०७७ साउन मसान्त भित्र वार्षिक प्रतिवेदनको मस्यौदा तयार पारी वार्षिक प्रतिवेदन मूल समिति समक्ष पेश गर्ने र वार्षिक प्रतिवेदन मूल समितिले २०७७ भदौ मसान्त भित्र यस आयोगको वार्षिक प्रतिवेदन तयार पारी सम्माननीय राष्ट्रपति समक्ष पेश गर्ने निर्णय गरियो ।

२०७७ साल श्रावण ६

१. मधेशी आयोग ऐन, २०७४ को दफा १० बमोजिम गठन भएको उच्चस्तरीय अनुगमन समितिबाट मिति २०७७।०४।०५ गते पेश गरेको प्रतिवेदन बैठकमा पेश भयो । उक्त प्रतिवेदनमा दिइएका सुझावहरु हालको अवस्थामा अत्यन्त सान्दर्भिक भएको हुँदा उक्त प्रतिवेदनलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

साथै त्यसको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा समेत दिने गर्ने निर्णय गरियो ।

२. संघीय संसद, प्रतिनिधिसभाको महिला तथा सामाजिक समितिबाट प.सं. २०७७।७७, च.नं. १६०, मिति २०७७।०३।३० गतेको पत्रानुसार निर्णय कार्यान्वयन सम्बन्धमा विषयक पत्रबाट यस आयोगलाई प्राप्त निर्देशन र सोधिएका जिज्ञासाको पुष्ट्याई सहितको जवाफ तयार पारी उक्त समितिमा पठाउने निर्णय गरियो ।

२०७७ साल भाद्र २

१. यस आयोगको आ.व. २०७६/७७ (२०७६ साउन देखी २०७७ आषाढ सम्म) यस आयोगले सम्पादन गरेको कामकारवाहीको दोस्रो वार्षिक प्रतिवेदनको खाका तयार गरी अन्तिम रुप दिई प्रकाशन गर्ने प्रक्रियाको लागि निर्णय गरियो ।

२. नेपालको संविधानको धारा २९४ (१) मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिनाभित्र सम्माननीय राष्ट्रपतिज्यू समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने संवैधानिक व्यवस्था अनुसार आर्थिक वर्ष २०७६/७७ मा यस आयोगले गरेको कामकारवाहीको दोस्रो वार्षिक प्रतिवेदन सम्माननीयज्यू समक्ष अर्पण गर्नको लागि समय माग गर्न पत्राचार गर्ने निर्णय गरियो ।

२०७७ साल भाद्र ३

१. यस आयोगले मधेशी आयोग ऐन २०७४ को ७ (ड) ले मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकरण गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था भए अनुरुप सो सम्बन्धमा मधेशी समुदायको थर सूचीकरण गर्ने प्रयोजनको लागि आवश्यक कार्यविधि "मधेशी समुदाय अन्तर्गत पर्ने थरहरुको सूचीकरण कार्यक्रमको कार्यविधि, २०७७" स्विकृत गर्ने निर्णय गरियो ।

२०७७ साल भाद्र १५

१. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (Covid-१९) लगायतका अबस्थालाई मध्यनजर गर्दै तराई-मधेशका जिल्लामा झन बढी संक्रमित बढ्ने अवस्था भएकोले त्यसलाई न्यूनिकरणक र सिफारिस द्वारा सहजिकरण गर्ने अभिप्रायले आयोगले नियमित अनुगमन, समिक्षा र मूल्याङ्कन गर्नको लागि तपसिल बमोजिमको उच्च स्तरिय अनुगमन समिति गठन गरियो ।

माननीय अध्यक्ष डा. विजय कुमार दत्त - संयोजक

सचिव श्री भुवनहरी अर्याल - सदस्य सचिव

नेपाली सेनाको प्रधानसेनापति वा निजले तोकेको प्रतिनिधि - सदस्य

नेपाल प्रहरीका महानिरीक्षक वा निजले तोकेको प्रतिनिधि - सदस्य

सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक वा निजले तोकेको प्रतिनिधि - सदस्य

राष्ट्रिय अनुसन्धान विभागका प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य

यस समितिको बैठक कम्तिमा २ महिनाको १ पटक बस्नेछ ।

२. तराई मधेशको शान्ति सुरक्षा लगायत समसामयिक विषयमा आयोगको आवश्यकता अनुरुप नियमित काम कारबाहीको लागि सम्पर्क व्यक्ति (Focal Person) तोकिदिन नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागलाई पत्राचार गर्ने निर्णय गरियो ।

२०७७ साल भाद्र १७

१. यस मधेशी आयोगको भावि कार्यदिशा तय गर्न पञ्चवर्षिय योजनाको मस्यौदा तयार गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

उप-सचिव श्री भुवन बहादुर कार्की- संयोजक

शाखा अधिकृत श्री रमेश कुमार दास- सदस्य

लेखापाल श्री कृष्ण प्रसाद तिमेल्सेना - सदस्य

नायब सुब्बा श्री ललित कुमार साह- सदस्य

नायब सुब्बा श्री मदन नारायण मल्लिक- सदस्य सचिव

पञ्चवर्षिय योजना तयारी मूल समिति

माननीय अध्यक्ष डा. विजयकुमार दत्त — संयोजक

सचिव श्री भुवनहरी अर्याल— सदस्य

विज्ञ आवश्यकता अनुसार— सदस्य

शाखा अधिकृत श्री रमेश कुमार दास — सदस्य सचिव

उपरोक्त अनुसारको पञ्चबर्षिय योजना मस्यौदा समितिले योजनाको मस्यौदाको खाका तयार गरी मूल समिति समक्ष पेश गर्ने र आवश्यक छलफल गरी मूल समितिले योजनाको अन्तिम रुप दिने निर्णय गरियो ।

२०७७ साल भाद्र १९

१. यस आयोगको पञ्चवर्षिय रणनीतिक योजनाको लागि अध्यक्षज्यूको संयोजकत्वमा बस्ने पञ्चवर्षिय रणनीतिक योजना समितिको बैठक भत्ता चालु आ.व. २०७७।७८ को खर्च शिर्षक नं २२५२२ को सि.नं.२.७.२५.१ को सरोकारवालाहरुसँग को बैठकमा विनियोजित भएको वजेटबाट भुक्तानी गराउने निर्णय गरियो ।साथै यो बैठक आयोगको बैठक सरह हुनेछ ।

२०७७ भाद्र २१

१. यस मधेशी आयोगले आ.व.२०७७/७८ मा मधेशी समुदायको थर सूचीकरण गर्न आवश्यक पर्ने थप बजेट अर्थ मन्त्रालयमा मिति २०७७/०५/०४ को पत्रबाट माग गरिएकोमा सो मन्त्रालयको च.न.१४१ मिति २०७७/०५/११ गतेको पत्रबाट आगामी वर्षमा हुन लागेको राष्ट्रिय जनगणना मार्फत आवश्यक तथ्याङ्क संकलन गर्न केन्द्रीय तथ्याङ्क विभागसँग सहकार्य र समन्वय गर्न ऐन, दफा ७(ड) र महिला तथा सामाजिक समितिको निर्देशन एवम २०७६/१०/०२ मा केन्द्रीय तथ्याङ्क विभागसँग यस आयोगमा भएको छलफल अनुसार सो कार्य गर्ने कानूनी दायित्व यस आयोगको रहेको हुँदा उक्त कार्यको लागि अपुग रकम अर्थ मन्त्रालयमा निकासाको लागि पूनः पत्राचार गर्ने र रकम निकासको आवश्यक पहल गर्नुहुनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार र संघीय संसद प्रतिनिधि सभा महिला तथा सामाजिक समिति, सिंहदरवारमा पत्राचार गर्ने निर्णय गरियो ।

२०७७ साल आश्विन १

१. मधेशी आयोग ऐन, २०७४ को दफा २७ मा व्यवस्था भए बमोजिम मधेशी आयोग ऐन कार्यान्वयन गर्नको लागि आयोगले आवश्यक नियम बनाउन सक्नेछ भन्ने व्यवस्था भएकोमा नियमावलीको मस्यौदा तयार गर्ने कार्यको निमित्त कानून विज्ञसँग परामर्श लिने निर्णय गरियो ।

२. आयोगको स्थापनाकाल देखि डिजिटल प्रणालीमा काम हुँदै आएको छ र यसलाई अझ प्रभावकारी बनाउनका लागि आयोगको आर्थिक सीमाभित्र रही अझ बढी प्रभावकारी रुपमा डिजिटल सेवा प्रवाह तथा प्रसारणको कार्यलाई अगाडि बढाउने प्रयोजनको लागि आवश्यक

आइटि विज्ञ/ संस्थासँग परामर्श लिने निर्णय गरियो ।

३. उपरोक्त बमोजिमको परामर्श सेवाको लागि यस आयोगको चाँलु आ.व. २०७७/७८ को खर्च शिर्षक नं.२२४११ को शि.नं. २.५.२.४ को अध्ययन अनुसन्धानका लागि विज्ञको सेवा लिनु पर्ने शिर्षकमा विनियोजन भएको रु. ५० हजार मध्येको बजेट रकमबाट भुक्तानी गराउने निर्णय गरियो ।

२०७७ साल आश्विन २६

१. मधेशी आयोग कोभिड- १९ को सन्दर्भमा अनुगमन समितिको कार्यविधि/ निर्देशिका शंसोधन गर्ने निर्णय गरियो र त्यसलाई आ.व. २०७७/७८ को कोभिड-१९ उच्चस्तरीय अनुगमन समिति बनाईयो ।

२०७७ साल आश्विन २९

१. सचिव श्री भुवनहरि अर्यालको संयोजकत्वमा गठित समितिको मस्यौदा प्राप्त भई सो लाई थप अध्ययन गरी पुनः पेश गर्ने निर्णय गरियो ।

२०७७ साल कार्तिक १६

१. मधेशी आयोग ऐन,२०७४ को दफा ७(ड) बमोजिम मधेशी समुदायको पहिचान सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था भए बमोजिम मधेशी समुदायभित्र पर्ने जातजाती र जातीहरु भित्र पर्ने थरहरुको संख्या संकलन गर्ने कार्यको निमित्त छलफल गरी थर सूचीकरणका लागि नमूना फारम बनाई विज्ञहरुसँग परामर्श लिई सो फारम स्वीकृत गर्ने निर्णय गरियो ।

२०७७ साल कार्तिक २५

१. यस आयोगको आ.व. २०७७।७८ को प्रथम चौमासिक सम्मको बुलेटिन प्रकाशन गर्नको लागि देहाय बमोजिमका बुलेटिन प|कासन समितिहरु गठन गर्ने निर्णय गरियो ।

बुलेटिन प्रकाशन मस्यौदा समिति

उपसचिव श्री सविता डंगोल — संयोजक

शाखा अधिकृत श्री रमेश कुमार दास — सदस्य

लेखापाल श्री कृष्णप्रसाद तिमेल्सेना — सदस्य

ना.सु. श्री मदन नारायण मल्लीक — सदस्य

ना.सु. श्री ललित कुमार साह— सदस्य सचिव

बुलेटिन प्रकाशन मूल समिति

माननीय अध्यक्ष डा. विजयकुमार दत्त — संयोजक

सचिव श्री भुवनहरि अर्याल— सदस्य

उपसचिव श्री भुवन बहादुर कार्की — सदस्य

उपरोक्त अनुसारको प्रथम बुलेटिन प्रकाशन मस्यौदा समितिले २०७७ असार महिनासम्म यस आयोगले सम्पादन गरेका कामहरु झल्कने गरि मस्यौदा तयार पारि मूल समिति समक्ष पेश गर्ने र मूल समितिले अन्तिम रुप दिइ २०७७ मंसिर मसान्तसम्म प्रकाशन गराउने निर्णय गरियो।

२०७७ साल मंसिर ८

१. यस आयोगको आ.व.२०७७/७८ को लागि विनियोजन भएको बजेट रमक मध्ये देहाय बमोजिम कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

आ.व.२०७७/७८ मा विनियोजन भएको रकमको बाँडफाँट सम्बन्धी विवरण

क्र.स.	कार्यक्रम/ क्रियाकलापको विवरण	कार्यक्रम संचालन हुने स्थान	कार्यक्रम संचालन हुने सम्भावित समयसीमा	विनियोजन बजेट रकम			कैफियत
				पटक	रकम	जम्मा	
१	सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम	विराटनगर	दोस्रो चौमासिक	१	१ लाख ६० हजार	८ लाख	
		जनकपुर		१			
		काठमाण्डौ		१			
		नवलपरासी		१			
		धनगढी	तेस्रो चौमासिक	१			
२	गुनासो व्यवस्थापन सार्वजनिक सुनुवाई	कपिलवस्तु	दोस्रो चौमासिक	१	२ लाख	२ लाख	
३	कुरीति र अन्धविश्वास विरुद्ध जनचेतनामूलक अभिमुखीकरण कार्यक्रम	सिरहा, धनुषा	दोस्रो चौमासिक	१	२ लाख	२ लाख	

४	मधेशी भाषा लिपि संस्कृतिको संरक्षण र सम्बर्द्धन सम्बन्धी कार्य	प्रदेश ३	दोस्रो चौमासिक	१	१ लाख	२ लाख	
		प्रदेश २ वा ५	तेस्रो चौमासिक	१			

२०७७ साल मंसिर २५

१. यस वर्ष २०७७ मा सञ्चालन हुने लैगिंक हिंसा विरुद्धको १६ दिने कार्यक्रम तथा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस डिसेम्बर- १० लाई ध्यानमा राखी मधेशी आयोग, मानवअधिकार आयोग र न्याय तथा अधिकार संस्था (जुरी-नेपाल) को संयुक्त आयोजनामा प्रदेश २ का युवा तथा नागरिक समाजसँग " मानव अधिकार आयोग, संवैधानिक आयोगको कार्यदिशा, कानूनी संरचना र चुनौतीहरु" विषयक भर्चुअल अन्तरक्रिया कार्यक्रम मिति २०७७ साल मंसिर २६ गते शुक्रवार दिउसो १ बजे देखि ३ बजेसम्म आयोजना गर्ने निर्णय गरियो ।

२०७७ साल पौष ०७

१. गर्दा मधेशी आयोगको आन्तरिक (कार्य सञ्चालन तथा व्यवस्था) निर्देशिका २०७६ को परिच्छेद ६ को दफा २१ मा व्यवस्था गरिएको मासिक विविध खर्च वापतको देहाय बमोजिम साविक रकममा निम्नानुसारको रकम थप गर्ने निर्णय गरियो ।

क्र. सं.	विवरण	साविकको रकम	थप रकम	जम्मा रकम
१	अध्यक्षको सचिवालयको लागि	१५,०००।००	५,०००।००	२०,०००।००
२	सदस्यहरुलाई	२०,०००।००	२०,०००।००	४०,०००।००
३	सचिवले सम्पुर्ण सचिवालय तथा अन्य शाखाहरुको लागि खर्च गर्न सकिने विविध भैपरि खर्च	१०,०००।००	५,०००।००	१५,०००।००

साथै संवैधानिक परिषदबाट यस आयोगका लागि सिफारिस हुनु भएका माननीय सदस्यज्यूहरुका लागि भौतिक सुविधा व्यस्थापनका लागि यथाशिघ्र थप बजेट उपलब्ध गराईदिने प्रयोजनका लागि अर्थ मन्त्रालयलाई पत्राचार गरिने निर्णय गरियो ।

२. मधेशी समुदायको हक हित संरक्षण सम्बर्द्धन तथा सशक्तीकरणको लागि उनीहरुलाई राष्ट्रको मूल धारमा समाहित गर्नुपर्ने राज्यको प्रमुख दायित्व रहेको हुन्छ । यसका लागि आयोगले पञ्चवर्षिय रणनीतिक योजनाहरु बनाई मधेशी समुदायमा रहेको असमानता, कुरिती, अशिक्षा सबै प्रकारका शोषण, विभेद तथा धर्म, संस्कृति, भाषा, लिपिको संरक्षण र

कृषिको व्यवसायिकरण, बजारीकरण तथा विविधिकरण जस्ता कृयाकलापहरु सहायक सिद्ध भई राज्यले अपेक्षा गरेको ' 'समृद्ध नेपाल सुखि नेपाली " बनाउन योजनावद्ध तरिकाले चालु आ.व. २०७७/७८ देखि२०८२/८३ सम्म सम्पन्न गर्ने लक्ष्यका साथ तयार गरिएको आयोगको पञ्चवर्षिय रणनीतिक योजनालाई अन्तिमरुप दिने र राष्ट्रिय योजना आयोग तथा सम्बन्धित सरोकारवाला समक्ष पठाउने तथा कार्यसम्पादनको निमित्त चाहिने आवश्यक वजेट रकम विनियोजनको लागि समेत अनुरोध गर्ने निर्णय गरियो।

२०७७ साल पौष ०७

१. मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने कार्यको लागि विद्यमान तथ्यांकलाई आधारमानी उपलब्ध हुने थरको विवरण तयार गर्न देहाय बमोजिमको ३ सदस्य समिति गठन गरी ३ महिना भित्र प्रतिवेदन तयार गर्ने उद्देश्यले विज्ञ नियुक्ति गर्ने निर्णय गरियो।

समितिः

श्री दिपक कुमार गुप्ता - संयोजक

श्री रमेश कुमार दास शाखा अधिकृत - सदस्य

श्री राम प्रसाद घिमिरे नायब सुब्बा - सदस्य सचिव

२. मधेशको समग्र वस्तुस्थिति झल्कने गरी पार्श्वचित्र (प्रोफाईल) उत्पादन र प्रकाशन गर्न विद्यमान तथ्यांकलाई आधारमानी कार्यक्षेत्रगत शर्त (Terms of Reference) बनाई सो बमोजिम पार्श्वचित्र तयार गर्न कन्सल्टेन्सी मार्फत परामर्श सेवा लिई कार्य गराउने निर्णय गरियो ।

२०७७ साल पौष १०

१. मधेशी आयोगको दरबन्दीका सिलसिलामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१६० मिति २०७७/९/०८ को पत्रमा आयोगको साविक दरबन्दी ३० जना रहेकोमा १८ जना कटौति भएको छ । यस आयोगको ऐनको दफा १२ को (२) बमोजिम आवश्यकता अनुसार प्रदेश तहमा समेत कार्यालय स्थापना गर्न सक्ने व्यवस्था रहेको छ।

सोही अनुरुप आयोगले आफ्ना क्रियाकलापहरुलाई बढी भन्दा बढी प्रभावकारी बनाई अगाडी बढनु पर्ने आवश्यकता छ । हालको सन्दर्भमा दरवन्दी कटौती गर्दा कार्य सम्पादनमा अत्यधिक कठिनाई उत्पन्न हुने देखिएकोले साविककै दरबन्दी यथावत कायम गरी प्रदेश १, २ र लुम्विनी प्रदेशमा तपशिल बमोजिमको दरबन्दी समेत थपी आयोगले प्राप्त गरेको दायित्वलाई

पुरा गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

प्रदेश कार्यालयहरुको लागि चाहिने अति आवश्यक दरबन्दी:

तपसिल:

पद	प्रदेश १	प्रदेश २	लुम्बिनी
शाखा अधिकृत	१	१	१
नायब सुब्बा	१	१	१
कम्प्युटर अपरेटर	१	१	१
कार्यालय सहयोगी	१	१	१
हलुका सवारी चालक	१	१	१

२०७७ साल पौष १५

१. मधेशी आयोगको प्रस्तावना अनुसार मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण, प्रवर्द्धन र सशक्तीकरण गर्नको लागि स्रष्टा, अनुसन्धानकर्ता, लेखक, चिन्तकलाई मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान र हक हितका संरक्षण, सम्वर्दन र सशक्तीकरणको सम्वन्धमा लेखिने लेखक, चिन्तक, स्रष्टा, अनुसन्धानकर्ता अथवा संस्था मध्ये चयन समितिवाट चयनित गरिएका १ जनालाई आयोगको वार्षिकोत्सव चैत्र ७ गते कार्यविधि वनाई प्रदान गर्ने निर्णय गरियो । साथै अगामी वर्षको लागि पुरस्कार प्रदान गर्न थप बजेट रकमको लागि समेत अर्थ मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

२०७७ साल पौष २९

१. यस आयोगको चालु आ.व.२०७७/७८ को कार्यक्रम अनुरुप लोक सेवा आयोगबाट संचालन हुने शाखा अधिकृत परीक्षा तयारी कक्षा संचालन यस आयोगले समेत गर्ने भएकोमा लोक सेवा आयोगसँग विज्ञ सेवा समेत लिई समन्वय गरी सहकार्य गर्ने निर्णय गरियो ।

२. २०७७ माघमा लुम्विनी प्रदेशमा यस आयोगले सशक्तीकरण कार्यक्रम संचालन गर्ने । यसका लागि राष्ट्रिय मानव अधिकार आयोगसँग समन्वय गरी सहकार्य गर्ने निर्णय गरियो।

३. नायब सुब्बाहरु लगायत यस आयोगका कर्मचारीहरुलाई अभिमूखीकरण प्रयोजनका लागि विज्ञ सेवा लिन लोक सेवा आयोग र राष्ट्रिय मानव अधिकार आयोगबाट २ दिने कार्यक्रम संचालन गर्न सहकार्य गर्ने र ती आयोगहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

४. आदिवासी जनजातीसँग सम्बन्धित विषयमा सहकार्य छलफल कार्यक्रम संचालनका लागि पत्राचार गर्ने निर्णय गरियो ।

५. मधेशी पिछडावर्ग सम्बन्धमा आवश्यक छलफल र निष्कर्षका लागि OBC सँग सहकार्यका लागि पत्राचार गर्ने निर्णय गरियो ।

६. सूची दर्ता भएका फर्महरु मध्येबाट दररेट माग गरि हाललाई द्वितीय तथ्याङ्कबाट मधेश प्रोफाईल सम्बन्धमा कार्य गर्न कन्सल्टेन्सीलाई कानून अनुरुप दिने निर्णय गरियो ।

२०७७ साल पौष २६

१. मधेशको समग्र वस्तुस्थिति झल्कने गरी पार्श्वचित्र (प्रोफाईल) उत्पादन र प्रकाशन गर्न विद्यमान तथ्यांकलाई आधारमानी कार्यक्षेत्रगत शर्त (Terms of Reference) तयार भई पेश भए बमोजिम पारित गर्ने निर्णय गरियो ।

२०७७ साल माघ १४

१. यस आयोगको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जिंगल प्रशारणको निमित्त बिहान, दिउसो र बेलुकीको ६० र ४५ सेकेण्डको लागि दररेटमाग गरिएकोमा बेलुकीको समयमा ४५ सेकेण्ड प्रशारण गर्दा प्रभावकारी हुनेहुँदा सो बमोजिम पेश भएका फर्महरुको दररेट मूल्यांकन गरी सो पश्चात दररेट स्वीकृत गरेर सिफारिस गर्ने निर्णय गरियो ।

२०७७ साल माघ १८

१. यस आयोगको लागि चालू आ.व.२०७७/७८ मा विनियोजन भएको बजेट र स्वीकृत वार्षिक कार्यक्रमको लागि विनियोजन भएको रकम मध्येवाट डकुमेन्ट्री तयार र प्रशारण गर्न दररेट माग गरिएकोमा मु.अ. कर समेत रु.२,६८,९४०/- मा कार्य सम्पन्न हुने र रु.२,३१,०६०/- बाँकी रहने हुँदा सो बाँकी रकमबाट थप एक तराई मधेशको पर्यटकिय तथा धार्मिक क्षेत्रलाई समावेश गरि डकुमेन्ट्री बनाई निर्माण तथा प्रशारण गर्ने निर्णय गरियो।

२०७७ साल माघ २०

१. मधेशी आयोग ऐन, २०७४ को दफा ७ (च) बमोजिम आयोगले गरेका सिफारिसहरु कार्यान्वयन भए नभएको अनुगमन गर्न देहाय बमोजिमको ३ (तीन) सदस्य सिफारिस कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

समितिः

सचिव	- संयोजक
उपसचिव (प्रशासन)	- सदस्य
शाखा अधिकृत(अधिकार प्रवर्द्धन तथा सशक्तीकरण)	- सदस्य सचिव

२०७७ साल माघ २१

१. सम्माननीय राष्ट्रपतिज्यू समक्ष शपथ ग्रहण कार्यक्रम सुसम्पन्न भई मधेशी आयोगको सदस्यमा माननीय सदस्य श्री जीवछ साह, माननीय सदस्य श्री रेणु देवी साह र माननीय सदस्य श्री विजय कुमार गुप्ताज्यूहरुलाई नियुक्त गरिएकोमा सम्माननीय राष्ट्रपतिज्यू तथा राष्ट्रपति कार्यालयका सम्पूर्ण सरोकावालाका साथै मधेशी आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तज्यूलाई हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।साथै सम्माननीय राष्ट्रपतिज्यूको कार्यालयमा पत्राचार गर्ने निर्णय समेत गरियो ।

२. मधेशी आयोगका नवनियुक्त माननीय सदस्यज्यूहरुको पदवहाली भई मधेशी आयोगको संवैधानिक तथा कानूनी दायित्व अनुसार प्राप्त दायित्वलाई अझ प्रभावकारी तवरले संचालन गर्ने र अग्रसारित गर्ने निर्णय गरियो ।

२०७७ साल माघ २२

१. उपरोक्त सम्बन्धमा यस आयोगका लागि सदस्यहरु सिफारिस भई पदवहाली समेत हुनु भईसकेको र वहाँहरुको सवारी साधन एवं अन्य सेवा सुविधाको लागि अर्थ मन्त्रालयमा थप बजेटका लागि पत्राचार गरिएकोमा हालसम्म निकासा नभएकोले पूनः पत्राचार गर्ने निर्णय गरियो ।

२०७७ साल माघ २६

१. आयोगले चालू आ.व. मा ऐनको दफा ७ (ड) बमोजिम थर सूचीकरणको लागी TOR तयार गरी कार्य प्रारम्भ भएको तथा सोको लागि बजेट अभाव भएकोले कार्य सम्पादनमा कठिनाई हुन गएको तथा ऐनको दफा ७(क) बमोजिम तराई-मधेश प्रोफाईल जस्ता आयोगले गर्नु पर्ने अत्यावश्यक सहितका कार्य सुसम्पन्न गर्नको लागि आगामी आ.व. २०७८/७९ मा कार्य सम्पन्न गर्ने लक्ष्य रहेको हुँदा यस आयोगको लागि बजेट सिलिङ्ग ब. उ. शि. नं. २३०००१-३, २३०००११-३ र २३०००११-४ गरी जम्मा १० करोड ७६ लाख २६ हजार कायम हुने गरी राष्ट्रिय योजना आयोगमा पत्राचार गर्ने निर्णय गरियो ।

२०७७ साल फाल्गुण २०

१. मधेशी भाषा लिपि संस्कृतिको संरक्षण र सम्वर्द्धन सम्बन्धी कार्यक्रमो निमित्त आ.व.२०७७/७८ लागि विनियोजन भएको रु. २ लाख मध्येबाट फागु पर्वको लागि रु १ लाख, मातृभाषाको लागी रु.४० हजार, मार्च -८ को अवसरमा महिला सशक्तीकरणको लागि रु. ४० हजार खर्च गर्नेगरी कार्यक्रम गर्ने साथै यस कार्यक्रमो जिम्मेवारी मा. सदस्य श्री रेणु देवी साहज्यूलाई दिइने निर्णय गरियो ।साथै चित्रकला कार्य समेत गराउने निर्णय गरियो ।

२. गुनासो व्यवस्थापन तथा सार्वजनिक सुनुवाई २०७७ सालको चैत्र महिनाको अन्तिम सातामा बाँकेको नेपालगंजमा कार्यक्रम गर्ने कार्यको निमित्त मा. सदस्य श्री विजय कुमार गुप्ताज्यूलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

३. मधेश सम्बन्धी विभिन्न सूचना सहितको क्यालेन्डर चैत्र १५ गते भित्र तयार र छपाई गर्ने निर्णय गरियो ।

४. राष्ट्रिय योजना आयोगको प.सं. २०७७/७८ च.नं. MED/१०६ क मितिः२०७७/१०/२९ को पत्रसाथ प्राप्त भएको बजेट सीमा तथा मार्गदर्शन अनुसार आगामी आ.व. २०७८/७९ को बजेट सिलिङ्गरु. ३ करोड ४६ लाखको सीमा कायम गर्ने गरी आगामी आ.ब. बजेट तयार गर्ने निर्देशन भएको छ । सो न्यून बजेट रकमबाट यस आयोगको लक्ष्य तथा अपेक्षा पूर्ण नहुने हुँदा बजेट सिलिङ्ग १० करोड ७६ लाख २६ हजार कायम हुन सो सम्बन्धी आवश्यक पूष्टाई साथ संलग्न गरी सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सिलिङ्ग थप हुन पत्र पेश गरी अनुरोध गर्ने निर्णय गरियो । साथै यो भन्दा पूर्व पनि बजेट सिलिङ्ग थपको लागि राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयमा मिति २०७७/१०/२६ मा पत्राचार गरिएको ब्यहोराको जानकारी समेत गराउने निर्णय गरियो ।

२०७८ साल बैशाख १३

१. कोरोना महामारीको दोस्रो लहरले तराई तथा मधेशी समुदायको जनजीवनमा पारिरहेको असरलाई मध्यनजर गरी मधेशी आयोग ऐन,२०७४ को दफा ७ को (झ) र (ञ) लाई विशेष सम्बोधन गर्दै Covid बाट बच्न तथा सुरक्षा अपनाउन सुझावहरु पेश गर्ने निर्णय गरियो।

मिति २०७८/०३/२१

प्रस्ताव नं ६२.१ः मधेशी आयोग ऐन, २०७४ को दफा १५ बमोजिमको कार्य विभाजन सम्बन्धमा ।

निर्णय ६२.१ः

प्रस्ताव नं ६२.१ माथि छलफल हुँदा मधेशी आयोग ऐन, २०७४को दफा १५मा कार्य विभाजन सम्बन्धी भएको व्यवस्था अनुसार अध्यक्ष र सदस्यको कार्य विभाजन आयोगले तोके बमोजिम हुनेछ भन्ने रहेकोले यस व्यवस्थालाई देहाय अनुसार प्रदेशगत तथा विषयगत रुपमा अध्यक्ष तथा सदस्यहरुको कार्य विभाजन गरी कार्य जिम्मेवारी दिने निर्णय गरियो ।

कार्य जिम्मेवारी प्रदेशगत तथा विषयगत रुपमा देहाय बमोजिम गरिएको छः

क्र. स.	मा.अध्यक्ष तथा मा.सदस्य	कार्य जिम्मेवारी प्रदेशगतरुपमा	कार्य जिम्मेवारी विषयगत रुपमा	कैफियत
१	मा. अध्यक्ष डा. श्री विजयकुमार दत्त	नेपाल भर मधेशी आयोगको क्षेत्राधिकारका विषयमा माननीय सदस्यहरुबाट पेश भएका विषय	अध्ययन, अनुसन्धान अनुगमन, तालिमर प्रकाशन ।	
२	मा. सदस्य श्री जीवछ साह	प्रदेश २	कानून, उजुरी, छानविन अनुगमन ।	
३	मा. सदस्य श्री रेणु देवी साह	प्रदेश १, कर्णाली प्रदेश	मधेशी समुदायको सशक्तीकरण, संरक्षण र सम्बद्धन तथा सिफारिस कार्यान्वयनको अवस्था ।	
४	मा. सदस्य श्री विजय कुमार गुप्ता	लुम्बिनी प्रदेश	श्रम तथा रोजगार सम्बन्धी विषय र व्यापार।	
५	मा. सदस्य श्री आभा कुमारी	बागमती प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश	जनचेतना अभिवृद्धि, कुरीति, छुवाछुत, जातिय तथा लैङ्गिक।	

नोटः

१. सवै सदस्यहरुले आफुलाई तोकिएको भुगोलमा काम गर्दा सम्बन्धित विषय क्षेत्र तोकिएका सदस्यहरुसँग समेत समन्वय गरी सम्पादन गर्नु पर्नेछ ।

२. आफै सम्बोधन गर्दा थप विषय सम्बोधन गर्नुपर्ने देखिए माननीय अध्यक्ष समक्ष पेश गरी प्राप्त निर्देशानुसार सम्पादन गर्नु पर्ने छ ।

३. आवश्यकता अनुसार जिम्मेवारी परिवर्तन गर्न सकिने छ ।

प्रस्ताव नं ६२.२ः देहाय बमोजिमको अध्ययन प्रतिवेदन तथा डकुमेन्ट्रीलाई कार्यदिश बमोजिम अनुमोदन गरी भुक्तानी प्रकियालाई अगाडि बढाउने सम्बन्धमा ।

निर्णय ६२.२ (क)ः थर सूचीकरणको प्रतिवेदन ।

निर्णय ६२.२ (ख)ः मधेश पार्श्वचित्र (प्रोफाईल) प्रतिवेदन ।

निर्णय ६२.२ (ग)ः डकुमेन्ट्री उत्पादन र प्रशारण सम्बन्धी।

प्रस्ताव नं ६२.२ (क)ः माथि छलफल हुँदा मधेशी समुदायको पहिचानका सम्बन्धमा थर सूचीकरण कार्यको लागि विद्यमान द्वितीय तथ्यांकलाई आधारमानी विज्ञ श्री दिपक कुमार गुप्ताले तयार गरि ल्याउनु भएको थर सूचिकरण प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६२.२ (ख)ः माथि छलफल हुँदा मधेशको समग्र वस्तु स्थिति झल्कने गरी पार्श्वचित्र (प्रोफाईल) उत्पादन र प्रकाशन गर्न विद्यमान द्वितीय तथ्यांकलाई आधारमानी श्री ब्रोड भिजन रिसर्च सेन्टर एण्ड डाटा बैंक प्रा.लि.ले पेश गरेको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६२.२ (ग)ः माथि छलफल हुँदा यस आयोगको तयार भएको डकुमेन्ट्री थान २ को भुक्तानी गर्ने निर्णय गरियो ।

अनुसुची ६

आयोगको प्रेस विज्ञप्ति

२०७७ साल भाद्र ३१

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (Covid-१९) को कहरले विश्वलाई आक्रान्त पारिरहेको बेलामा नेपाल पनि दिन प्रति दिन झन प्रभावित हुँदै गएको यथार्थपरक अवस्था हाम्रो सामु रहेको छ । यस अवस्थामा सरकारले मुलुकको विभिन्न जिल्ला लगायत उपत्यका भित्र निषेधाज्ञा जारी गरिएतापनि संक्रमणको दरका साथै मृत्यु हुनेको सँख्या झन-झन बढ्दो अवस्थामा रहेको छ ।यस अवस्थालाई मध्यजनर गर्दै कोभिड-१९ को सम्बन्धमा र समाजमा शान्ति सुरक्षा लगायतका समसामयिक विषयमा छलफलको लागि माननीय अध्यक्षज्यूको अध्यक्षतामा सुरक्षा निकायका पदाधिकारीहरुसँग बैठक बसेको थियो । बैठकमा नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी बलका प्रहरी नायब महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक र आयोगका सचिव लगायतका कर्मचारीको उपस्थितिमा सबैबाट आ-आफ्ना विचारहरु प्रस्तुत गरिएको थियो । आजको बैठकबाट नेपाल सरकार लगायत सम्बन्धित सबैको लागि सुझाव स्वरुप निम्न बुदाँहरु प्राप्त भएको जानकारी गराईएको सम्बन्धमा ।

१. रौतहट जिल्लाको हिरासतमा रहेको व्यक्तिको मृत्यु तथा पूजारीको हत्याका साथै अन्य विषयमा सत्य तथ्य छानविन गरी दोषी उपर कडा कारवाही हुनुपर्ने साथै सप्तरी सहितका जिल्लामा भएका घटनाहरुलाई समयमै निरुपण गर्नुपर्ने ।

२. स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुको लागि PPE, जीबनविमा, जोखिम भत्ता तत्काल व्यवस्थापन गर्नुपर्ने ।

३. सामाजिक अपराधहरु तिव्र रुपमा बढ्दै गएकोले यसका रोकथामका उपायहरु अबलम्बन गरी समयमै सचेत तथा सुरक्षित रहनुपर्ने ।

४. तराईका विभिन्न जिल्लाका सीमामा सुरक्षा Post तथा थप जनशक्तिको व्यवस्था गर्नुपर्ने ।

५. निजी अस्पतालाई पनि कोरोना सम्बन्धी उपचारको लागि प्रभावकारी संलग्न गराउनुपर्ने ।

६. विभिन्न निकायहरुमा भएका काम काजको विषयमा सूचना पारदर्शी हुनुपर्ने ।

७. दिनप्रतिदिन कोरोना महामारी फैलिदै गएकोले अस्पतालहरुमा क्वारेन्टाईनको संख्या नपुग भएको हुँदाहोम क्वारेन्टाईनको मापदण्ड लागु गरी वैकल्पीक व्यवस्थामा परिणत गर्दै लैजानु उपयुक्त हुने ।

8. PCR Test गरेर मात्र शवको तत्कालै व्यवस्थापन गर्नुपर्ने ।

९. शिक्षा क्षेत्र संचालन हुन नसकेको कारण विद्यार्थी वर्गमा मानसिक तथा सामाजिक विचलन बढ्दै गएकोले वैकल्पिक शिक्षा प्रभावकारी एंव सवैको पहुँचमा ल्याउनुपर्ने ।

१०. गरिबी र बेरोजगारीको कारणले समाजमा हत्या, हिंसा, लुटपाट र डकैतीको अवस्था पुनः सृजना हुने डर समाजमा व्याप्त रहेकोले यसप्रति सजग र सतर्क हुनुपर्ने ।

११. लोकचेतनाका कार्यक्रमहरु प्रभावकारी बनाउनु पर्ने ।

१२. किसानलाई समयमै मल उपलब्ध गराउनु पर्ने ।

१३. कोरोनाको सन्त्रासलाई क्रमशः कम गर्दै लैजान रेडियो, टि.भि., एफ. एमका साथै विभिन्न संचारका माध्यमबाट कोरोना विरुद्धका सचेतना सन्देशहरु प्रवाह गर्दै लैजानु पर्दछ ।

१४. लामो लकडाउनको कारणले जनतामा परेको मनोवैज्ञानिक असरका कारण घरभित्रै रहनु पर्दा डिप्रेसनका कारणले त्यस्ता मानिसहरु आत्महत्या गर्न समेत पुगेका छन, यसलाई न्यूनिकरण गर्नका लागि सरकार, नागरिक समाज, खेलकुदका निकायहरु, योगा आदि संघ सस्थाहरु सक्रिय भई जनताको आत्मबल बढाउने कार्यमा अग्रसर हुनु पर्दछ ।

१५. उद्योगी, व्यापारीहरुको पिडालाई कम गर्न सरकारले उनीहरुको मागलाई सहानुभूतिपूर्वक हेरी सहजता ल्याउनु पर्दछ ।

१६. विकास निर्माणको काम प्राय ठप्प रहेको अवस्थाले एकातिर बेरोजगारीको अवस्था बढ्दो छ भने अर्कोतिर देश विकासको अवस्था खस्केको छ । यस अवस्थामा विकास निर्माणलाई प्राथमिकता दिई सरकारले अग्रगामी कदम चाल्नु पर्दछ ।

१७. सुरक्षाकर्मी, स्वास्थ्यकर्मी र संचारकर्मी जो प्रत्यक्ष संक्रमितको नजिक रहेर काम गर्नुपर्ने हुन्छ, उनीहरुको प्रोत्साहनको प्रत्याभूती दिने गरी सरकारका कार्यक्रम आउनु पर्दछ ।

१८. नोवेल कोरोना भाइरस (Covid-१९) को महामारीको कारणले सबैको ध्यान त्यता तर्फ जाँदा टि.वी, मलेरिया, डेगुं, क्यान्सर, मिर्गौला, पार्किन्सस् जस्ता सर्ने तथा नसर्ने धेरै किसिमका रोगहरु ओझेलमा परेका छन् जसले गर्दा ती रोगबाट मर्नेको संख्या बढ्दो छ। सरकारले त्यस तर्फ ध्यान दिन जरुरी छ ।

१९. एकातिर घरेलु हिंसा र बलत्कारका घटना बढेका छन भने अर्कोतिर सुत्केरी र गर्भवति महिलाले सहज स्वास्थ्य सेवा नपाउदा अकालमा ज्यान गुमाउनु परेके छ । यसैले यसलाई स्थानीय पालिका, स्थानीय प्रशासनलाई सजकता अपनाउन र स्वास्थ्य सेवाबाट प्रदान गरिने सेवा सुलभ गराउन निर्देशन दिनुपर्ने देखिन्छ ।

२०. पी.सी.आर. परिक्षणको दायरालाई पालिकास्तर सम्म पुर्‍याएर महामारी फैलनबाट जोगाउन संक्रमित व्यक्ती पहिचान बेलैमा हुनु जरुरी छ । अन्यथा संक्रमण फैलिई ब्यापक रुप लिन सक्ने देखिन्छ ।

२१. प्रहरीबाट हाल पुर्याएको सेवा सह्रानिय छ तथापी केही ठाँउमा बल प्रयोग भएको भन्ने गुनासालाई मध्यनजर राख्दा प्रहरीले जनताको जिउ, धनको सुरक्षा गर्दा मानवमैत्री भएर गर्नु पर्दछ । यसमा गृह मन्त्रालयको ध्यानाकर्षण गरिएको छ ।

२२. बालबालिका शिक्षाको उज्यालो घामबाट वञ्चित रहेको यो अवस्थालाई परिवर्तन गरी सुलभ शिक्षाका कार्यक्रम मार्फत शिक्षा प्रदान गरिनु पर्दछ, यथासक्य स्कुल, कलेज खोल्ने वातावरण ल्याउनु पर्दछ ।

२३. क्वारेन्टाइन लगायत कोरोना भाइरस (Covid-१९) को सहज र सुलभ उपचारका लागि निजी स्तरका स्वास्थ्य संस्थालाई संचालनमा ल्याउनु पर्दछ । त्यहाँ कार्यरत स्वास्थ्यकर्मी पनि सरकारी स्वास्थ्यकर्मी सरह परिचालन गर्नु पर्दछ ।

२४. कृषि मल, बिउ सहज रुपले किसानलाई उपलब्ध गराउनु पर्दछ, सबै जग्गाहरु खेती योग्य बनाउन सरकारले अनिवार्य कृषि कार्यक्रम ल्याउनु पर्दछ साथै कृषि बजारीकरणलाई प्राथमिकता दिनु पर्दछ ।

२५. कोरोना भाईरस (Covid-१९) को संक्रमणबाट मृत्यु भएका व्यक्तिहरुको सहज दाहसस्कारको व्यवस्था हुनुपर्दछ, शवलाई सम्मानित तरिकाले व्यावस्थापन गरिनु पर्दछ।

२६. नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी बलमा रहेका चिकित्सकहरुलाई यो महामारी न्यूनिकरणका लागि पूर्ण उपयोगमा एवं परिचालन गर्नुपर्दछ ।

२७. स्वास्थ्य सामाग्री लगायतका उपकरणहरु देशका सबै जिल्लामा तालिम प्राप्त स्वास्थ्यकर्मी सहित पठाउनु पर्दछ ।

२८. राहत वितरणको कार्यलाई लक्षित वर्गमा पुग्ने गरी वितरणका कार्यक्रम पारदर्शि तवरले ल्याइनु पर्दछ ।

२९. सीमा नाकामा नियमित एवं व्यवस्थित तवरले सुरक्षा निकायलाई प्रभावकारी तवरले परिचालन गर्नु पर्दछ । आवश्यक संरचना, जनशक्ति र साधन सम्पन्न गराइ खटाउनु पर्दछ ।

३०. संघीय, प्रादेशिक र स्थानीय पालिका बिचको समन्वय नहुँदा एउटै काममा दोहोरो परेको, रकमको सही सदुपयोग नभएको भन्ने हुँदा तिनै तहका सरकारको समन्वयबाट मात्र रोग नियन्त्रणमा खर्च हुदाँ प्रभावकारी हुने देखिन्छ । श्रोत र साधनको दुरुपयोग भएमा

तत्काल कारबाहीको दायरामा ल्याउनु पर्दछ ।

३१. विग्रदो सामाजिक परिवेशलाई तत्काल सम्बोधन गर्नुपर्ने हुदाँ यसका लागि जनतामा परेको असरलाई मध्यनजर राखेर विभिन्न रचनात्मक कार्यक्रम ल्याई सो अवस्थालाई न्यून पार्दै लैजानु पर्दछ ।

३२. सुरक्षा निकायहरुलाई विवादको घेराभन्दा बाहिरै रहने गरी उनीहरुलाई परिचालित गर्नु पर्दछ, प्रोत्साहन गरिनु पर्दछ । विकास, निर्माण र खरिदमा भन्दा सुरक्षामा खटिने गरि व्यवस्थापन गर्नुपर्दछ ।

३३. लकडाउनको बेला खेप्नु परेको विभिन्न कानुनी अड्चन र बाधाहरु हटाइ कानुनी प्रक्रिया सुचारु राख्ने गरी बिद्यमान कानुन संशोधन गर्नुपर्ने भए गर्नुपर्दछ ।

२०७७ साल असोज ०८

विगत केही दिनदेखि अविरल वर्षाका कारण बाढी पहिरोले मूलुकका विभिन्न भागमा व्यापक जन धनको क्षति भएको र अझै मौसमको अवस्था विग्रने भएको भनि पूर्वानुमान मौसम विज्ञान विभागले संम्प्रेषित गरेको हुनाले सजग र सतर्क हुन सबैमा आयोग हार्दिक अपिल गरेको सम्बन्धमा ।

२०७७ साल मंसिर २१

विगतका वर्षहरुमा तराई मधेशका विभिन्न क्षेत्रमा शितलहरतथा आगलागिको कारणले वर्षेणी ठुलो धनजन र चौपायाको क्षतिहुने गरेकोले विपद व्यवस्थापनका क्षेत्रमा अहोरात्र खटीरहनु भएका संघ संस्था तथा व्यक्तिहरु र नेपाल सरकारले यस तर्फ ध्यान दिई सम्भावित क्षतिलाई रोक्नु पर्ने आवश्यकता रहेको छ ।

तराई मधेशका जिल्लाहरुमा वर्षेणी हुने मेला महोत्वमा WHO र नेपाल सरकाले निर्देशित गरेको स्वास्थ्य मापदण्डका सुरक्षाव्यवस्था अपनाई जोखिम न्यूनीकरण गर्नका लागि आयोग सवै पक्षसँग हार्दिक अपिल गरेको सम्बन्धमा ।

२०७७ साल माघ १५

तराई मधेशका विभिन्न जिल्लाहरुमा केही दिनदेखी शीतलहर र चिसोको कारणले जनजीवन कष्टपुर्ण भई केही मानिसहरुको ज्यान समेत गएको छ । चिसो र हुस्सुले सर्वसाधारणको हिडडुलमा कमि र सवारी दुर्घटना बढदै गएको छ ।चोक चोकमा आगो बालेर ताप्ने क्रम पनि बढेको पाईन्छ । यस क्षेत्रमा अहोरात्र खटीइरहनु भएका संघ संस्था तथा व्यक्तिहरु र नेपाल सरकारले यस तर्फ ध्यान दिई सम्भावित क्षतिलाई रोक्नु पर्ने आवश्यकता रहेको छ

।यस सन्दर्भमा जोखिम न्यूनीकरण गर्नका लागि निम्न बमोजिमका सतर्कता अपनाउनुहुन आयोग हार्दिक अपिल गरेको सम्बन्धमा ।

१. विपन्न र अतिविपन्न आर्थिक अवस्था कमजोर भएका, न्यानो कपडा किनेर लगाउन नसक्ने, वासस्थानको उचित व्यवस्था नभएकालाई व्यवस्था हुनुपर्दछ ।

२. बालवालिका, वृद्ध वृद्धा, गर्भवती महिला तथा दीर्घरोगीलाई चिसोबाट बचाउनु पर्दछ ।

३. तातो तथा पोषिलो झोल पदार्थहरु पटक पटक प्रसस्त सेवन गर्नु पर्दछ ।

४. प्रशासन तथा सम्बन्धित सरोकारवाला निकायले चिसोबाट वच्न प्रभावितहरुलाई तत्कालै राहत वितरण तथा उचित व्यवस्थापन गर्नु पर्दछ ।

५. स्वास्थ्य सम्बन्धी कुनै समस्या परेमा तुरन्त नजिकको स्वास्थ्य संस्थामा गई उपचार गराउनु पर्दछ ।

२०७७ साल चैत्र ७

"मधेशी आयोग को २ वर्ष"

नेपाल को संविधानको धारा २६२ अनुसार गठित यो मधेशी आयोगले संवैधानिक आयोगको पहिचान प्राप्त गरेको छ | संविधान को प्रस्तावना अनुसार मुलुक भित्र रहेका विभिन्न समुदायहरुको उत्थानका लागि समानुपातिक समावेशीकरण को सिद्धान्तलाई अक्षरसः परिपालना गर्नको निमित्त बिभिन्न आयोगहरु गठन भएका छन् जस मध्ये मधेशी आयोग एक महत्वपूर्ण आयोगको रुपमा स्थापित भएको छ | यस आयोगले वर्ग पहिचानका साथै मधेशीको समस्या पहिचान गरी राज्यलाई विभिन्न प्रकारका सिफारिसहरु गर्दै आईरहेको छ | मधेशी समुदायमा अति विपन्न, विपन्न, सम्पन्न र सु-सम्पन्न वर्ग रहेका छन् भने चेतना को कमी, रुपान्तरणमा समस्या, सशक्तीकरण अप्रभावकारिता र राज्य संयन्त्रमा पहुँचको अभाव मधेशमा एउटा जटिल समस्याको रुपमा रहेको छ | यी चुनौतीहरुको सम्बोधन गरी त्यसलाई अवसरमा परिणत गर्ने गहन जिम्मेवारी मधेशी आयोगलाई प्राप्त भएको छ |

आज संवैधानिक निकायको रुपमा रहेको मधेशी आयोगको अध्यक्षको रुपमा पदबहाली गरेको २ वर्ष पुगेको छ | २०७५ साल चैत्र ७ गते सम्माननीय राष्ट्रपतिज्यू समक्ष सम्माननीय प्रधानन्यायाधीशज्यूबाट मधेशी आयोगको अध्यक्षको रुपमा सपथ लिई सोही दिन पदबहाली गरी कार्यप्रारम्भ गरी अविचलित, अविरामित, अविक्रमित रुपमा कार्य सुसम्पादन गर्दै आईरहेको छु । यो अवधिमा तराई-मधेश का विभिन्न जिल्लाको अनुगमन तथा निरिक्षण, नेपाल-भारत

सिमाका विभिन्न स्थानहरुको स्थलगत अवलोकन तथा अनुगमन, आयोगमा पुस्तकालयको स्थापना , आयोगलाई पूर्ण प्रविधिमैत्री बनाउने, टोल फ्री तथा हेल्पलाइन नम्बरको संचालन, अधिकृतस्तरको लोकसेवा तयारी कक्षा अभिमुखीकरण तथा संचालन, आयोगको लोगो निर्माण, ई-लाइब्रेरी स्थापना, विज्ञहरुको रोस्टर तयार, आयोगको चौमासिक बुलेटिन प्रकाशन, अन्धविश्वास, बालविवाह, दाइजोप्रथा, छुवाछुत जस्ता कुरीति विरुद्ध अभिमुखीकरण कार्यक्रम संचालन, प्रदेश-१ मा मधेशी समुदायको सशक्तीकरणका लागि लोकसेवा तयारी अभिमुखीकरण कक्षा, सर्लाही तथा सिरहा जिल्लामा मधेशी समुदायको हक हित को संरक्षण, सम्बर्धन तथा सशक्तीकरणको लागि अभिमुखीकरण कार्यक्रम, संघीय, प्रदेश तथा स्थानीय सरकार एवम् नागरिक समाज का अगुवाहरुसँग मधेशी समुदाय को हक हित को संरक्षण, सम्बर्द्धन तथा सशक्तीकरणका लागि नियमित छलफल, ऐतिहासिक ठोरीको धार्मिक एवं पुरातात्विक अध्ययन, एतिहासिक रुपमा महत्वपूर्ण रहेको बिराट राजाको दरवारको पुरातात्विक अध्ययन, लुम्बिनी र सुदुरपश्चिम प्रदेशका ऐतिहासिक तथा पुरातात्विक स्थलहरुको अनुगमन तथा सिफारिस, सर्लाहीको मधुवनगोटमा बि सं १९१४ देखि १९१६ मा नेपाल अंग्रेज युद्ध हुँदा मधेशीको बलिदानीपूर्ण सहभागिता लगायत तराई मधेशका ऐतिहासिक तथ्यको संरक्षणका लागि बाराको जीतपूरमा संग्रहालयको स्थापनामा समन्वय र सहकार्य, बारा र पर्सामा आएको भीषण चक्रवात् तथा आँधीबाट भएको जनधनको हानी नोक्सानीका सम्बन्धमा द्रुत प्रतिक्रिया जनाई आवश्यक सिफारिस, आयोगमा आउने उजुरीको यथाशिघ्र सिफारिस तथा व्यवस्थापन, सम्माननीय राष्ट्रपतिज्यू तथा बिभिन्न प्रदेशका मा.प्रदेश प्रमुखज्यूहरुलाई २ आर्थिक वर्षको वार्षिक प्रतिवेदन पेश गरिएको लगायतका महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् | यो २ वर्षमा कैयौं बाधा अडचनहरूलाई पार गर्दै मधेशी समुदायको हक हित लाई संरक्षण, सम्बर्द्धन तथा सशक्तीकरणको लागि म, मेरो निजी सचिवालय परिवार तथा आयोग परिवारबाट अहोरात्र जिम्मेवारीपूर्वक कार्यसम्पादन गरिएको र आगामी दिनमा थप प्रभावकारी जिम्मेवारीका साथ कार्यसम्पादन गरिने समेत सबैमा बिनम्र निवेदन गर्दछु | किसानहरुको समस्या समाधानको लागि पहल, मुसहर वस्तीको अनुगमन, एकल विद्यालय को अनुगमन तथा सहकार्य जस्ता कामहरु यो २ वर्षमा भएका छन् |

मधेशी समुदायको "थर सूचीकरण" जस्तो महत्वपूर्ण कार्यको समेत शुभारम्भ भएर अगाडी बढिसकेको समेत सबैमा जानकारी गराउदछु | पञ्चवर्षीय योजना निर्माण गरी नेपाल सरकारमा पेश गरिएको, उच्चस्तरीय अनुगमन समितिबाट Covid सहितका समस्याहरुका सम्बन्धमा तत्काल समाधान गर्नका लागि नेपाल सरकारमा सिफारिस गरिएको र सो कार्य फलीभूत समेत भएको, तराई-मधेश प्रोफाइल को निर्माण अन्तिम चरणमा रहेको, युवा तथा महिला सशक्तीकरण

को लागि बिभिन्न चेतनामूलक कार्यक्रमहरु अग्रसारित गरिएको, २०७८ सालमा सुरु हुने जनगणना त्रुटीरहित बनाउन सम्बन्धित निकायसँग सहकार्य भइरहेको, विभिन्न संवैधानिक आयोगहरु सँग कार्यगत एकता स्थापित भएको, नागरिक समाज, वुद्धिजीवी का साथ् सहकार्यमूलक कार्यक्रमहरु अगाडि सारिएको सहितका प्राप्त संवैधानिक दायित्व आयोगले अहोरात्र कार्यसम्पादन गर्दै आएको छ | न्यून बजेट, भौतिक पूर्वाधार तथा स्रोत साधन को अभाव, जनशक्तिको अभाव जस्ता चुनौतीहरुलाई सामना गर्दै २ वर्ष पूरा गरिएको छ | यस २ वर्षमा सहयोग गर्ने सम्पूर्ण सहयोगी हात हरुलाई हार्दिक धन्यवाद समेत ज्ञापन गर्दछु साथै आगामी दिनहरुमा अझ बढी सहयोगको अपेक्षा समेत गरेको सम्बन्धमा ।

डा. विजयकुमार दत्त
अध्यक्ष

अनुसूचि ७
आयोगको भौतिक सम्पत्ति
आ.व. २०७७/७८ मा खरिद गरिएको खर्च भएर नजाने जिन्सी सामानहरु विवरण

म.ले.प.फारम नं: ४११
साबिकको फारम नं: ४९

मधेशी आयोग
मधेशी आयोग
कार्यालय कोड नं:२३०००३४०१

जिन्सी निरीक्षण फाराम

आर्थिक बर्ष:-२०७७.७८

क्र.स.	जिन्सी सङ्केत नं.	खाता पाना नं.	विवरण	एकाइ	जिन्सी खाता बमोजिमको मौज्दात		स्पेसिफिकेसनअनुसार		भौतिक परीक्षण गर्दा			चालू हालतमा		सामानको अवस्था				कुल परिमाण	कैफियत
					परिमाण	मूल्य	भिडेको	नभिडेको	घट सङ्ख्या	बढ सङ्ख्या	घट । बढको मूल्य	रहेको	नरहेको	मर्मत गर्नु पर्ने	लिलाम / बिक्रि गर्नु पर्ने	मिन्हा गर्नु पर्ने	संरक्षण गर्नु पर्ने		
१	६११२१०९००१		मोटर साईकल	संख्या	११		११					११						११	
२	६११२१०९००२		स्कुटर	संख्या	४		४					४						४	
३	६११२११०००१		कार	संख्या	४		४					४						४	
४	६११२२१९००१		टेलिभिजन	संख्या	३		३					३						३	
५	६११२२११००३		ईन्टरकम टेलिफोन	संख्या	१		१					१						१	
६	६११२२११००४		डिजिटल क्यामेरा(Digital Camera)	संख्या	२		२					२						२	
७	६११२२११००९		सिसिटिभी क्यामरा	पिस	७		७					७						७	
८	६११२२२१००३		ह्वाइट बोर्ड	पिस	१		१					१						१	
९	६११२२२१००५		नेम प्लेट	पिस	४		४					४						४	
१०	६११२२२१०१३		हाजिर मेशिन	पिस	१		१					१						१	
११	६११२२२१०१५		पित्तलको गमला	पिस	९		९					९						९	
१२	६११२२२१०१८		उजुरी पेटिका	पिस	१		१					१						१	
१३	६११२२२१०५४		बोर्ड(कार्यालय,कार्यालय प्रमुख,अन्य)	संख्या	५		५					५						५	
१४	६११२२२१०५६		अन्य कार्यालय उपकरण	संख्या	८		८					६	२			२		८	कुटो र खुर्पा
१५	६११२२२२००१		डेस्कटप कम्युटर	पिस	२०		२०					२०						२०	

क्र.स.	जिन्सी सङ्केत नं.	खाता पाना नं.	बिवरण	एकाइ	जिन्सी खाता बमोजिमको मौज्दात		स्पेसिफिकेसन अनुसार		भौतिक परीक्षण गर्दा			चालू हालतमा		सामानको अवस्था				कुल परिमाण	कैफियत
					परिमाण	मूल्य	भिडेको		घटेको सङ्ख्या	बढ सङ्ख्या	घट । बढको मूल्य	रहेको	नरहेको	मर्मत गर्नु पर्ने	लिलाम / बिक्रि गर्नु पर्ने	मिन्हा गर्नु पर्ने	संरक्षण गर्नु पर्ने		
१६	६११२२२२००२		ल्यापटप	पिस	९		९					९						९	
१७	६११२२२००३		प्रिन्टर	पिस	१९		१९					१९						१९	
१८	६११२२२००४		फोटोकपी मेशिन	पिस	१		१					१						१	
१९	६११२२२००६		प्रोजक्टर	पिस	३		३					३						३	
२०	६११२२२०१०		आइ प्याड	पिस	१		१					१						१	
२१	६११२२२०३३		हाई स्पीड डिजिटल कलर प्रिन्टर मेशीन	संख्या	१		१					१						१	
२२	६११२२३००१		हिटर	पिस	१०		१०					१०						१०	
२३	६११२२३००३		टेबुल पंखा	पिस	१२		१२					१२						१२	
२४	६११२२३००५		एयर कन्डीसनर	पिस	१२		१२					१२						१२	
२५	६११२२३००८		भ्याकुम क्लिनर	पिस	२		२					२						२	
२६	६११२२३०१०		ब्याट्री(Battery BDC)	पिस	४		४					४						४	
२७	६११२२३०१९		पावर व्याकअप सिष्टम	पिस	१		१					१						१	
२८	६११२२३०३३		भेहीकल वासिङ मेशिन	संख्या	२		२					२						२	
२९	६११२२४००६		मोबाइल	पिस	३		३					३						३	
३०	६११२२४०१५		माइक	संख्या	१		१					१						१	
३१	६११२२६०५२		लाउड स्पीकर	संख्या	१		१					१						१	
३२	६११२२७००८		थर्मल गन	संख्या	२		२					२		२				२	
३३	६११२३०००२		पुस्तक	पिस	४५८		४५८					४५८						४५८	
३४	६११२३७००४		अन्य अग्नी रक्षक उपकरण	संख्या	५		५					५						५	
३५	६११२३११००१		टेवुल	पिस	१७		१७					१७						१७	
३६	६११२३११००५		कार्पेट	पिस	३		३					३						३	
३७	६११२३११००९		स्टिल दराज	पिस	१९		१९					१९						१९	
३८	६११२३११०१०		एजुकेटीभ टेवुल	पिस	६		६					६						६	
३९	६११२३११०१३		टि टेवल	संख्या	८		८					८						८	

क्र.स.	जिन्सी सङ्केत नं.	खाता पाना नं.	बिवरण	एकाइ	जिन्सी खाता बमोजिमको मौज्दात		स्पेसिफिकेसनअनुसार		भौतिक परीक्षण गर्दा			चालू हालतमा		सामानको अवस्था				कुल परिमाण	कैफियत
					परिमाण	मूल्य	भिडेको	नभिडेको	घट सङ्ख्या	बढ सङ्ख्या	घट । बढको मूल्य	रहेको	नरहेको	मर्मत गर्नु पर्ने	लिलाम / बिक्रि गर्नु पर्ने	मिन्हा गर्नु पर्ने	संरक्षण गर्नु पर्ने		
४०	६११२३११०१४		कम्पुटर टेबुल	संख्या	४		४					४						४	
४१	६११२३११०१८		खाट पलङ लोबेड	पिस	३		३					३						३	
४२	६११२३११०२२		स्टान्ड	संख्या	३		३					३						३	
४३	६११२३११०२६		काठको दराज	संख्या	५		५					५						५	
४४	६११२३११०३१		अन्य फर्निचर	संख्या	३		३					३						३	
४५	६११२३११०४२		मिटिङ टेवुल	संख्या	१०		१०					१०						१०	
४६	६११२३११०४४		लाईब्रेरी मेच	संख्या	२०		२०					२०						२०	
४७	६११२३११०५१		Notice Board(नोटिस/ सुचना बोर्ड)	पिस	१		१					१						१	
४८	६११२११०००२		जिप	संख्या	४		४					४						४	
४९	६११२२११०७२		टेलिफोन	संख्या	२		२					२						२	
५०	६११२२२१०४८		ग्यास सिलिण्डर	संख्या	३		३					३						३	
५१	६११२२२१०६२		स्टान्ड	संख्या	२		२					२						२	
५२	६११२२२१०७०		पित्तलको गाग्री	संख्या	२		२					२						२	
५३	६११२२२३००७		फ्रिज	पिस	१		१					१						१	
५४	६११२२२४००३		भ्यायइस रेकर्डर	पिस	१		१					१						१	
५५	६११२२२९००१		चित्र	पिस	१०		१०					१०						१०	
५६	६११२३११००२		कुर्चि	पिस	५		५					५						५	
५७	६११२३११००६		सोफासेट	पिस	१४		१४					१४						१४	
५८	६११२३११०११		रिभल्वभिङ चेयर	पिस	२६		२६					२३	३	३				२६	
५९	६११२३११०१६		कोट हेंगर	पिस	२		२					२						२	
६०	६११२३११०२०		बुक सेल्फ	पिस	२		२					२						२	

जिन्सी निरीक्षण समिति गठन मितिः २०८८-०४-१९
जिन्सी निरीक्षण प्रतिवेदन पेश मितिः २०८८-०४-३१
जिन्सी निरीक्षण समितिका पदाधिकारीको विवरणः

नामः	पद	हस्ताक्षर
सविता गौल	उ.ले.	सविता
बिन्दु देवी शर्मा	शा.अ.	

अनुसूची- ८:
आयोगको आर्थिक विवरण

मधेशी आयोग

कार्यालय कोड नं.: २३००१३४०१

शीर्षकगत बजेट र खर्चको वित्तिय विवरण

(असार महिनाको)

म. ले. प. फा. न. २१३

आर्थिक बर्ष:- २०७७/७८
वजेट उपशीर्षक : मधेशी आयोग[२३००००००१३]

खर्च/वित्तीय सङ्केत नं	खर्च/वित्तीय सङ्केतको नाम	स्रोत व्यहोर्ने संस्था	प्रकार (नगद / ऋण / अनुदान)	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की बाहेक खर्च रकम	बाँकी बजेट
२११११२	पारिश्रमिक पदाधिकारी	नेपाल सरकार	नगद	४,६००,०००.००	२,१४९,९५०.१९	१,५२६,७७८.९०	६२३,१७१.२९	२,१४९,९५०.१९	०.००	२,१४९,९५०.१९	२,४५०,०४९.८१
२११२१	पोशाक	नेपाल सरकार	नगद	१००,०००.००	४०,०००.००	४०,०००.००	०.००	४०,०००.००	०.००	४०,०००.००	६०,०००.००
२११३२	महंगी भत्ता	नेपाल सरकार	नगद	१००,०००.००	५७,३५२.८४	३९,९९८.००	१७,३५४.८४	५७,३५२.८४	०.००	५७,३५२.८४	४२,६४७.१६
२२१११	पानी तथा बिजुली	नेपाल सरकार	नगद	१००,०००.००	४७४.१९	०.००	४७४.१९	४७४.१९	०.००	४७४.१९	९९,५२५.८१
२२११२	संचार महसुल	नेपाल सरकार	नगद	१००,०००.००	२५,५९९.००	१८,९९९.००	६,६००.००	२५,५९९.००	०.००	२५,५९९.००	७४,४०१.००
२२२११	इन्धन (पदाधिकारी)	नेपाल सरकार	नगद	४००,०००.००	३९४,८६७.७४	२७३,९००.००	१२०,९६७.७४	३९४,८६७.७४	०.००	३९४,८६७.७४	५,१३२.२६
२८१४२	घर भाडा	नेपाल सरकार	नगद	१,१००,०००.००	४९८,१९३.५५	३४२,०००.००	१५६,१९३.५५	४९८,१९३.५५	०.००	४९८,१९३.५५	६०१,८०६.४५
	कुल जम्मा			६,५००,०००.००	३,१६६,४३७.५१	२,२४१,६७५.९०	९२४,७६१.६१	३,१६६,४३७.५१	०.००	३,१६६,४३७.५१	३,३३३,५६२.४९

अन्तिम बजेटको तुलना (%प्रतिशतमा)

तयार गर्ने :-

पेश गर्ने :-

स्वीकृत गर्ने :-

मधेशी आयोग

कार्यालय कोड नं.: २३००००३४०१

शीर्षकगत बजेट र खर्चको वित्तिय विवरण

असार महिनाको

म. ले. प. फा. न. २१३

आर्थिक बर्ष:- २०७७/७८
वजेट उपशीर्षक : मधेशी आयोग[२३००००११४]

खर्च/वित्तीय सङ्केत नं	खर्च/वित्तीय सङ्केतको नाम	स्रोत व्यहोर्ने संस्था	प्रकार (नगद / ऋण / अनुदान)	अन्तिम वजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की बाहेक खर्च रकम	बाँकी बजेट
३११२१	सवारी साधन	नेपाल सरकार	नगद	१४,९८९,४६१.००	१४,८८७,०००.००	०.००	१४,८८७,०००.००	१४,८८७,०००.००	०.००	१४,८८७,०००.००	१०२,४६१.००
३११२२	मेशिनरी तथा औजार	नेपाल सरकार-आन्तरिक ऋण	नगद	४००,०००.००	४००,०००.००	०.००	४००,०००.००	४००,०००.००	०.००	४००,०००.००	०.००
३११२२	मेशिनरी तथा औजार	नेपाल सरकार	नगद	८००,०००.००	८००,०००.००	७१८,५६७.००	८१,४३३.००	८००,०००.००	०.००	८००,०००.००	०.००
३११२३	फर्निचर तथा फिक्चर्स	नेपाल सरकार	नगद	९५०,०००.००	९४४,०४३.९५	७९१,६२१.००	१५२,४२२.९५	९४४,०४३.९५	०.००	९४४,०४३.९५	५,९५६.०५
३११२३	फर्निचर तथा फिक्चर्स	नेपाल सरकार-आन्तरिक ऋण	नगद	३००,०००.००	३००,०००.००	०.००	३००,०००.००	३००,०००.००	०.००	३००,०००.००	०.००
३११६१	निर्मित भवनको संरचनात्मक सुधार खर्च	नेपाल सरकार-आन्तरिक ऋण	नगद	३००,०००.००	३००,०००.००	०.००	३००,०००.००	३००,०००.००	०.००	३००,०००.००	०.००
३११६१	निर्मित भवनको संरचनात्मक सुधार खर्च	नेपाल सरकार	नगद	४००,०००.००	१००,०००.००	३८८,१४२.००	-२८८,१४२.००	१००,०००.००	०.००	१००,०००.००	३००,०००.००
	कुल जम्मा			१८,१३९,४६१.००	१७,७३१,०४३.९५	१,८९८,३३०.००	१५,८३२,७१३.९५	१७,७३१,०४३.९५	०.००	१७,७३१,०४३.९५	४०८,४१७.०५
	अन्तिम बजेटको तुलना (%प्रतिशतमा)										

तयार गर्ने :-

पेश गर्ने :-

स्वीकृत गर्ने :-

मधेशी आयोग
कार्यालय कोड नं.: २३०००३४०१

मधेशी आयोग
ज्वागल, ललितपुर

शीर्षकगत बजेट र खर्चको वित्तिय विवरण

असार महिनाको

म. ले. प. फा. न. २९३

आर्थिक वर्ष:- २०७७/७८
बजेट उपशीर्षक : मधेशी आयोग[२३००००११३]

खर्च/वित्तीय सङ्केत नं	खर्च/वित्तीय सङ्केतको नाम	स्रोत व्यहोर्ने संस्था	प्रकार (नगद / ऋण / अनुदान)	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की बाहेक खर्च रकम	बाँकी बजेट
२११११	पारिश्रमिक कर्मचारी	नेपाल सरकार	नगद	७,५००,०००.००	६,१२४,८३९.७०	५,३०५,८२३.७०	८१९,०१६.००	६,१२४,८३९.७०	०.००	६,१२४,८३९.७०	१,३७५,१६०.३०
२१११२	पारिश्रमिक पदाधिकारी	नेपाल सरकार	नगद		०.००	०.००	०.००	०.००	०.००	०.००	
२११२१	पोशाक	नेपाल सरकार	नगद	१००,०००.००	१००,०००.००	१००,०००.००	०.००	१००,०००.००	०.००	१००,०००.००	०.००
२११३२	महंगी भत्ता	नेपाल सरकार	नगद	३००,०००.००	२६२,४५१.००	२२६,४५१.००	३६,०००.००	२६२,४५१.००	०.००	२६२,४५१.००	३७,५४९.००
२११३९	अन्य भत्ता	नेपाल सरकार	नगद	१००,०००.००	७०,४००.००	७०,४००.००	०.००	७०,४००.००	०.००	७०,४००.००	२९,६००.००
२११४१	पदाधिकारी बैठक भत्ता	नेपाल सरकार	नगद	१००,०००.००	१००,०००.००	१००,०००.००	०.००	१००,०००.००	०.००	१००,०००.००	०.००
२१२१२	योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च	नेपाल सरकार	नगद	१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
२१२१३	योगदानमा आधारित बीमा कोष खर्च	नेपाल सरकार	नगद	१००,०००.००	५२,८००.००	४५,६००.००	७,२००.००	५२,८००.००	०.००	५२,८००.००	४७,२००.००
२२१११	पानी तथा बिजुली	नेपाल सरकार	नगद	३००,०००.००	१९८,३८५.००	९४,३८५.००	१०४,०००.००	१९८,३८५.००	०.००	१९८,३८५.००	१०१,६१५.००
२२११२	संचार महसुल	नेपाल सरकार	नगद	४००,०००.००	३४१,२४९.७०	२९७,११२.००	४४,१३७.७०	३४१,२४९.७०	०.००	३४१,२४९.७०	५८,७५०.३०
२२२१२	इन्धन (कार्यालय प्रयोजन)	नेपाल सरकार	नगद	७००,०००.००	७००,०००.००	५४०,८३६.००	१५९,१६४.००	७००,०००.००	२९,८९६.००	६७०,१०४.००	०.००
२२२१३	सवारी साधन मर्मत खर्च	नेपाल सरकार	नगद	६००,०००.००	३९८,६६६.००	२६२,२३४.००	१३६,४३२.००	३९८,६६६.००	०.००	३९८,६६६.००	२०१,३३४.००
२२२१४	बिमा तथा नवीकरण खर्च	नेपाल सरकार	नगद	४००,०००.००	२९९,६१९.६८	७२,६८१.००	२२६,९३८.६८	२९९,६१९.६८	०.००	२९९,६१९.६८	१००,३८०.३२
२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	नेपाल सरकार	नगद	१००,०००.००	९३,०९२.२०	३३,१०५.००	५९,९८७.२०	९३,०९२.२०	०.००	९३,०९२.२०	६,९०७.८०
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	नेपाल सरकार	नगद	१,१००,०००.००	१,१००,०००.००	६९४,४८६.००	४०५,५१४.००	१,१००,०००.००	०.००	१,१००,०००.००	०.००
२२३१४	इन्धन - अन्य प्रयोजन	नेपाल सरकार	नगद	१००,०००.००	३४,८००.००	२२,२००.००	१२,६००.००	३४,८००.००	०.००	३४,८००.००	६५,२००.००
२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	नेपाल सरकार	नगद	४००,०००.००	४००,०००.००	२४९,४४०.००	१५०,५६०.००	४००,०००.००	०.००	४००,०००.००	०.००
२२४११	सेवा र परामर्श खर्च	नेपाल सरकार	नगद	१००,०००.००	५९,७२०.००	४९,७२०.००	१०,०००.००	५९,७२०.००	०.००	५९,७२०.००	४०,२८०.००
२२४१३	करार सेवा शुल्क	नेपाल सरकार	नगद	४,५००,०००.००	३,८१२,४२८.५२	२,९७७,८०४.००	८३४,६२४.५२	३,८१२,४२८.५२	०.००	३,८१२,४२८.५२	६८७,५७१.४८
२२५११	कर्मचारी तालिम खर्च	नेपाल सरकार	नगद		०.००	०.००	०.००	०.००	०.००	०.००	
२२५१२	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	नेपाल सरकार	नगद	८००,०००.००	७१५,५५१.००	१५२,४७५.००	५६३,०७६.००	७१५,५५१.००	०.००	७१५,५५१.००	८४,४४९.००
२२५२२	कार्यक्रम खर्च	नेपाल सरकार	नगद	४,५००,०००.००	३,६३१,१३९.७५	१,५०३,२३८.००	२,१२७,९०१.७५	३,६३१,१३९.७५	०.००	३,६३१,१३९.७५	८६८,८६०.२५
२२६११	अनुगमन, मूल्यांकन खर्च	नेपाल सरकार	नगद	१,२००,०००.००	१,०६९,२८५.००	७५६,९२८.००	३१२,३५७.००	१,०६९,२८५.००	०.००	१,०६९,२८५.००	१३०,७१५.००
२२६१२	भ्रमण खर्च	नेपाल सरकार	नगद	२००,०००.००	४३,९४५.००	२२,६००.००	२१,३४५.००	४३,९४५.००	०.००	४३,९४५.००	१५६,०५५.००
२२७११	विविध खर्च	नेपाल सरकार	नगद	७००,०००.००	६९३,६२९.००	५०३,९०३.००	१८९,७२६.००	६९३,६२९.००	०.००	६९३,६२९.००	६,३७१.००
२८१४२	घर भाडा	नेपाल सरकार	नगद	२,८००,०००.००	२,०७९,०००.००	२,०४६,८००.००	३२,२००.००	२,०७९,०००.००	०.००	२,०७९,०००.००	७२१,०००.००
	कुल जम्मा			२७,२००,०००.००	२२,३८१,००१.५५	१६,१२८,२२१.७०	६,२५२,७७९.८५	२२,३८१,००१.५५	२९,८९६.००	२२,३५१,१०५.५५	४,८१८,९९८.४५

अन्तिम बजेटको तुलना (%प्रतिशतमा)

तयार गर्ने :-

पेश गर्ने :-

स्वीकृत गर्ने :-

अनसुची ९:
विविध क्रियाकलापहरुको फोटो ग्यालरी

माननीय सदस्य जीवछ साह, माननीय सदस्य विजय कुमार गुप्ताले राष्ट्रपति कार्यालयमा सपथ ग्रहण लिनुहुदै

माननीय सदस्य रेणु देवी साहको सपथ ग्रहण

माननीय सदस्यहरु सपथ ग्रहण पश्चात मधेशी आयोगमा

माननीय सदस्य विजय कुमार गुप्ता पदबहाली पश्चात आफ्नो कार्यकक्षमा

माननीय सदस्य आभा कुमारी सिंहको सपथ ग्रहण कार्यक्रम

माननीय सदस्य आभा कुमारी सिंहको सपथ ग्रहण कार्यक्रम

सम्मानीय उपराष्ट्रपतिज्यू समक्ष मधेशी आयोगको दोस्रो वार्षिक प्रतिवेदन पेश

बागमती प्रदेशका प्रदेश प्रमुख विष्णु प्रसाद प्रसाईं समक्ष मधेशी आयोगको वार्षिक प्रतिवेदन पेश

प्रदेश २ का प्रदेश प्रमुख समक्ष मधेशी आयोगको दोस्रो वार्षिक प्रतिवेदन पेश

मधेशी आयोगद्वारा गाउपालिका स्तरीय १ दिने अन्तरक्रिया कार्यक्रम

प्रदेश १ को विराटनगरमा भएको लोकसेवा सम्बन्धी अभिमूखीकरण कार्यक्रम

सिराहाको मिर्चैयामा भएको लोकसेवा तयारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम

सप्तरीको कन्चनपुरमा भएको लोकसेवा सम्बन्धी अभिमुखीकरण कार्यक्रम

लुम्बिनी प्रदेशको लुम्बिनी साँस्कृतिक नगरपालिकामा भएको लोकसेवा सम्बन्धी अभिमुखीकरण कार्यक्रम

गुनासो व्यवस्थापन तथा सार्वजनिक सुनुवाई कार्यक्रम, नेपालगंज, लुम्बिनी प्रदेश

प्रदेश २ को राजिवराजमा भएको लोकसेवा तयारी सम्बन्धी अभिमूखीकरण कार्यक्रम

अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा मधेशी आयोगको सभाहलमा सम्पन्न कार्यक्रम

होलीको अवसरमा मधेशी आयोगको सभाहलमा सम्पन्न कार्यक्रम

आयोगका पदाधिकारीहरु

आयोगको सभाहलमा भएको कार्यक्रम

कार्यक्रमका झलकहरु

आयोगका माननीय अध्यक्ष डा. विजय कुमार दत्तबाट गरिएका अनुगमनहरु

माननीय सदस्य जीवछ साहबाट गरिएका कार्यक्रमका झलकहरु

माननीय सदस्य रेणु देवी साहबाट गरिएका कार्यक्रमका झलकहरु

माननीय सदस्य आभा कुमारी सिंहबाट गरिएका कार्यक्रमका झलकहरु